वर्ष २० | अंक १२८ | काठमाडौं | बिहीवार, २४ माघ २०८१ | Thursday, 6 February 2025 | पृष्ठ ८ | मूल्य रू. १०

ISSN No. 2822-1702

@abhiyannationaldaily
@aarthik_abhiyan

ग्राहक प्रति

# आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक

www.abhiyandaily.com

'बेलायती अधिराजकुमारको नेपाल भ्रमण साझा इतिहास र बेलायत–नेपाल सम्बन्धको निरन्तरता' २

औद्योगिक विकासमा स्थानीय सरकारसँग सहकार्य ४

काठमाडौं–वाराणसी सेक्टरमा बुद्ध एयरको तीन उडान ५

'एनएमबि हाईब्रिड फण्ड एल–२ मा कम जोखिम, स्थिर प्रतिफल' ८



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो भएमा कल गर्नु पर्दैन,
९८४७३४५६६०
९८५१०१९०३८
९८४१९५९२९८
भाइबरमा SMS मात्र गर्नुहोस्
हामी यताबाट कल गर्छौं ।

# कोशी प्रदेशमा पाँचओटा पाँचतारे होटेल थपिँदै

## जम्मा लगानी ११ अर्ब पुग्ने, पूर्वको होटेल व्यवसायमा ६० अर्ब रूपैयाँ लगानी

**वेदराज पौडेल**

विराटनगर



- पाँच वर्षअघिसम्म कोशीमा पाँचतारे होटेल नै थिएनन्
- हाल सञ्चालनमा रहेका पाँचतारे होटेलको संख्या तीन
- इलामको कन्याममा मात्रै ४ हजार पर्यटकलाई वास बस्न पुग्ने बेड उपलब्ध

कोशी प्रदेशमा यो वर्ष ११ अर्ब रुपैयाँ लगानीमा पाँचओटा पाँचतारे होटेल थपिने भएका छन् । हाल कोशीमा पाँचतारे स्तरका होटेल मेची क्राउन, किङ्सबेरी र सोल्टी वेस्टर्न सञ्चालनमा छन् । मेची क्राउन र किङ्सबेरी झापामा र सोल्टी वेस्टर्न इटहरीमा छ ।

यी होटेलमा ५ अर्ब २५ करोड रुपैयाँ लगानी भएको छ । कोशी प्रदेशका १४ जिल्लाका सबै खाले होटेलमा गरी करीब ६० अर्ब रुपैयाँभन्दा बढी लगानी भएको व्यवसायीले बताएका छन् । खुल्ने तयारीमा रहेका पाँचतारे होटेलमा झापामा इस्टर्न ग्रान्ड, इटहरीमा अजित बस्नेतको रमादा, विराटनगरमा विकास चौधरी समूहको लेमन ट्री, मोति दुगडको सेन्चुरी र दुर्गा प्रसाईको होटेल छन् ।

होटेल व्यवसायी संघ कोशीका वरिष्ठ उपाध्यक्ष तथा कोशी पर्यटन वर्ष २०८२ का सहसंयोजक भवीश श्रेष्ठले पछिल्लो समय कोशी प्रदेशमा होटेल व्यवसायमा लगानी थपिइरहेको बताए । सरकारले राम्रो नीति ल्याए मुलुकको अर्थतन्त्रमा पर्यटन क्षेत्रले नै सबैभन्दा बढी योगदान गर्ने उनी बताउँछन् । उनले कोरोनापछि पर्यटन क्षेत्र पुनः चलायमान हुन थाल्दा लगानी बढिरहेको बताए । उनले कोशी प्रदेशमा तीनओटा पाँचतारे होटेल सञ्चालनमा रहेको र पाँचओटा खुल्ने क्रममा रहेको जानकारी दिए ।

पाँच वर्षअघिसम्म पाँचतारे होटेल नै नभएको पूर्वमा यस्ता होटेलको संख्या आठ पुग्दा अर्थतन्त्र र पर्यटन व्यवसायमा टेवा पुग्ने होटेल संघ कोशीका अध्यक्ष राजन श्रेष्ठले बताए । होटेल व्यवसायलाई राज्यले छूट दिनुपर्ने र भारतीय पर्यटकलाई एकपटकमा १ दिनको मात्र सवारी अनुमति दिइरहेकोमा त्यसलाई बढाएर ५ दिन पुऱ्याउनुपर्ने श्रेष्ठले बताए । भारतीय पर्यटकले १०० भारतीय रुपैयाँभन्दा माथिको नोट ल्याएमा नचल्ने भएकाले पनि समस्या उत्पन्न भएको उनको भनाइ छ । पर्यटकले भारतीय रुपैयाँ सहज रूपमा साटिनुपर्ने र उनीहरूले डिजिटल वालेटमार्फत भुक्तानी गर्न चाहेमा त्यो पनि सहज हुनुपर्ने श्रेष्ठले बताए । नेपाल र भारतबीच दुवै देशमा डिजिटल वालेटमार्फत भुक्तानी गर्न सम्झौता भए पनि तल्लो तहमा कार्यान्वयन नभएकाले भुक्तानीमा समस्या उत्पन्न भएको उनले बताए ।

होटेल व्यवसायी संघ कोशी प्रदेशका सचिव पुण्य भट्टराईले सञ्चालनमा रहेका तीनओटा पाँचतारे होटेलको शुरुआती लगानी ५ अर्ब रुपैयाँभन्दा बढी रहेको बताए । नयाँ थपिने होटेलमा ११ अर्ब लगानी हुनेछ । एउटा पाँचतारे होटेल खोल्न १ अर्ब ५० करोडदेखि २ अर्ब रुपैयाँसम्म लाग्ने भएकाले त्यसैका आधारमा नयाँ होटलमा ११ करोड रुपैयाँ लगानी हुने अनुमान गरिएको हो ।

पछिल्लो समय इलामको कन्याममा ४ हजार पर्यटकलाई वास बस्न पुग्ने बेड उपलब्ध छन् । कन्याममा तीनतारेसम्मका छन् । इलाममा झन्डै ५०० होटेल सञ्चालनमा छन् । प्रदेशको राजधानी विराटनगरमा अहिलेसम्म पाँचतारे होटेल छैन । यहाँ अहिले रत्ना, बिग, स्वागतम, एशियाटिक, इस्टर्न स्टार, ह्यारिसन, नेपालीरिक सहित झन्डै दुई दर्जन चारतारे र तीनतारे स्तरका होटेल सञ्चालनमा छन् । विराटनगरको पुरानो तीनतारे होटेल जेनियल भने बन्द छ ।

सरकारी झमेला र राजस्वको लफडाका कारण विराटनगरका होटेलले तारा लिएका छैनन् । विराटचोकको नेपालीरिकाले पाँचतारेको स्वीकृति लिन पहल शुरू गरेको छ । होटेलको सेल्स म्यानेजर विनोद विमलीका अनुसार झन्डै अढाइ अर्ब रुपैयाँ लगानी रहेको यो होटेल चाँडै पाँचतारेमा परिणत हुँदै छ ।

कोशीमा अहिले डेढ अर्बदेखि अढाइ अर्ब रुपैयाँसम्म लगानीका होटेल १० ओटा छन् । तीमध्ये तीनओटाले मात्र तारेको स्वीकृति लिएका छन् । श्रेष्ठका अनुसार बाँकीले सरकारी झमेला र राजस्वको लफडाका कारण स्वीकृति लिएका छैनन् । मोरङको जोगवनी, सुनसरीको भीमनगर, झापाको काँकडभिट्टा र इलामको पशुपतिनगर नाकाबाट पूर्वी नेपालमा भारतीय पर्यटक भित्रिन्छन् । ती नाकाबाट सवारीसाधन प्रयोग गरेर दैनिक सरदर ५०० भारतीय पर्यटक भित्रिन्छन् । खुलासीमाबाट दैनिक सरदर ५०० भारतीय नागरिक आउने गरेको अनुमान छ । होटेल तथा पर्यटन व्यवसायी समेत रहेका श्रेष्ठका अनुसार त्यसबाहेक छिटपुट आन्तरिक पर्यटक यस क्षेत्रका होटेलका मुख्य ग्राहक हुन् ।

**निर्माणाधीन पाँचतारे**

- इस्टर्न ग्रान्ड
- रमादा
- लेमन ट्री
- सेन्चुरी
- दुर्गा प्रसाईको होटेल

**सञ्चालनमा रहेका पाँचतारे**

- मेची क्राउन
- किङ्सबेरी
- सोल्टी वेस्टर्न

**कोशीमा होटेल तथा रेस्टुराँको स्थिति (२०८०)**

| होटलको प्रकार | संख्या |
|---|---|
| तारे होटेल | ७ |
| गैरतारे होटल/रिसोर्ट | २,३२८ |
| रिसोर्ट | ९ |
| होमस्टे | २४६ |
| होस्टेल | ५३ |
| रेस्टुराँ | २३,११० |
| पार्टी प्यालेस | १३५ |
| जम्मा | २५,८८८ |

*स्रोत : राष्ट्रिय होटल तथा रेस्टुराँ सर्वे २०८०, राष्ट्रिय तथ्यांक कार्यालय*

# मुगु कर्णाली र किमाथांका अरूणको आशयपत्र आह्वान किन रद्द ?

## कानूनी प्रक्रिया नमिलेको भन्दै प्रवर्द्धकहरूले जनाएका थिए गम्भीर आपत्ति

**प्रशान्त खड्का**

काठमाडौं

- १ हजार ९०२ मेगावाटको मुगु कर्णालीमा सिजी इनर्गो प्रालिको मात्रै र ४५४ मेगावाटको किमाथांका अरूणमा पाँच कम्पनीको प्रस्ताव
- प्रधिस्पर्धाको बाटो साँघुरो बनाइएको विद्युत् उत्पादक कम्पनी लिमिटेडका प्रवर्द्धक कम्पनीहरूको तर्क
- मिलेमतोमा प्रक्रिया अघि बढाइएको भन्दै सबै तिरबाट विरोध आएपछि त्यसलाई रद्द गर्न प्रधानमन्त्रीबाटै निर्देशन

मुगु कर्णाली र किमाथांका अरूण जलविद्युत् आयोजनाको वित्तीय साझेदारका लागि अघि बढाइएको प्रक्रिया रद्द भएको करीब ३ साता भएको छ । वित्तीय लगानी आह्वान गर्दा कानूनी प्रक्रिया नमिलाएको भन्दै प्रवर्द्धक कम्पनीहरूले विद्युत् उत्पादन कम्पनी लिमिटेडसमक्ष गम्भीर आपत्ति जनाएपछि प्रक्रिया रद्द गर्नुपरेको कम्पनीको उच्च स्रोतले आर्थिक अभियानलाई बताएको छ ।

प्रक्रिया रद्द हुनुमा अन्य धेरै कारणमध्ये यो पनि एउटा प्रमुख कारण भएको कम्पनीको भनाइ छ । कम्पनीले गत मङ्सिर २३ मा सार्वजनिक सूचना जारी गर्दै १५ दिनको म्याद दिएर मुगु कर्णाली र किमाथांका अरूणका लागि प्रस्ताव आह्वान गरेको थियो । पुस ६ गते अर्को सूचना जारी गरी १५ दिनको म्याद थप गरिएको थियो ।

१ हजार ९०२ मेगावाटको मुगु कर्णालीमा चौधरी समूहअन्तर्गतको सिजी इनर्गो प्रालिको मात्रै आवेदन परेको थियो । त्यसैगरी ४५४ मेगावाटको किमाथांका अरूणका लागि नोबेल ग्रूप अफ हाइड्रो इनर्जीका साथै बेला नेपाल इन्डस्ट्रिज, भिजन इनर्जी एन्ड पावर, एनजे हाइड्रो इनर्जी र अनक हाइड्रोपावर गरी पाँच कम्पनीको प्रस्ताव परेको थियो । सीमित व्यक्ति वा कम्पनीको हातमा आयोजना सुम्पिने गरी प्रतिस्पर्धा साँघुरो बनाएको भन्दै विद्युत् उत्पादक कम्पनी लिमिटेडका प्रवर्द्धक कम्पनीहरूले आपत्ति जनाएकाले वित्तीय लगानीको प्रक्रिया रद्द गर्नुपरेको स्रोतले बताएको हो । कम्पनीले यही माघ ४ मा सार्वजनिक सूचना निकाल्दै प्रक्रिया रद्द गरेको थियो । 'पर्याप्त प्रतिस्पर्धा नभएको भन्दै प्रवर्द्धकहरूले आपत्ति व्यक्त गरेका थिए । जनरल अभ्यासमा प्रवर्द्धकहरूसँग छलफल गर्नु पर्दैन थियो । तर, उनीहरूले चिन्ता व्यक्त गरिसकेपछि छलफल गर्दा राम्रो भन्ने निष्कर्षमा पुग्यौं,' स्रोतले भन्यो, 'अझ बढी प्रतिस्पर्धा गरौं न के फरक पर्छ र, आएका सल्लाह सुझावहरूलाई पनि सुनौं । प्रवर्द्धकहरूले व्यक्त गरेको चिन्ता पनि महत्त्वपूर्ण हो भन्ने लागेर उहाँहरूसँग पनि छलफल गरौं न भन्ने भएको हो । हामी सबैले मिलेर लगानी जुटाउने नै हो । अब सञ्चालक समितिको बैठक बस्छ र उक्त बैठकले गरेको निर्णयअनुसार प्रक्रिया अघि बढ्छ ।'

२० अर्ब रुपैयाँको पूँजी संरचना भएको विद्युत् उत्पादन कम्पनीमा ऊर्जा मन्त्रालय, अर्थ मन्त्रालय, नेपाल विद्युत् प्राधिकरण, नागरिक लगानी कोष, बीमा संस्थान, हाइड्रो इलेक्ट्रिसिटी एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेड (एचआईडीसीएल) लगायतको शेयर छ । कम्पनीमा १० प्रतिशत शेयर भएको नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले पनि किमाथांका र मुगु कर्णालीमा वित्तीय साझेदारका लागि अघि बढाइएको प्रक्रिया रद्द गर्नुपर्ने अन्य धेरै कारण भए पनि यो एउटा मुख्य कारण भएको स्वीकार गरेका छन् ।

'मिलेमतोमा प्रक्रिया अघि बढाइएको आरोप लागेपछि सबैतिरबाट आलोचना भयो । त्यसपछि प्रक्रिया रद्द गर्न प्रधानमन्त्रीबाटै निर्देशन गएको भन्ने पनि छ । साथै विद्युत् उत्पादन कम्पनीले शेयर सदस्य कम्पनीहरूको पनि राय सुझाव लिनुपर्नेमा लिएन । त्यसकारण उक्त प्रक्रियाको कानूनी आधार मिलेको थिएन । फलस्वरूप अन्तिममा प्रक्रिया रद्द गर्नुपरेको हो,' घिसिङले भने । विद्युत् उत्पादन कम्पनीमा ४ प्रतिशत शेयर भएको एचआईडीसीएलका एक उच्च स्रोतले पनि प्रतिस्पर्धाको बाटो नै साँघुरो बनाएर सीमित कम्पनीलाई दिने नियत भएकाले सबै प्रवर्द्धक कम्पनीहरूले त्यसमा विरोध जनाएको बताए । उनका अनुसार लगानीका लागि साझेदार खोज्दा पर्याप्त प्रतिस्पर्धा हुने आशय देखिएन । त्यसैले शंका उपशंकाहरू पनि उत्पन्न भएर रद्द गर्नुपरेको उनको भनाइ छ ।

यी दुवै परियोजनाको लागत ५ खर्ब रुपैयाँभन्दा बढी छ । त्यसमध्ये अर्धजलाशय प्रकृतिको किमाथांका अरूण परियोजना निर्माणका लागि ९३ अर्ब ८० करोड रुपैयाँ लाग्ने अनुमान छ । त्यसैगरी सम्भाव्यता अध्ययनको काम भइरहेको मुगु कर्णालीमा ४ खर्ब ६० अर्ब रुपैयाँ लाग्ने अनुमान गरिएको छ । किमाथांका आयोजना संखुवासभाको भोट खोला गाउँपालिका-२ मा निर्माण हुनेछ । यो आयोजनाको परामर्शदाता नेपाल विद्युत् प्राधिकरणको एनईए इन्जिनीयरिङ कम्पनी लिमिटेड हो । यसको विस्तृत अध्ययन पूरा भइसकेको छ । प्रतिवेदनअनुसार यो जलविद्युत् आयोजनाको इन्टरनल रेट अफ रिटर्न १३ दशमलव ५८ प्रतिशत छ । रिटर्न अन इक्विटी (आरओई) १६ दशमलव ८२ प्रतिशत छ । प्रतिकिलोवाट लागत २ लाख ६ हजार ६०८ रुपैयाँ रहेको छ । त्यसैगरी मुगु कर्णाली आयोजनाले ५८ हजार ८८३ दशमलव १ गिगावाट आवर विद्युत् उत्पादन गर्न सक्छ । कर्णाली नदीमा पहिचान भएको यो जलविद्युत् आयोजना सबैभन्दा माथिल्लो बेल्टमा निर्माण हुनेछ । यो आयोजनाको बाँध करीब २५० मीटर उचाइको हुने अनुमान छ । आयोजना कर्णालीका कालीकोट, मुगु, हुम्ला र जुम्ला गरी ४ जिल्लामा निर्माण हुनेछ ।

# ६ वर्षदेखि स्थगित मर्चेन्ट बैंकरको लाइसेन्स पुनः शुरू

## १ अर्ब चुक्तापूँजी पुगेकाले आईपीओ जारी गर्न सक्ने

**प्रजिता बुढाथोकी**

काठमाडौं

नेपाल धितोपत्र बोर्ड (सेबोन)ले मर्चेन्ट बैंकरको लाइसेन्स पुनः बाँड्न थालेको छ । बोर्डले ६ वर्षदेखि रोकिएको मर्चेन्ट बैंकरको लाइसेन्स पुनः सुचारु गर्ने निर्णय गरेको जानकारी दिएको हो ।

बोर्डका सहायक प्रवक्ता तोलाकान्त न्यौपानेले २०७५ साउन ८ गतेदेखि स्थगित मर्चेन्ट बैंकरको लाइसेन्स पुनः सुचारु भएको जानकारी दिए । उनका अनुसार धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४ बमोजिम मर्चेन्ट बैंकिङ व्यवसायअन्तर्गतको निष्कासन तथा विक्री प्रबन्धक र शेयर रजिस्ट्रेशन सेवा सञ्चालन गर्न मर्चेन्ट बैंकर व्यवसायको अनुमति प्रदान गर्ने बाटो बोर्डले खुला गरेको हो ।


मर्चेन्ट बैंकरलाई विभिन्न पाँच किसिमका व्यवसाय गर्न बोर्डबाट लाइसेन्स प्रदान हुने व्यवस्था नियमावलीमा रहे पनि निष्कासन तथा विक्री प्रबन्धक र शेयर रजिस्ट्रेशनको लाइसेन्स भने ६ वर्षदेखि रोकिएको न्यौपानेको भनाइ छ । हाल सञ्चालनमा रहेका ३१ मर्चेन्ट बैंकरमध्ये पाँचओटै सेवा प्रदान गर्ने गरी १३ कम्पनीले मात्र लाइसेन्स लिएको सहायक प्रवक्ता न्यौपानेले जानकारी दिए । नियमावलीमा भएको व्यवस्थाबमोजिम निष्कासन तथा विक्री प्रबन्धक, धितोपत्र प्रत्याभूति, शेयर रजिस्ट्रेशन, लगानी व्यवस्थापन र संस्थागत परामर्श सेवा गरी पाँच प्रकारको व्यवसायका लागि बोर्डले लाइसेन्स प्रदान गर्ने गरेको हो ।

बोर्डले निष्कासन तथा विक्री प्रबन्धक र शेयर रजिस्ट्रेशनको लाइसेन्स पुनः वितरण गर्ने निर्णय गरेसँगै बोर्डले धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावलीमा भएको व्यवस्थाबमोजिम अनुमतिप्राप्त संस्थाले प्रारम्भिक सार्वजनिक निष्कासन (आईपीओ) गर्न सक्ने व्यवस्था पनि गरेको छ । नियमावलीबमोजिम अनुमतिप्राप्त कम्पनीले आईपीओ ल्याउन व्यवसाय सञ्चालन गरेको १० वर्ष पूरा हुनुपर्ने व्यवस्था बोर्डले गरेको छ । कम्तीमा १ अर्ब रुपैयाँ चुक्ता पूँजी भएको कम्पनीले ३० प्रतिशतभन्दा कम नहुने गरी सर्वसाधारणमा शेयर जारी गर्नुपर्ने व्यवस्था बोर्डले गरेको हो । यो व्यवस्थाले लामो समयदेखि व्यवसाय सञ्चालन गरिरहेका र व्यवसाय विस्तारका लागि थप पूँजी कायम गर्न खोजिरहेका कम्पनीहरूलाई आईपीओमार्फत पूँजी जुटाउने बाटो खुल्ने विश्वास बोर्डले गरेको छ ।


मर्चेन्ट बैंकरको लाइसेन्स लिनका लागि व्यवसायको किसिमका आधारमा निवेदन दस्तुर, अनुमतिपत्र दस्तुर र वार्षिक शुल्क बोर्डले नियमावलीमार्फत नै निर्धारण गरेको छ । निष्कासन तथा विक्री प्रबन्धक व्यवसायका लागि २५ हजार रुपैयाँ निवेदन दस्तुर लाग्नेछ भने अनुमतिपत्र दस्तुर ३ लाख रुपैयाँ र वार्षिक शुल्क १ लाख ५० हजार रुपैयाँ निर्धारण गरिएको छ । त्यस्तै शेयर रजिस्ट्रेशन व्यवसायका लागि निवेदन दस्तुर २५ हजार रुपैयाँ अनुमतिपत्र दस्तुर २ लाख रुपैयाँ र वार्षिक शुल्क १ लाख रुपैयाँ तोकिएको छ । अहिले सुचारु भएका यी दुई मर्चेन्ट बैंकर व्यवसायको शुल्कबाहेक धितोपत्र प्रत्याभूति व्यवसायका लागि २५ हजार रुपैयाँ निवेदन दस्तुर, ३ लाख रुपैयाँ अनुमतिपत्र दस्तुर र वार्षिक शुल्क १ लाख ५० हजार रुपैयाँ निर्धारण गरिएको छ । त्यस्तै लगानी व्यवस्थापन व्यवसायका लागि निवेदन दस्तुर २५ हजार रुपैयाँ, अनुमतिपत्र दस्तुर २ लाख रुपैयाँ र वार्षिक शुल्क १ लाख रुपैयाँ रहेको छ । संस्थागत परामर्श व्यवसायका लागि निवेदन दस्तुर २५ हजार रुपैयाँ, अनुमतिपत्र दस्तुर ३ लाख रुपैयाँ र वार्षिक शुल्क १ लाख ५० हजार रुपैयाँ तोकिएको छ ।

**मर्चेन्ट बैंकरलाई विभिन्न पाँच किसिमका व्यवसाय गर्न बोर्डबाट लाइसेन्स प्रदान हुने व्यवस्था नियमावलीमा रहे पनि निष्कासन तथा विक्री प्रबन्धक र शेयर रजिस्ट्रेशनको लाइसेन्स ६ वर्षदेखि रोकिएको थियो ।**


नेप्से परिसूचक




सुन (तोला)




अमेरिकी डलर




### सार्वजनिक खर्च मितव्ययितासम्बन्धी नयाँ मापदण्ड

# कर्मचारीको भत्ता कटौतीदेखि स्वदेशी वस्तुको अनिवार्य उपयोगसम्म

## मापदण्डको पालना र अनुगमन गर्न मुख्यसचिवको संयोजकत्वमा एक उच्चस्तरीय अनुगमन समिति

**विजय दमासे**

काठमाडौं




चालू आर्थिक वर्षको ६ महीनामा कुनै पनि राजस्व शीर्षकमा लक्ष्य भेट्न नसकेको सरकारले खर्च कटौती गर्ने भन्दै सार्वजनिक खर्च मितव्ययितासम्बन्धी मापदण्ड ल्याएको छ ।

कार्यान्वयनमा ल्याइएको मापदण्डमा कर्मचारीलाई दिँदै आएको बैठक भत्ता कटौतीदेखि पुराना सवारीसाधनको उपयोग, सरकारी कार्यालयमा स्वदेशी वस्तु प्रयोग गर्नेसम्मको नीति छ । मितव्ययिता नीतिअनुसार अब सरकारले कानूनबमोजिम बाहेक कुनै पनि प्रकारको प्रोत्साहन, अतिरिक्त समय काम गरेबापत, जोखिम, विशेषलगायत भत्ता दिने छैन । कानूनबमोजिम गठन भएको समिति वा कार्यदलका लागि कार्यालय समयअघि वा पछि काम गरेको अवस्थामा बैठक भत्ता भुक्तानी गर्न पाइने छैन ।

निश्चित कामका लागि गठन भएको छानबिन वा अनुसन्धान समिति, कार्यदल वा आयोगका पदाधिकारीले पूर्वनिर्धारित कामका लागि बैठक भत्ता पाउने छैन । नियमित प्रकृतिको कामलाई कार्यक्रम खर्चमा राखी सञ्चालन गर्न पाइने छैन । कार्यक्रम खर्चबाट मर्मत, इन्धन, बैठक भत्ताजस्ता शीर्षकमा खर्च लेख्न पाइने छैन । विदेशी अतिथि तथा पाहुनाका लागि गरिने अतिथि सत्कारका लागि बाहेक अन्य अवस्थामा सरकारी खर्चमा भोजभतेर गर्न नपाइने व्यवस्था गरिएको छ । तर, अर्थ मन्त्रालयको स्रोत उपलब्धताका आधारमा जोखिम भत्ता वितरण गर्न सकिने मापदण्ड नीतिमा राखिएको छ । सरकारले पुराना गाडीलाई विद्युतीयमा रूपान्तरण गर्न सकिने/नसकिने २ महीनाभित्र टुंग्याउनुपर्ने मापदण्ड ल्याएको छ । सार्वजनिक खर्चलाई मितव्ययी तथा व्यवस्थित गर्ने मापदण्डअनुसार पुराना गाडीलाई विद्युतीयमा रूपान्तरण गर्न सकिने वा नसकिने यकीन गर्नुपर्ने छ । सरकारले पेट्रोल, डिजेलका गाडीलाई विद्युतीयमा रूपान्तरण गर्ने कानून बनाए पनि अहिलेसम्म स्पष्ट मापदण्ड नहुँदा रूपान्तरण हुनसकेको छैन ।

'मर्मत गरेर पनि उपयोगमा आउन नसक्ने र २० वर्ष अवधि पुगेका सवारीसाधन लागत प्रभावकारिताको आधारमा विद्युतीयमा रूपान्तरण गर्न सकिने वा नसकिने विषयमा सम्बद्ध सरकारी निकायले २ महीनाभित्र यकीन गर्नुपर्नेछ,' मापदण्डमा भनिएको छ, 'त्यसरी रूपान्तरण गर्न सकिने देखिएको सवारीसाधन सम्बद्ध सरकारी निकायको आवश्यकता समेत यकीन गरी रूपान्तरण गर्न माग भई आएमा अर्थ मन्त्रालयले विद्युतीय सवारीसाधनमा रूपान्तरण गर्न सहमति दिन सक्नेछ ।'

» बाँकी पृष्ठ ५ मा

# च्यासल खेल मैदान मर्मत गर्न दुई करोड लाग्ने

ललितपुर । ललितपुर महानगरपालिका-९ च्यासलस्थित मनोहरा खोला किनारमास्थित च्यासल खेल मैदान गत असोजमा आएको बाढीले बगरमा परिणत भएको छ। खेलकुद क्षेत्रका अधिकारीले यसको मर्मतसम्भारका निम्ति तत्काल रू. दुई करोड आवश्यक हुने बताएका छन्। च्यासल मैदानलाई पहिलेको अवस्थामा फर्काउन रू. दुई करोड बजेट आवश्यक पर्ने राष्ट्रिय खेलकुद परिषद् पूर्वाधार निर्माण तथा मर्मत शाखाका इञ्जिनीयर पूर्ण सुन्दासले बताए । उनले भने, 'बाढीबाट भएको क्षति र मर्मतको लागतबारे अध्ययन गरी प्रतिवेदन तयार गरेका छौं ।' च्यासल फुटबल क्लबका अध्यक्ष रमेश बेञ्जनकार ललितपुर महानगरपालिका-९ वडा कार्यालयको सहयोगमा मैदान व्यवस्थापनको प्रयास भएको बताए। मैदान मर्मतमा अखिल नेपाल फुटबल सङ्घलगायत सरोकारवाला मौन रहेकामा उनी दुःखी छन् । खेलकुद परिषद्सँग रू. १० लाख माग गरेका तर हालसम्म निर्णय नभएको उनको कथन छ। ललितपुर महानगरपालिका-९ का वडाध्यक्ष राजु महर्जन अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति र राष्ट्रिय खेलकुद परिषद्को समन्वयमा मैदान मर्मत गरिनुपर्नेमा जोड दिए। *रासस*

# 'बेलायती अधिराजकुमारको नेपाल भ्रमण साझा इतिहास र बेलायत-नेपाल सम्बन्धको निरन्तरता'



काठमाडौं (अस) । बेलायतका अधिराजकुमार एड्वर्ड र उनकी पत्नी सोफी (एडिनब्राका ड्यूक र डचेस) नेपाल भ्रमणमा आएका छन्। नेपालमा उनीहरूको यस भ्रमणले बेलायत-नेपाल सम्बन्धको गौरवशाली इतिहासका साथै भविष्यको प्रतिनिधित्व गर्ने युवाहरूको नयाँ पुस्तालाई प्रतिबिम्वित गरेको बेलायती दूतावासले विज्ञप्तिमार्फत जानकारी दिएको छ। भ्रमणका क्रममा उनीहरूले नेपालका विभिन्न ठाउँको भ्रमण गरी सांस्कृतिक पक्षको समेत जानकारी लिने बताइएको छ।

'अधिराजकुमार एड्वर्डले बेलायतबाट प्राप्त सहायताले नेपालको मातृ स्वास्थ्य सेवामा सुधार ल्याउन कसरी मद्दत गरिरहेको छ भनेर हेर्नुहुनेछ, साथै महिला नेतृ तथा अभियन्तासँग अन्तरक्रिया गर्नुहुनेछ,' दूतावासको विज्ञप्तिमा उल्लेख छ।

भ्रमण अवधिभर उनीहरूले नेपालको सबैभन्दा पुरानो द्विपक्षीय सम्बन्धका रूपमा रहेको बेलायत-नेपाल साझेदारीलाई प्रतिनिधित्व गर्ने विभिन्न व्यक्तिलाई भेट्ने बताइएको छ । उनीहरूले मंगलवार राष्ट्रपति रामचन्द्र पौडेलसँग शिष्टाचार भेट गरेका छन् । राष्ट्रपतिसँगको भेटमा बेलायत-नेपाल सम्बन्ध, सन्निकटताका साथै सम्बन्धको आधारशिलाका रूपमा रहेको गोर्खाली सेनाको भूमिकाका विषयमा छलफल भएको बताइएको छ ।

भेटको क्रममा ब्रिगेड अफ गोर्खाजका कर्नल कमान्डेन्ट मेजर जनरल स्ट्रिकल्याण्ड डीएसओ एमबीईले राष्ट्रपति पौडेलसमक्ष ब्रिगेड अफ गोर्खाजको वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए । यो प्रतिवेदन नेपाल सरकारसँगको पारदर्शिताका सम्बन्धमा बेलायतको प्रतिबद्धता, २०० वर्षभन्दा बढी समयको साझेदारी माथिको महत्त्व र बेलायती सेनामा अविश्वसनीय सेवा प्रदान गर्नेहरूलाई सहयोग गर्ने बेलायती प्रतिबद्धताको एउटा प्रमुख अंश रहेको बताइएको छ ।

यो भ्रमण बेलायती शाही परिवारका सदस्यबाट भएको चौधौं नेपाल भ्रमण रहेको बताइएको छ । महारानी एलिजाबेथ द्वितीय र राजकुमार फिलिपले सन् १९६१ र १९८६ मा, वेल्सका अधिराजकुमारका रूपमा राजा चार्ल्सले सन् १९७५, १९८०, १९९२ र १९९८ मा नेपालको भ्रमण गरेका थिए । पछिल्लो पटक सन् २०१६ मा अधिराजकुमार ह्यारीले नेपाल भ्रमण गरेका थिए ।


सूचनाको हक सम्बन्धी ऐन, २०६४ दफा ५ को उपदफा ३ बमोजिमको विवरण

**मेरोमाइक्रोफाइनान्स** लघुवित्त वित्तीय संस्था लि.
MEROMICROFINANCE LAGHUBITTA BITTIYA SANSTHA LTD.
नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)

**(विवरण सार्वजनिक गरेको अवधि आ.ब. २०८१/८२ को दोस्रो त्रयमाससम्म)**

१. **निकायको स्वरूप र प्रकति :**
कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम सञ्चालित वित्तीय संस्था ।

२. **निकायको काम, कर्तव्य र अधिकार :**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा व्यवस्था भए बमोजिमका काम कर्तव्य र अधिकार रहेको छ।

३. **निकायमा रहने कर्मचारी संख्या र विवरण :**
कार्यरत कर्मचारी संख्या ६३४ रहेको छ। संस्थाले तोकेका कार्य विभिन्न पदमा कार्यरत कर्मचारीहरू मार्फत भईरहेको छ। व्यवस्थापन समूहका सदस्यहरूको नाम संस्थाको वेवसाईटः www.meromicrofinance.com मा हेर्न सकिन्छ।

४. **निकायबाट प्रदान गरिने सेवा :**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्थाले दिन सक्ने सम्पूर्ण वित्तीय सेवाहरू ।

५. **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :**
सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीहरूको विवरण संस्थाको वेवसाईटः www.meromicrofinance.com अर्न्तगत Contact को Branches खण्डमा प्रकाशित गरिएको छ।

६. **सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :**
वित्तीय संस्थाले प्रदान गर्ने बिभिन्न सेवाको शुल्क तथा अवधि यस संस्थाको वेवसाईटः www.meromicrofinance.com अर्न्तगत Product and Services को Product Chart खण्डमा प्रकाशित गरिएको छ।

७. **निर्णय गर्ने प्रक्रिया र अधिकारी :**
वित्तीय कारोवारका सम्बन्धमा विभिन्न तहका अधिकारीहरूले विभिन्न प्रकारका निर्णय गर्न सक्ने प्रक्रिया मिलाईएको छ । प्रमुख कार्यकारी अधिकृत तथा वित्तीय संस्थाको सञ्चालक समिति अन्तिम निर्णयकर्ताको रूपमा रहेका छन्।

८. **निर्णयउपर उजुरी सुन्ने अधिकारी :**
सदस्यहरूको गुनासो तथा उजुरी गर्नका लागि हाल केन्द्रीय स्तरमा प्रमुख कार्यकारी अधिकृतलाई गुनासो सुन्ने अधिकारीको रूपमा रहने व्यवस्था गरिएको छ। निजको ठेगाना यस प्रकार रहेको छ।
**श्री रामहरि दाहाल**
**प्रमुख कार्यकारी अधिकृत**
**मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि., केन्द्रीय कार्यालय, बिदुर ४, बट्टार, नुवाकोट ।**
**फोन नं.** ०१०-५६१७४६, ५६१७४७, ०१-५३१५९३६, ५३१५९३७
**ईमेल :** corporate@meromicrofinance.com

९. **सम्पादन गरेको कामको विवरण :**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम 'घ' वर्गका संस्थाले गर्न सक्ने सम्पूर्ण वित्तीय कारोबारहरू सम्पादन भईरहेका छन्।

१०. **सूचना अधिकारीको नाम र पद :**
सदस्यहरूलाई आवश्यक सूचना प्रदान गर्न तपसिल बमोजिमको अधिकारीलाई तोकिएको छ।
**श्री नबराज दाहाल**
**नायव प्रमुख कार्यकारी अधिकृत**
**मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि., केन्द्रीय कार्यालय, बिदुर ४, बट्टार, नुवाकोट**
**फोन नं.** ०१०-५६१७४६, ५६१७४७, ०१-५३१५९३६, ५३१५९३७
**ईमेलः** corporate@meromicrofinance.com

११. **ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :**
प्रचलित सम्पुर्ण ऐन, नियम, विनियम र निर्देशिकाहरू संस्थाले पालना गर्नु पर्ने हुन्छ भने देहाय बमोजिमका ऐन, नियम, विनियम र निर्देशिकाहरू वित्तीय कार्यका लागि प्रमुख रूपमा रहेका छन्।
१. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३
२. नेपाल राष्ट्र बैंक ऐन, २०५८
३. कम्पनी ऐन, २०६३
४. बैंकिङ कसुर तथा सजाय ऐन, २०६४
५. सम्पत्ति शुद्धिकरण (मनि लाउन्डरिङ) निवारण ऐन, २०६४
६. धितोपत्र सम्बन्धी ऐन, २०६३
७. सुरक्षित कारोबार ऐन, २०६३
८. करार ऐन, २०५६
९. बैंक तथा वित्तीय संस्थाको ऋण असूली ऐन, २०५८
१०. सूचनाको हक सम्बन्धी ऐन, २०६४
११. विधुतिय इलेक्ट्रोनिक कारोबार ऐन, २०६३
१२. उपरोक्त ऐनहरू बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरू
१३. नेपाल राष्ट्र बैंकको सम्पूर्ण निर्देशिकाहरू
१४. संस्थाले कारोबार सञ्चालनका लागि बनाएको सम्पूर्ण नियम, विनियम तथा निर्देशिकाहरू

१२. **आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्याबधिक विवरण :**
संस्थाको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी त्रैमासिक अद्याबधिक विवरणहरू राष्ट्रिय स्तर को पत्र–पत्रिकामा प्रकाशित हुँदै आएको छ भने संस्थाको वेवसाईटः www.meromicrofinance.com मा समेत रहेको छ।

१३. **वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना :**
वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना यस प्रकार रहेको छ।
**श्री रामहरि दाहाल**
**प्रमुख कार्यकारी अधिकृत**
**मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि., केन्द्रीय कार्यालय, बिदुर ४, बट्टार, नुवाकोट**
**फोन नं.** ०१०-५६१७४६, ५६१७४७, ०१-५३१५९३६, ५३१५९३७
**ईमेल :** corporate@meromicrofinance.com

१४. **अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरण :**
यस संस्थाले वित्तीय कारोवार सम्बन्धी कार्य गर्दै आईरहेको छ तर बिशेष प्रकारको कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको छैन।

१५. **सार्वजनिक निकायको वेबसाईट भए सो को विवरण :** www.meromicrofinance.com

१६. **सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान, स्वं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण :**
हालसम्म संस्थाले कुनै वैदेशिक सहायता, ऋण, अनुदान, स्वं प्राविधिक सहयोग र सम्झौता गरेको छैन।

१७. **सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन :**
संस्थाले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित हुँदै आएको छ। भने संस्थाको वेवसाईटः www.meromcrofinance.com मा समेत रहेको छ।

१८. **सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि :**
हाललाई सूचना वर्गीकरण नगरिएको।

१९. **सार्वजनिक निकायमा परेका सूचनामा माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरणः**
हालसम्म संस्थामा कुनै निवेदन प्राप्त नभएको।

२०. **सार्वजनिक निकायमा सूचनाहरू अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सोको विवरणः**
बार्षिक विवरणहरू पुस्तकको रूपमा प्रकाशित भई संस्थाको वेवसाईटमा समेत प्रकाशन गरिएको छ। साथै संस्थाको आर्थिक विवरण त्रैमासिक रूपमा विभिन्न राष्ट्रिय पत्रपत्रिकामा प्रकाशित गरी संस्थाको वेबसाईटः www.meromicrofinance.com मा समेत प्रकाशित गर्दै आएको छ।

**मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि.**
**केन्द्रीय कार्यालय, बिदुर ४, बट्टार, नुवाकोट ।**
**फोन नं.** ०१०-५६१७४६/४७



**सांग्रिला डेभलपमेन्ट बैंक लि.**
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)
**केन्द्रीय कार्यालय :**
**बालुवाटार, काठमाण्डौ**
**फोनः ०१-४५२१८६१/६२/६३**

**कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आब्हान गरिएको सम्बन्धी ७ दिने सूचना**

**सूचना प्रकाशित मितिः २०८१/१०/२४ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक**
**बोलपत्र पेश गर्ने अन्तिम मिति २०८१/१०/३० गते कार्यालय समय भित्र**

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको निम्न शाखा कार्यालयबाट विविध कर्जा शीर्षक अन्तर्गत लिई उपभोग गर्ने तपाई ऋणीले यस बैंक सँग गर्नु भएको कर्जाको शर्त सम्झौता बमोजिम समय-समयमा यस बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना र अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण तथा कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले र पत्र-पत्रिका द्वारा सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कर्जा चुक्ता नगरेकोले कर्जाको सम्पूर्ण साँवा, व्याज, हर्जाना लगायतका अन्य दै-दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानत कर्ता समेतलाई यसै सूचनाद्वारा पुनः सूचित गर्नुका साथै गोप्य शिलबन्दी बोलपत्रद्वारा चल/अचल सम्पत्ति लिलाम बिक्री गर्नको लागि ७ (**सात**) **दिने** सूचना प्रकाशित गरि आह्वान गरिएको छ । तोकिएको समय भित्र कर्जा चुक्ता नभएमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट धितो लिलाम बिक्री (दाखिल खारेज नामसारी प्रयोजनको लागि मात्र) गरि नामसारी गरिने भएको ले सो अवधिमा कार्यालय समय भित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलीपल्ट वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा बिहानको ११:०० बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ। तर बोलपत्रदाताको अनुपस्थितीले बोलपत्र खोल्न बाधा पुग्ने छैन। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणीको नाम नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा अन्य कुनै सूचना बिनानै समावेश गरिने समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणीको अन्य चलअचल सम्पत्तिबाट समेत असूल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपसिल**

| ऋणी/संचालक/अ.प्रा. व्यक्तिको विवरण | जमानीकर्ताको विवरण |
| --- | --- |
| **१. ऋणीः ग्रीन होराइजन रियल इस्टेट प्रा.लि.**<br>दर्ता गर्ने कार्यालय : कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाण्डौ<br>दर्ता नं. : २५८२८८/०७७/०७८<br>जारी मिति : २०७७/११/२५, पान नं. ६०९९६०१७४<br>ठेगाना : औरही -०५, महोत्तरी<br>**संचालक/अख्तियार प्राप्त व्यक्तिको नामः धिरेन्द्र कुमार राय**<br>बाबुको नामः राम असिस राय<br>बाजेको नामः वलिराम यादव<br>ठेगानाः श्रीपुर-०५, महोत्तरी, हालः औरही-५, महोत्तरी<br>ना.प्र.नं.: ८६२६४८३२, जारी मितिः २०६१/०४/१८<br>जारी गर्ने कार्यालय : जि.प्र.का., महोत्तरी<br>**कर्जा लिएको शाखा : बर्दिवास शाखा, महोत्तरी**<br>**जमानीकर्ताको विवरण**<br>**क) नाम : रन्जु कुमारी यादव**<br>बाबुको नामः राम जन्म यादव<br>पतिको नामः धिरेन्द्र कुमार राय<br>ससुराको नाम : राम असिस राय<br>ठेगाना : औरही-०५, महोत्तरी<br>ना.प्र.नं.: १८-०२-७७-०००२१, जारी मितिः २०७७/०३/०७<br>जारी गर्ने कार्यालयः जि.प्र.का, महोत्तरी<br>**ख) नाम : राम असिस राय**<br>बाबुको नामः वलिराम यादव<br>बाजेको नाम : धुव्र यादव<br>ठेगानाः श्रीपुर-०५, महोत्तरी,<br>हाल : औरही -५, महोत्तरी<br>ना.प्र.नं.: ८६२६०३७/०३८/०३९, जारी मितिः २०३९/०१/०८<br>जारी गर्ने कार्यालयः जि.का., महोत्तरी | **ग) नाम : श्याम यादव**<br>बाबुको नाम : राम असिस राय<br>बाजेको नाम : वलिराम यादव<br>ठेगाना : औरही -०५, महोत्तरी<br>ना.प्र.नं. : ८६२६३७९२<br>जारी मिति : २०५०/०४/१७<br>जारी गर्ने कार्यालय : जि.प्र.का, महोत्तरी<br>**घ) नाम : राम झरी देवी**<br>बुबाको नाम : सोगारथ<br>पतिको नामः राम असिस राय<br>ससुराको नामः वलिराम यादव<br>ठेगानाः श्रीपुर-०५, महोत्तरी<br>हालः औरही-५, महोत्तरी<br>ना.प्र.नं. : ८६२६०३७८<br>जारी मिति : २०४६/१०/०८<br>जारी गर्ने कार्यालय : जि.का., महोत्तरी<br>**ङ) नाम : रेणुका कुमारी यादव**<br>बाबुको नाम : राम पुकार राय<br>पतिको नाम : श्याम यादव<br>ससुराको नामः राम असिस राय<br>ठेगाना : श्रीपुर-०५, महोत्तरी<br>हालको : औरही-५, महोत्तरी<br>ना.प्र.नं. : ८६२६४८३३<br>जारी मिति : २०६१/०४/१८<br>जारी गर्ने कार्यालय : जि.प्र.का, महोत्तरी |

**सुरक्षणमा रहेको धितोको विवरणः** श्री मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा श्री ग्रीन होराइजन रियल इस्टेट प्रा. लि.को नाममा दर्ता कायम रहेको महोत्तरी जिल्ला, श्रीपुर वडा नं. १ग स्थित कि.नं. २३४ को क्षेत्रफल १७३५.५३ व.मि को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**शर्तहरु :**
१. बोलपत्र फाराम डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयबाट यस बैंकको सम्बन्धित शाखा कार्यालयको खाता नं. ९३०७४०१०५०१०१ " को SDBL– Other Non-Operating Income" मा रु ५००.००(अक्षेरुपी रु. पाँचसय रुपैंया मात्र) जम्मा गरी खरिद गर्न सकिनेछ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। बोलपत्र फाराममा आफूले लिन चाहेको चल/अचल सम्पत्तिको विवरण यस डेभलपमेन्ट बैंकबाट प्रकाशित सूचनाको अधारमा भर्नु पर्नेछ।
३. बोलपत्रदाताले आफूले लिन कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुने रकम धरौटी वापत यस डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयमा यस बैंकको सम्बन्धित शाखा कार्यालयको खाता नं. ९२०६५०१०७०५०१ को "SADBL– Auction Deposit (Lilami)" मा Manager's Cheque, Good For Payment Cheque वा नगदै जम्मा गरी सक्कल रसिद यस बोलपत्र फारम साथ संलग्न गरी यस डेभलपमेन्ट बैंकको सम्बन्धित शाखा कार्यालय वा केन्द्रीय कार्यालयमा रहेको कर्जा असुली इकाईमा पेश गर्नुपर्नेछ।
४. लिलाम बिक्री हुने धितो निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ। साथैं सोहि अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ।
५. बोलपत्र स्वीकृत भएको वा नभएको जानकारी बोलपत्रदातालाई गराईनेछ र बोलपत्र स्वीकृत हुने बोलपत्रदाताले उक्त जानकारी पाए पछि बैंकले तोकेको समय मिति भित्र कबोल गरेको रकममा धरौटी रकम घटाई बाँकी सम्पूर्ण रकम बुझाई उपरोक्तानुसारको चल/अचल सम्पत्तिहरु आफ्नो नाँउमा नामसारी गरि लिनुपर्नेछ। सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ।
६. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन। उक्त धरौटी रकममा कुनै ब्याज दिइने छैन।
७. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
८. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस डेभलपमेन्ट बैंकमा नै नीहित रहनेछ र अस्वीकृत गर्दा डेभलपमेन्ट बैंकले कुनै पनि कारण खुलाउनुपर्ने छैन।
९. बोलपत्र सदर वा सुरक्षरणमा रहेको धितो नामसारी हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी रकम फिर्ता दिन सकिनेछ र उक्त धरौटी रकममा कुनै ब्याज समेत प्रदान गरिने छैन।
१०. अदालत वा अन्य अख्तियार प्राप्त निकायबाट लिलाम रोक्का गर्न आदेश प्राप्त भएमा लिलाम रोक्का गर्न सकिनेछ।
११. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने सम्पूर्ण खर्चहरु स्वयम् बोलकबोल दाताले व्यहोर्नु पर्नेछ।


# सुजल फुड्सको डिलाइट डेरी ह्वाइटनर

काठमाडौं (अस)। सुजल फुड्सले आफ्नो उत्पादन डिलाइट डेरी ह्वाइटनरले शहरदेखि दुर्गम गाउँसम्ममा आफ्नो बलियो पहिचान बनाएको बताएको छ। कम्पनीले डिलाइट डेरी ह्वाइटनरले उपस्थिति मात्रै नभएर उपभोक्ताको जीवनयापनमा सहजीकरण समेत गरेको बताएको छ।

दूधको उत्पादन सिमित हुने हिमाली गाउँमा समेत त्यहाँका चिया, कफीका पारखीको स्वादको परिपूर्ति गर्न डिलाइट डेरी ह्वाइटनर सक्षम रहेको कम्पनीको दाबी छ। डिलाइट डेरी ह्वाइटनर नजिकैको किराना पसलदेखि बीबीएसएम, सेलवे, सेल्सबेरी र बिगमार्टजस्ता ठूला सुपरमार्केटमा उपलब्ध रहेको बताइएको छ। त्यसैगरी दराज, ठूलो डट कम, स्मार्टडोको जस्ता इ-कमर्समार्फत पनि यसलाई अर्डर गर्न सकिने बताइएको छ। 'खुद्रा पसलदेखि आधुनिक स्टोर र इ-कमर्स प्लेटफर्मसम्म सहज उपलब्धताका कारण, डिलाइट कर्मशील व्यक्तिहरू, गृहिणीहरू र सबैका लागि एक विश्वासिलो विकल्प हो,' कम्पनीले भनेको छ, 'डिलाइट डेरी ह्वाइटनर एउटा उत्पादन मात्र नभएर यो घरको क्रिमी स्वाद हो, जुन तपाईंको दिनले जहाँ लगे पनि सधैं तपाईंको साथमा रहन्छ।'

# सानिमा रिलायन्सको 'बिजनेस रिभ्यू मिटिङ'

काठमाडौं (अस) । सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स लिमिटेडको 'बिजनेस रिभ्यू मिटिङ' चितवनमा सम्पन्न भएको छ । गत माघ २० गते सम्पन्न उक्त कार्यक्रममा कम्पनीका अध्यक्ष रतनलाल केडिया, प्रमुख कार्यकारी अधिकृत शिवनाथ पाण्डे, वरिष्ठ नायब कार्यकारी अधिकृत राकेश पोखरेल, नायब प्रमुख कार्यकारी अधिकृत निराजन कँडेल लगायत व्यापार अधिकृतहरू, रिजनल म्यानेजरहरू, एरिया म्यनेजरहरू, शाखा प्रबन्धकहरूको उपस्थिति थियो । कार्यक्रममा कम्पनीका अध्यक्ष केडियाले सफलताका लागि नयाँ प्रविधि र नयाँ सोचलाई अपनाउनुपर्ने र नयाँ अभिकर्ताको संख्या विस्तार कार्य तत्परताका साथ गर्नुपर्ने बताए ।

कार्यक्रममा प्रमुख कार्यकारी अधिकृत पाण्डेले कम्पनीको प्रगति कर्मचारीहरूले गर्ने कार्य र योगदानमा निर्भर रहने बताए । कर्मचारीहरू 'कम्फर्ट जोन'बाट बाहिर निस्केर थप मेहनत गर्नुपर्ने र सो कुराले प्रतिस्पर्धात्मक बजारमा अग्रस्थानमा स्थापित गराउन मद्दत पुग्नेमा जोड दिए। साथै कार्यक्रममा आर्थिक वर्ष २०८१/८२ को अर्धवार्षिक समीक्षा अवधिमा विभिन्न विधामा उत्कृष्ट कार्य गर्ने क्षेत्रीय प्रबन्धकहरू, एरिया म्यानेजरहरू, शाखा तथा उप-शाखाका प्रबन्धकहरूलाई सम्मान गरिएको थियो ।

# जलवायु परिवर्तनका कारण वन्यजन्तुको वासस्थानमा चुनौती

काठमाडौं । सरोकारवालाले जलवायु परिवर्तनका कारण वन्यजन्तुको वासस्थानमा चुनौती थपिएको बताएका छन् । राष्ट्रियसभा, सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिले राष्ट्रिय निकुञ्जहरूसँग सम्बन्धित नीतिगत समस्या सम्बन्धमा प्रदेश सरकारका वनसँग सम्बन्धित मन्त्रालयका प्रतिनिधिसँग मंगलवार यहाँ गरेको छलफलमा उनीहरूले यस्तो बताएका हुन् । छलफलमा पानीको मुहान सुक्ने, वन डढेलो जस्ता जलवायुजन्य घटनाका कारण वासस्थानमा समस्या देखिएको बताइएको थियो ।

सुदूरपश्चिम प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री लक्ष्मण किशोर चौधरीले वन र राष्ट्रिय निकुञ्जलाई नीतिगत रूपमा नियमन गर्न नसक्दा समस्या भइरहेको बताए । उनले संघ र प्रदेशको नियम बाझिएकाले पनि समस्या समाधान, प्रदेशको राजश्व र रोजगारी वृद्धिमा चुनौती रहेको बताए। 'वन नियम कडाइ गर्दा नागरिकले अनावश्यक रूपमा वनका मुद्दा खेप्नुपर्ने समस्या छ। प्रदेशको कार्यक्षेत्रमा निकुञ्ज नभएको हुँदा वन्यजन्तु संरक्षणका काम गर्न पाएका छैनौं तर मानव वन्यजन्तु द्वन्द्वको गुनासो बढिरहेको छ । निकुञ्ज क्षेत्रमा रहेका हिंस्रक वन्यजन्तु नियन्त्रण गर्नुपर्ने आवश्यकता छ,' मन्त्री चौधरीले भने ।

बागमती प्रदेश, वन तथा वातावरण मन्त्रालयका सचिव डा केदार बरालले पछिल्लो समय जलवायुजन्य समस्याबाट सृजित सङ्कटका कारण वन्यजन्तुको वासस्थान र आहारामा असर पुगेको बताए । वन जङ्गलमा रहेको पानीका स्रोत सुक्दै जान थालेकाले वन्यजन्तुलाई खानेपानीको अभावमा बस्ती छिर्ने गरेको भन्दै उनले आहाराको कमीले २८ देखि ३० प्रतिशत वन्यजन्तु घरपालुवा वन्यजन्तुमा निर्भर हुनुपर्ने अवस्था आएको उल्लेख गरे ।

सचिव बरालले राज्यले राष्ट्रिय निकुञ्ज तथा आरक्षमा रहेका वन्यजन्तुको मात्रै ख्याल गर्ने र अन्य वन क्षेत्रमा रहेका वन्यजन्तुलाई बेवास्ता गर्ने अवस्था अन्त्य गरिनुपर्नेमा जोड दिए । समितिका सभापति मायाप्रसाद शर्माले छलफलमा उठेका विषयवस्तुलाई निकुञ्ज ऐनमा संशोधनको क्रममा समावेश गर्न सकिने बताए । *रासस*

# सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लि.
# Siddhartha Premier Insurance Ltd.
TRUST AND SECURITY

"Siddhartha Premier Bhawan, P.O. Box, 24876, Babarmahal, Kathmandu
Tel: 5705766, 5707190, 5705447, Fax: 977-1-5706776
Email: siddharthapremier@spil.com.np, Website: www.siddharthapremier.com.np

# एकतिसौ वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

श्री शेयरधनी महानुभावहरु,

मिति २०८१ साल माघ २३ गते (५ फेब्रुअरी, २०२५) बुधवारका दिन बसेको सञ्चालक समितिको ३४ औ बैठकको निर्णयानुसार यस कम्पनीको ३१ औं (एकतिसौ) वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिका लागि हार्दिक अनुरोध छ।

## सभा हुने मिति, समय र स्थानः

मिति : २०८१ साल फाल्गुन १५ गते (तद्नुसार २७ फेब्रुअरी, २०२५) विहिवार
समय : बिहान १०:३० बजे
स्थान : लिसारा रिसेप्सन, भगवती बहाल, नक्साल, काठमाण्डौ।

## छलफलका बिषयहरुः

क) सामान्य प्रस्ताव :

१. सञ्चालक समितिको तर्फवाट अध्यक्ष ज्यूद्वारा प्रस्तुत आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०८०/०८१ को वासलात, नाफा-नोक्सान हिसाव तथा सोहि अवधिको नगद प्रवाह सहितको वित्तीय विवरण तथा सो सँग सम्वन्धित अनुसूचिहरु छलफल गरी पारित गर्ने।
३. लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम आर्थिक वर्ष २०८१/०८२ को लागि लेखापरीक्षक नियुक्त गरी, निजको पारिश्रमिक निर्धारण गर्ने। (वर्तमान लेखापरीक्षक एस. आर.पाण्डे एण्ड कम्पनी पुनः नियुक्त हुन सक्नेछ)
४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम रहेको चुक्ता पुँजी रु. २,८०,६५,४९,९००/- को ३० प्रतिशतले हुन आउने रकम रु.८४,१९,६४,९७०/- नगद लाभांश (प्रस्तावित नगद लाभांशमा लाग्ने कर समेत) स्वीकृत गर्ने।
५. स्वतन्त्र सञ्चालकको नियुक्ति अनुमोदन गर्ने।

ख) बिशेष प्रस्ताव :

१. नियमावलीको नियम ४७ (६) मा रहेको सञ्चालकहरुलाई प्रदान गरिने वैठक भत्ता सम्वन्धी व्यवस्था संशोधन गरी वैठक भत्ता वृद्धि गर्ने।
२. संशोधित नियमावली अभिलेख वा स्वीकृत गर्ने निकायवाट कुनै निर्देशन प्राप्त हुन आएमा सो अनुसार गर्न सञ्चालक समितिलाई अख्तियारी दिने।

ग) विविध

सञ्चालक समितिको निर्णयानुसार
कम्पनी सचिव

## साधारण सभा सम्बन्धी थप जानकारी

१. वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८१ साल फाल्गुन २ गते शुक्रवार एक दिन शेयरधनी दर्ता पुस्तिका बन्द (Book Close) गरिनेछ।
२. २०८१ साल फाल्गुन १ गते विहिवार सम्म नेपाल स्टक एक्सचेन्ज लि.मा कारोबार भएका शेयरहरु साधारण सभा तथा नगद लाभांस प्रयोजनको लागि योग्य र हने छन्।
३. साधारण सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रतिनिधि पत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको मुख्य कार्यालय सिद्धार्थ प्रिमियर भवन, बबरमहल काठमाण्डौमा दर्ता गराई सक्नु पर्नेछ।
४. साधारण सभामा भाग लिन आउनु हुने शेयरधनीहरुले शेयर प्रमाणपत्र वा अभौतिकिकरण गरेको खाताको विवरण प्रस्तुत गरेर मात्र हाजिरी पुस्तिकामा उपस्थित जनाई सभामा सहभागि हुन अनुरोध गरिन्छ।
५. आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन तथा वित्तीय विवरण कम्पनीको वेवसाईड www.siddharthapremier.com.np मा पनि राखिएको छ।

## कम्पनी ऐन २०६३ को दफा ८४(१) को प्रयोजनार्थ आ.व.२०८०।८१ को सक्षिंप्त वित्तीय विवरण

### STATEMENT OF OTHER COMPREHENSIVE INCOME
For For The Year Ended Ashadh 31, 2081 (July 15, 2024)

Fig in NPR.

| Particulars | Current Year | Previous Year |
|---|---|---|
| **Net Profit/ (Loss) For The Year** | **688,189,151.39** | **379,319,504.52** |
| **Other Comprehensive Income** | | |
| **a) Items that are or may be Reclassified to Profit or Loss** | | |
| Changes in Fair Value of FVOCI Debt Instruments | - | - |
| Cash Flow Hedge - Effective Portion of Changes in Fair Value | - | - |
| Exchange differences on translation of Foreign Operation | - | - |
| Share of other comprehensive income of associates accounted for using the equity method | - | - |
| Income Tax Relating to Above Items | - | - |
| Reclassified to Profit or Loss | - | - |
| **b) Items that will not be Reclassified to Profit or Loss** | | |
| Changes in fair value of FVOCI Equity Instruments | (846,844,062.75) | 724,313,285.40 |
| Revaluation of Property and Equipment/ Intangible Assets | 13,921,186.31 | 31,947,019.36 |
| Re-measurement of Post-Employment Benefit Obligations | 2,024,529.00 | - |
| Share of other comprehensive income of associates accounted for using the equity method | - | - |
| Income Tax Relating to Above Items | 249,269,504.23 | (226,878,091.43) |
| **Total Other Comprehensive Income For the Year, Net of Tax** | **(581,628,843.21)** | **529,382,213.33** |
| **Total Comprehensive Income For the Year, Net of Tax** | **106,560,308.18** | **908,701,717.85** |

### STATEMENT OF FINANCIAL POSITION
As at Ashadh 31, 2081 (July 15, 2024)

Fig in NPR.

| Particulars | Current Year | Previous Year |
|---|---|---|
| Assets | | |
| Goodwill & Intangible Assets | 12,705,133.96 | 11,744,651.58 |
| Property and Equipment | 746,503,752.89 | 830,527,831.01 |
| Investment Properties | 309,393,869.27 | 203,139,299.27 |
| Deferred Tax Assets | - | - |
| Investment in Subsidiaries | - | - |
| Investment in Associates | - | - |
| Investments | 9,306,186,893.41 | 9,405,735,641.05 |
| Loans | 26,443,217.23 | 19,758,639.59 |
| Reinsurance Assets | 2,838,364,762.68 | 3,455,482,620.90 |
| Current Tax Assets | 129,677,917.85 | 64,582,478.98 |
| Insurance Receivables | 360,774,611.12 | 1,606,026,099.28 |
| Other Assets | 105,410,135.98 | 86,536,405.03 |
| Other Financial Assets | 661,655,011.48 | 622,434,791.02 |
| Cash and Cash Equivalents | 139,485,560.85 | 120,662,884.02 |
| **Total Assets** | **14,636,600,866.73** | **16,426,631,341.73** |
| **Equity & Liabilities** | | |
| **Equity** | | |
| Share Capital | 2,806,549,900.00 | 2,806,549,900.00 |
| Share Application Money Pending Allotment | - | - |
| Share Premium | 475,935.00 | 475,935.00 |
| Special Reserves | 2,500,000,000.00 | 2,500,000,000.00 |
| Catastrophe Reserves | 188,242,128.34 | 137,634,531.21 |
| Retained Earnings | 1,100,436,658.91 | 457,734,321.71 |
| Other Equity | 1,168,137,589.49 | 1,664,208,648.65 |
| **Total Equity** | **7,763,842,211.74** | **7,566,603,336.56** |
| **Liabilities** | | |
| Provisions | 253,978,896.00 | 378,404,048.63 |
| Gross Insurance Contract Liabilities | 4,957,990,910.66 | 5,324,853,995.01 |
| Deferred Tax Liabilities | 262,071,412.95 | 586,777,181.81 |
| Insurance Payables | 624,524,161.07 | 1,808,318,186.17 |
| Current Tax Liabilities | - | - |
| Borrowings | - | - |
| Other Liabilities | 510,179,378.39 | 464,776,774.029 |
| Other Financial Liabilities | 264,013,895.91 | 296,897,819.512 |
| **Total Liabilities** | **6,872,758,654.98** | **8,860,028,005.16** |
| **Total Equity and Liabilities** | **14,636,600,866.73** | **16,426,631,341.73** |

### STATEMENT OF PROFIT OR LOSS
For the year ended Ashadh 31, 2081 (July 15, 2024)

Fig in NPR.

| Particulars | Current Year | Previous Year |
|---|---|---|
| **Income:** | | |
| Gross Earned Premiums | 4,192,037,068.99 | 2,940,965,074.54 |
| Premiums Ceded | (2,347,964,002.17) | (1,824,588,724.04) |
| **Net Earned Premiums** | **1,844,073,066.81** | **1,116,376,350.49** |
| Commission Income | 559,620,926.17 | 369,718,228.32 |
| Other Direct Income | 30,420,593.96 | 10,309,165.59 |
| Income from Investments & Loans | 734,199,542.92 | 503,401,072.31 |
| Net Gains/ (Losses) on Fair Value Changes | 5,701,670.00 | 6,815,900.86 |
| Net Realised Gains/ (Losses) | (153,422,570.57) | - |
| Other Income | 16,266,202.88 | 10,991,803.35 |
| **Total Income** | **3,036,859,432.17** | **2,017,612,520.92** |
| **Expenses:** | | |
| Gross Claims Paid | 2,138,149,466.52 | 3,008,416,182.21 |
| Claims Ceded | (1,150,930,338.20) | (2,211,209,176.76) |
| Gross Change in Contract Liabilities | (351,998,225.82) | (1,669,922,618.60) |
| Change in Contract Liabilities Ceded to Reinsurers | 563,130,355.05 | 1,523,422,006.95 |
| **Net Claims Incurred** | **1,198,351,257.56** | **650,706,393.80** |
| Commission Expenses | 37,572,612.06 | 36,087,921.62 |
| Service Fees | 14,124,290.47 | 9,779,976.65 |
| Other Direct Expenses | 14,830,170.68 | 11,732,944.32 |
| Employee Benefits Expenses | 595,696,270.96 | 391,608,043.45 |
| Depreciation and Amortization Expenses | 47,072,336.71 | 38,407,345.50 |
| Impairment Losses | 35,411,566.44 | 34,215,360.59 |
| Other Operating Expenses | 203,597,777.64 | 138,941,691.96 |
| Finance Cost | 14,199,700.27 | 9,009,887.92 |
| **Total Expenses** | **2,160,855,982.78** | **1,320,489,565.81** |
| **Net Profit/(Loss) For The Year Before Share of Net Profits of Associates Accounted for Using Equity Method and Tax** | **876,003,449.39** | **697,122,955.12** |
| Share of Net Profit of Associates accounted using Equity Method | - | - |
| **Profit Before Tax** | **876,003,449.39** | **697,122,955.12** |
| Income Tax Expense | 187,814,298.00 | 317,803,450.60 |
| **Net Profit/ (Loss) For The Year** | **688,189,151.39** | **379,319,504.52** |
| **Earning Per Share** | | |
| Basic EPS | 24.52 | 13.52 |
| Diluted EPS | 24.52 | 13.52 |

### Statement of Changes In Equity
For The Year Ended Ashadh 31, 2081 (July 15, 2024)

Fig in NPR.

| Particulars | Ordinary Share Capital | Preference Shares | Share Application Money Pending Allotment | Share Premium | Retained Earnings | Revaluation Reserves | Special Reserves | Capital Reserves | Catastrophe Reserves | Corporate Social Responsibility (CSR) Reserves | Insurance Fund Including Insurance Reserve | Fair Value Reserves | Actuarial Reserves | Deferred Tax Reserve | Other Reserves | Total |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **Balance as at Shrawan 1, 2080** | **2,806,549,900.00** | **-** | **-** | **475,935.00** | **457,734,321.71** | **364,809,787.64** | **2,500,000,000.00** | **-** | **137,634,531.21** | **14,203,379.74** | **-** | **1,234,579,059.87** | **(41,329,990.80)** | **80,962,328.20** | **10,984,084.00** | **7,566,603,336.57** |
| Prior Period Adjustment | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| **Restated Balance as at Shrawan 1, 2080** | **2,806,549,900.00** | **-** | **-** | **475,935.00** | **457,734,321.71** | **364,809,787.64** | **2,500,000,000.00** | **-** | **137,634,531.21** | **14,203,379.74** | **-** | **1,234,579,059.87** | **(41,329,990.80)** | **80,962,328.20** | **10,984,084.00** | **7,566,603,336.57** |
| Profit/(Loss) For the Year | | | | | 688,189,151.39 | | | | | - | | | | | | 688,189,151.39 |
| **Other Comprehensive Income for the Year, Net of Tax** | | | | | | | | | | - | | | | | | - |
| i) Changes in Fair Value of FVOCI Debt Instruments | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ii) Gains/ (Losses) on Cash Flow Hedge | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| iii) Exchange differences on translation of Foreign Operation | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| iv) Changes in fair value of FVOCI Equity Instruments | - | - | - | - | - | - | - | - | - | - | - | (193,391,787.94) | - | - | - | (193,391,787.94) |
| v) Revaluation of Property and Equipment/ Intangible Assets | - | - | - | - | - | 9,744,830.41 | - | - | - | - | - | - | - | - | - | 9,744,830.41 |
| vi) Re-measurement of Post-Employment Benefit Obligations | - | - | - | - | - | - | - | - | - | - | - | - | 1,417,170.30 | - | - | 1,417,170.30 |
| Transfer to Reserves/ Funds | - | - | - | - | (36,765,173.21) | - | - | - | 30,637,644.34 | 6,127,528.87 | - | - | - | - | - | (0.00) |
| Transfer of Deferred Tax Reserves | | - | - | - | (75,436,264.63) | - | - | - | - | - | - | - | - | 75,436,264.63 | - | - |
| Transfer of Depreciation on Revaluation of Property, Plant Equipment | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| Transfer on Disposal of Property and Equipment | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| Transfer on Disposal of Equity Instruments Measured at FVTOCI | - | - | - | - | 375,435,112.64 | - | - | - | 19,969,952.80 | 3,993,990.56 | - | (399,399,056.00) | - | - | - | - |
| Share Issuance Costs | - | - | - | - | - | - | - | - | | - | - | - | - | - | - | - |
| Transer of Insurance Fund including Insurnce Reserve | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| Transer of Regulatory Reserve | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| Transer from SIL | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| Business Combination | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| **Contribution by/ Distribution to the owners of the Company** | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| i) Bonus Share Issued | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ii) Share Issue | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| iii) Cash Dividend | - | - | - | - | (301,060,562.00) | - | - | - | - | - | - | - | - | - | - | (301,060,562.00) |
| iv) Dividend Distribution Tax | - | - | - | - | (7,659,927.00) | - | - | - | - | - | - | - | - | - | - | (7,659,927.00) |
| v) Others | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| **Balance as at Ashadh 31, 2081** | **2,806,549,900.00** | **-** | **-** | **475,935.00** | **1,100,436,658.91** | **374,554,618.05** | **2,500,000,000.00** | **-** | **188,242,128.34** | **24,324,899.17** | **-** | **641,788,215.94** | **(39,912,820.50)** | **156,398,592.83** | **10,984,084.00** | **7,763,842,211.74** |

मन्दी कुनै दैवी प्रकोप होइन । यो त आर्थिक कुप्रबन्धनको नतिजा हो ।
**- जोसेफ स्टिग्लिज**

सम्पादकीय

# नेपाल टेलिकममा सरकारी स्वामित्व घटाउन आवश्यक

**टेलिफोन, मोबाइल तथा इन्टरनेट सेवा प्रदायक सरकारी संस्था नेपाल टेलिकममा सर्वसाधारणको हिस्सा बढाएर २५ प्रतिशत पुऱ्याउने सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वीसुब्बा गुरुङले बताएका छन् । सरकारी संस्थानमा निजी क्षेत्र प्रवेश भएपछि त्यसले प्रगति गरेको उदाहरण दिनु पऱ्यो भने नेपाल टेलिकमको नाम अगाडि आउँछ । सरकारी संस्थान भए पनि यसले राम्रो मुनाफा आर्जन गरेको छ र सेवा पनि अन्य सरकारी कम्पनीको दाँजोमा स्तरीय नै छ । यद्यपि निजी क्षेत्रसँग प्रतिस्पर्धा गर्न यसलाई गाह्रो भइरहेको देखिन्छ । टेलिकमको लागत बढी छ । यस्तोमा यसमा सर्वसाधारणको हिस्सा बढाउने हो भने त्यसलाई सरकारी नियन्त्रणबाट टाढा राख्नुपर्छ र यसलाई पूर्ण व्यावसायिक बनाउनु पर्छ ।**

**अहिले नेपाल टेलिकममा सरकारको स्वामित्व ९२ प्रतिशत रहेको छ भने ८ प्रतिशत शेयर सर्वसाधारणलाई विक्री गरिएको छ । शेयर बजारमा निकै ठूलो पूँजीकरण भएको संस्था भए पनि संस्थानको ज्यादै थोरै शेयर मात्र शेयर बजारमा सूचीकृत भई कारोबार भइरहेको छ । सरकारी नियन्त्रण हुँदा टेलिकमले छिटो छिटो निर्णय गर्न सकिरहेको छैन किनभने यसको सञ्चालक समितिमा पदेन सचिवहरूसमेत सदस्य हुन्छन् । निजी टेलिकमले केही मिनेटमा गर्न सक्ने निर्णय टेलिकमका लागि भने महीनौं लाग्ने गरेको छ । त्यसले यसको विकासमा असर पारेको देखिन्छ ।**

**दूरसञ्चार प्रविधि भनेको ज्यादै छिटो परिवर्तन हुने प्रविधि हो । एकाध महीनामै कुनै प्रविधि पुरानो भएर हराइसक्न सक्छ । टेलिकमले कुनै प्रविधि खरीद गर्न आँट्यो भने उसको प्रक्रिया पूरा गर्दा त्यो प्रविधि काम नलाग्ने भइसकेको हुन्छ । त्यसैले छिटो छिटो निर्णय गर्न सक्नुपर्छ । सरकारी भएकाले नियम, कानून र प्रक्रिया पूरा गर्न निकै समय लाग्ने गरेको छ । त्यसलाई छिटोछरितो बनाउन बिस्तारै सरकारी स्वामित्व घटाउँदै जानु उपयुक्त हुन्छ । निगमको महाप्रबन्धक नियुक्तिमा राजनीतिक चलखेल हुने गरेको**

**अहिले नेपाल टेलिकमको व्यवसाय घटिरहेको छ । फिक्स्ड ल्यान्डलाइनको सेवा लिने ग्राहक घटिरहेका छन् । इन्टरनेट सेवा पनि तीव्र गतिका नहुँदा अपेक्षित मात्रामा व्यवसाय विस्तार हुन सकिरहेको छैन ।**

**छ । यसरी नियुक्त महाप्रबन्धकले पूर्ण व्यावसायिक भएर काम गर्ने सम्भावना कमै हुन्छ । उसले सरकारको इच्छामा काम गर्नुपर्ने हुन्छ । पूर्णतया सरकारी स्वामित्व हुँदा के हुन्छ भन्ने कुराको उदाहरण दिन नेपाल वायु सेवा निगम पर्याप्त देखिन्छ । सरकार परिवर्तन हुनासाथ नेतृत्व परिवर्तन हुने र उसले सुधारको केही पनि काम गर्न नभ्याउने वा नपाउने अवस्थाका कारण यो सार्वजनिक संस्थानको दुर्दशाको ज्वलन्त नमुना बनिरहेको छ । त्यही भएर निगमलाई पनि टेलिकमको मोडलमा सञ्चालन गर्नुपर्छ भन्ने आवाज पनि उठेको छ । नेपाल टेलिकममा भने थोरै भए पनि सर्वसाधारणको शेयर भएको र सञ्चालक समितिमा सर्वसाधारणबाट पनि सदस्य हुने भएकाले यसमा निगममा जस्ता मनपरी हुँदैन भन्ने विश्वास छ ।**

**सकिन्छ भने यसलाई निजीकरण गर्नु वा सबै शेयर निजी क्षेत्रलाई दिनु उपयुक्त हुन्छ । तर, तत्काल यो सम्भव नहुँदा सर्वसाधारणको शेयर हिस्सा बढाउनु एउटा उपाय हुन सक्छ । यसरी सर्वसाधारणको हिस्सा बढाउँदा नेपाल टेलिकमका ग्राहकलाई शेयर दिनु पनि उपयुक्त हुन सक्छ ।**

**अहिले नेपाल टेलिकमको व्यवसाय घटिरहेको छ । फिक्स्ड ल्यान्डलाइनको सेवा लिने ग्राहक घटिरहेका छन् । इन्टरनेट सेवा पनि तीव्र गतिका नहुँदा अपेक्षित मात्रामा व्यवसाय विस्तार हुन सकिरहेको छैन । यद्यपि इन्टरनेटमा यसको बजार हिस्सा बढ्दो छ । यस्तोमा यसका ग्राहकलाई नै शेयर दिने योजना २०७८ सालमा तत्कालीन अर्थमन्त्री विष्णु पौडेलले बजेटमार्फत ल्याएका थिए । तर, त्यो योजना लागू भएन । अहिले फेरि शेयर संरचना परिवर्तन गर्ने भनी मन्त्रीले अभिव्यक्ति दिएपछि त्यो योजनाको चर्चा शुरु भएको छ । त्यसो गर्दा ग्राहकले अपनत्वको अनुभव गर्ने, त्यसले टेलिकमको सेवा विस्तार हुने तथा व्यवसाय बढाउन मद्दत गर्ने अवस्था आउन सक्छ । जेजसरी हुन्छ यसमा सरकारी हिस्सा भने घटाउनै पर्छ ।**

आर्थिक अभियान

१० वर्षअघिको आर्थिक अभियानबाट

## क्षतिपूर्तिसहितको बडापत्रले जगाएको आशा

सरकारले बढी भीडभाड हुने पाँचओटा विभागका कर्मचारीले ढिलासुस्ती गरेर सेवाग्राहीलाई नोक्सानी पुऱ्याएको खण्डमा सम्बन्धित कर्मचारीबाटै क्षतिपूर्ति भराउने बडापत्र जारी गरेको छ । सेवाग्राहीलाई क्षतिपूर्तिको व्यवस्था गरेर सरकारले नेपालको कानूनी व्यवस्थामा 'ल अफ टर्ट'लाई समाहित गर्न खोजेको देखिन्छ । सेवाग्राहीको काम ढिला गरिदिने वा बिगारिदिने कर्मचारीको प्रवृत्तिप्रति अहिलेसम्म सम्बन्धित संस्थालाई नै जिम्मेवार ठहऱ्याउने प्रचलनलाई क्षतिपूर्ति नियमले समाप्तै गरिदिने नभए पनि अवश्यमेव न्यून गराउँछ । तर, काममा ढिलासुस्ती गरे मात्र यो नियम लाग्ने भएकाले सेवाग्राहीको काम नै बिगारिदिएर दुःख दिने प्रवृत्ति भने यसले घटाउन सक्दैन ।

केही समयभित्रै लागू हुने भनिएको उक्त बडापत्रमा काम बिगारेर नियतवश सेवाग्राहीलाई अनावश्यक झन्झट र दुःख दिने प्रवृत्ति अन्त्य गर्न पनि क्षतिपूर्तिको व्यवस्था गर्नु उपयुक्त देखिन्छ । यसो हुन सकेमा निश्चय पनि काम ढिला गर्ने वा बिगारेकोमा संस्थालाई होइन, सम्बन्धित कर्मचारीलाई नै जिम्मेवार बनाउने सरकारी अपेक्षा पूर्ण हुन सक्छ ।

**(सम्पादकीयबाट)**

**वर्ष ८, अंक १४६, मङ्गलवार, १ फागुन, २०६९**

# औद्योगिक विकासमा स्थानीय सरकारसँग सहकार्य


## दोहोरो करले उद्योगीव्यवसायीलाई समस्या

अहिले स्थानीय सरकार र उद्यमी व्यवसायीबीच औद्योगिक व्यवसायमा स्थानीय सरकारले लगाउने कर सम्बन्धमा व्यापक विवाद छ । उद्यमीहरूका अनुसार स्थानीय सरकारले दोहोरो कर लगाएको छ, अनधिकृत कर लगाएको छ, स्थानीय सरकार सञ्चालन ऐनमा भएको व्यवस्थाविपरीत कर लगाएको छ, ठेक्काबाट कर उठाउने बहानामा कुण्डलेमुण्डले प्रयोग गरी कर उठाएको छ, करदाताले तिर्न नसक्ने गरी कर लगाएको छ । एक स्थानीय सरकारले एक ठाउँमा मात्र कर लगाउन पाउनेमा हरेक जिल्लामा जबरजस्ती कर उठाएको छ भन्ने भनाइ छ भने अर्कोतर्फ स्थानीय सरकार आफूले उठाउन पाउने कर कार्यपालिकाबाट निर्णय गराई उठाएको तर्क गर्छन् र स्थानीय सरकार सञ्चालनका लागि कर उठाउनु बाध्यता रहेको बताउँछन् । वास्तविकता के हो ? त, यसमा कानूनी पाटो के छ ? अध्ययन गरी दुवै संस्थाबीचको विवाद सल्टाउन जरुरी छ ।

मुलुकको समग्र आर्थिक समुन्नतिका लागि तीव्र औद्योगिक विकास गर्नु, नेपालको प्राकृतिक सम्पदाका रूपमा रहेको जल, जमीन, जंगल, जडीबुटी, जनशक्तिमा रहेको प्रचुर सम्भावनालाई प्रभावशाली रूपमा परिचालन गर्नु आजको आवश्यकता हो । यसका लागि तीनै तहका सरकारका साथै निजीक्षेत्रबीचको आपसी विश्वास, सहयोग र सहकार्यको आवश्यकता पर्छ । यसै क्रममा अहिलेको स्थानीय तहहरू औद्योगिक र व्यावसायिक विकासमा कति सहयोगी छन् । स्थानीय करसहित उनीहरूको अन्य क्रियाकलापबाट कस्तो प्रभाव परिरहेको छ ? संविधान र कानूनतः स्थानीय सरकारको कार्यक्षेत्र के हो ? अहिलेको बहसको विषय हो ।

नेपालको संविधान २०७२ ले संघ, प्रदेश र स्थानीय सरकार बीचको आर्थिक अधिकार क्षेत्र निर्धारण गरेको छ । तीनै तहको एकल अधिकार, संघ र प्रदेशबीचको साझा अधिकार, प्रदेश र स्थानीय पालिकाबीचको साझा अधिकारको व्यवस्था गरी संविधानको अनुसूचीमा उल्लेख गरिएको छ ।

त्यसबाहेक स्थानीय सरकार सञ्चालन गर्न संघीय सरकारले स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी गरेको छ । जुन ऐनको परिच्छेद ९ दफा ५५ देखि ६२ सम्म स्थानीय सरकारले लगाउन पाउने करबारे उल्लेख गरेको छ । तर, कानूनी व्यवस्थाअनुसार स्थानीय सरकारले औद्योगिक एवम् व्यावसायिक विकासका लागि पर्याप्त कार्य गरेका छैनन् र हरेक गाउँपालिकाले आफ्नो गाउँपालिकाभित्र र हरेक नगरपालिकाले आफ्नो वडाभित्र औद्योगिक ग्राम स्थापना गर्नुपर्नेमा त्यो गरेका छैनन् । आफ्नो क्षेत्रमा औद्योगिकीकरणका लागि सहजकर्ताका रूपमा उभिन सकेका छैनन् । आफ्नो क्षेत्रमा औद्योगिकीकरण गरी त्यसबाट राजस्व प्राप्त गर्नुपर्नेमा सोको लागि उनीहरूको कुनै कार्यक्रम छैन । कतिपय ठाउँ र अवस्थामा त स्थानीय जनप्रतिनिधिहरू औद्योगिक विकासमा सहयोगी हुनुको सट्टा बाधकका रूपमा खडा भएका छन् । ससाना कुरामा उद्योगीलाई दुःख दिने, गैरकानूनी लाभ लिन खोज्ने, अनावश्यक हस्तक्षेपको प्रयत्न गर्ने, समयमा नै आफूले गर्नुपर्ने कार्य नगरी दिने, औद्योगिकीकरणका लागि चाहिने पूर्वाधार विकासमा चासो नदिने आदि अनेकौं समस्या देखिएका छन् । परिणाम स्वरूप अपवादबाहेक कुनै पनि स्थानीय तहमा अपेक्षित औद्योगिक विकास हुन सकेन र फलतः पर्याप्त आर्थिक विकास हुन नसक्नु र रोजगारी सृजना नहुँदा मुलुकबाट लाखौं युवा विदेश पलायन भइरहेका छन् ।



**संघीय सरकारको अधीनमा रहेका राष्ट्रिय राजमार्गमा उसले कुनै कर लगाउन पाउँदैन । र, यस सम्बन्धमा संघीय मन्त्रालयको स्पष्ट निर्देशन छ । तर, कतिपय पालिका कानून एवम् संघको निर्देशनलाई अटेर गरी कर लगाइरहेका छन् ।**

**- हरि गौतम**

अब स्थानीय सरकार र उद्योगी व्यवसायीबीच स्थानीय कर सम्बन्धमा के विवाद छ ? र त्यसको कानूनी पाटो कस्तो छ ? विवेचना गरौं ।

उद्योगी व्यवसायीका अनुसार स्थानीय सरकारहरू औद्योगिक एवम् व्यावसायिक विकासको लागि सहयात्री वा सहयोगी छैनन् । उनीहरूलाई जसरी भए पनि बढी कर चाहिएको छ । पुनः स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले गरेको व्यवस्थाको अधीनमा रहेर उनीहरू कर लगाउन पाउने भए तापनि कर लगाउँदा यो ऐनको उल्लंघन गरी कर लगाउने, कर उठाउने कार्य ठेक्कामा दिने, ठेकेदारले गर्ने ज्यादती माथि आँखा चिम्लिने जस्ता कार्यहरू गरेकाले उद्योग व्यवसाय फस्टाउन समस्या भइरहेको छ । यससम्बन्धी सङ्घीय तहबाट नै स्पष्ट कानूनी व्यवस्था नगर्ने हो भने दोहोरोतेहोरो करको माध्यमबाट लगाइने कर, कर उठाउन प्रयोग गरिएका ठेकेदारको ज्यादतीका कारणबाट उद्योग व्यवसाय चल्न नसक्ने र अन्ततः त्यसको असर मुलुकको समग्र अर्थतन्त्रमा पर्न सक्ने छ ।

कुनै उद्योगी व्यवसायीले गरेको कारोबारको ब्यालेन्स सीट हेर्ने अधिकार सम्मानित अदालत वा राजस्व कार्यालयमा मात्र हुन्छ । तर, कतिपय स्थानीय सरकारले गैरकानूनी कर लगाउनका लागि उद्योगको ब्यालेन्स सीट माग्ने गरेकाले यसबाट स्थानीय सरकार र उद्योगीबीच द्वन्द्व भई अन्ततः अर्थतन्त्रमा असर पर्छ । तसर्थ गैरकानूनी तरीकाबाट ब्यालेन्स सीट माग गर्न नपाइने गरी स्पष्ट व्यवस्था हुनुपर्ने माग उद्योगीहरूको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५५ देखि दफा ६२ सम्म स्थानीय सरकारले कुन कुन वस्तुमा कर लगाउन पाउने भन्ने स्पष्ट व्यवस्था छ । तर, स्थानीय सरकारले उक्त व्यवस्थालाई बेवास्ता गरी ऐनमा नै नभएको विषयमा नयाँनयाँ कर लगाउने प्रवृत्ति छ । उदाहरणका लागि आव २०८१/८२ मा जितपुर सिमरा उपमहानगरपालिकाले पास गरेको बजेटमा प्रदूषण नियन्त्रण शुल्क, सवारीसाधन कर, सडक उपयोग शुल्क लगाएको छ भनी उद्योगहरू भन्छन् ।

**व्यवसाय कर सम्बन्धमा पनि कुनै उद्योगी व्यवसायीले आफ्नो उद्योग दर्ता गर्दा संघीय वा प्रदेश सरकारलाई व्यवसाय दर्ताबापतको राजस्व तिरिसकेको हुन्छ । पुनः सोही विषयमा स्थानीय सरकारले दोहोरो कर लिँदा प्राकृतिक न्यायको दृष्टिबाट समेत जायज नहुने भएकाले स्थानीय सरकारले यस्तो कर लिनु हुँदैन ।**

स्थानीय सरकारले लगाउने घरजग्गा कर भनेको व्यक्तिको घर जग्गा कर हो । तर, कुनै पनि उद्योगले उद्योग सञ्चालन गर्न खरीद गरेको घर जग्गामा कर लगाउनु न्यायोचित हुँदैन । किनकि उद्योग सञ्चालन गर्ने घर जग्गा भनेको व्यक्तिको सम्पत्ति होइन, त्यसमा करीब ७०५ बैंकको ऋण र ३० प्रतिशत लगानीकर्ताको लगानी रहेको हुन्छ । उक्त उद्योगको सम्पत्ति विक्री गर्दा आउने मुनाफाबाट उसले आयकर बुझाएको हुन्छ । उद्योगले रोजगारी सृजना गर्छ, भ्याट तिर्छ । संसारभरिको सर्वमान्य सिद्धान्त के हो भने कुनै सम्पत्ति विक्री गर्दा हुने मुनाफाबाट आयकर तिरिन्छ भने त्यस सम्पत्तिमाथि छुट्टै सम्पत्ति कर लाग्नु हुँदैन । स्थानीय सरकार सञ्चालन ऐनको दफा ५५ मा औद्योगिक सम्पत्तिमा कर लाग्ने नभने तापनि यसको स्पष्ट व्याख्या नगरिएकाले स्थानीय सरकारले जबरजस्ती औद्योगिक सम्पत्तिमा सम्पत्ति कर लिएका छन् । यो व्यवस्था खारेज हुनुपर्छ भन्ने धारणा औद्योगिक क्षेत्रको छ ।

व्यवसाय कर सम्बन्धमा पनि कुनै उद्योगी व्यवसायीले आफ्नो उद्योग दर्ता गर्दा संघीय वा प्रदेश सरकारलाई व्यवसाय दर्ताबापतको राजस्व तिरिसकेको हुन्छ । पुनः सोही विषयमा स्थानीय सरकारले दोहोरो कर लिँदा प्राकृतिक न्यायको दृष्टिबाट समेत जायज नहुने भएकाले स्थानीय सरकारले यस्तो कर लिनु हुँदैन । कबाडी कर सम्बन्धमा स्थानीय सरकारले अहिले मनपरी ढंगबाट कर तोकिरहेका छन् । स्थानीय सरकार सञ्चालन ऐनमा कबाडीको स्पष्ट व्यवस्था गरेको छैन । तसर्थ स्थानीय सरकारले आफ्नो मनखुशी औद्योगिक कच्चा पदार्थका ससाना टुक्रा आदि औद्योगिक उत्पादन आदिलाई आफूखुशी कबाडी घोषणा गरी ठेकेदारका माध्यमबाट आतंक खडा गरिरहेका छन् । हुँदाहुँदा कतिपय औद्योगिक कच्चा पदार्थ एवम् औद्योगिक विक्रीका सामानलाई पनि कबाडी भनी कर असुल गरिरहेका छन् । तसर्थ कबाडीको स्पष्ट व्याख्या कानूनमा नै हुन जरुरी छ ।

औद्योगिक एवम् व्यावसायिक सामान ओसारपसार सम्बन्धमा पनि कुनै एक स्थानीय सरकारले कुनै वस्तुमा कर लगाइसकेपछि अर्को स्थानीय सरकारले कर लगाउन मिल्दैन । तर, काठमाडौंबाट काँचो छाला वा कबाडीको सामान लिएर हिंडेको एउटा ट्रकले वीरगञ्जसम्म आइपुग्दा कमसेकम ७ ठाउँमा कर तिर्नुपर्छ । बाटोबाटोमा लोड भएको गाडी खडा गरिन्छ ।

स्थानीय सरकारले क्षमताले भ्याएसम्म कर लगाउने कानूनी प्रावधान छ । तर, कर उठाउने मामिलामा व्यक्ति वा संस्थाको कर तिर्न सक्ने क्षमतामा विचार गरिंदैन ।

पार्किङ शुल्क सम्बन्धमा ऐनमा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ सेवा उपलब्ध गराएबापत पार्किङ शुल्क लिन पाउने उल्लेख छ । तर, स्थानीय सरकारले पार्किङ सेवा उपलब्ध नगराई जथाभावी पार्किङ शुल्क लगाउँदै आएको छ । पुनः स्थानीय सरकार सञ्चालन ऐनमा स्थानीय सरकारलाई सवारी कर लिन पाउने कुनै अधिकार छैन । अझ संघीय सरकारको अधीनमा रहेका राष्ट्रिय राजमार्गमा उसले कुनै कर लगाउन पाउँदैन । र, यस सम्बन्धमा संघीय मन्त्रालयको स्पष्ट निर्देशन छ । तर, कतिपय पालिका कानून एवम् संघको निर्देशनलाई अटेर गरी कर लगाइरहेका छन् । माथि उल्लिखित विषयहरूमा संघीय तहबाट नै स्पष्ट कानून बन्न जरुरी छ ।

*लेखक वीरगञ्ज उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष हुन् ।*

पाठक पत्र

## पाथीभरा केबलकार विरोध किन ?

पाथीभरा मन्दिरमा जाने यात्रुलाई सहज हुने र अहिले जति तीर्थयात्री त्यहाँ पुगेका छन् त्यसको दाँजोमा कयौं गुणा बढी तीर्थयात्रुलाई त्यहाँ पुऱ्याउने उद्देश्यले व्यावसायिक केबलकार निर्माणको काम थालनी भएसँगै यसको विरोध व्यापक रूपमा भइरहेको छ । स्थानीयको विरोध भनिए पनि त्यहाँ स्थानीयभन्दा पहिचान पक्षधरहरूको संख्या बढी छ । नेपालमा कुनै पनि आयोजना बन्न लाग्यो भने त्यसबाट हुने फाइदाभन्दा बेफाइदालाई बढाईचढाई व्याख्या गरिन्छ र त्यसको धुँवादार विरोध गरिन्छ । अरुण तेस्रो आयोजनामा भएको विरोधमा त्यो आयोजनाबाट ऋण लगानी गर्न तयार भएको विश्वबैंकले हात झिक्यो । त्यसको असर नेपालको जलविद्युत् क्षेत्रमा निकै लामो समयसम्म पऱ्यो । अहिले त्यो आयोजना भारतले बनाउँदै छ । भारतकै इसारामा त्यसको विरोध भएको भन्नेको संख्या पनि उत्तिकै छ । पाथीभराको विरोध पनि त्यस्तै नहोस् भन्नेमा ध्यान जानु पर्छ ।

केबलकार निर्माणले पाथीभराको दर्शन गर्न जो कोहीलाई सहज बनाउँछ । यसका नाममा विरोध हुनु र केबलकार नै बन्न नदिनु भनेको त्यहाँ जान नसक्नेहरूलाई रोक्नु हो । कतिपयले केदारनाथ मन्दिरमा जान भारतले केबलकार बनाउन नसकेर नबनाएको हो र भनेर तर्क पनि गरेका छन् । तर मन्दिर जानका लागि भारतमा केबलकार नबनेको होइन । केबलकार बन्दा बीचका केही भूभागले आर्थिक अवसर गुमाउँछन् भन्ने तर्क सही हो । मनकामनामा केबलकार बनेपछि पहिला पैदल यात्रा गरिने केही क्षेत्र अहिले उजाड बनेका छन् । तर, केबलकार बनेपछि माथि मन्दिर क्षेत्रमा भने निकै चहलपहल बढेको छ । पाथीभराको मन्दिरमा केबलकार पुग्दा पनि यस्तै हुने सम्भावना धेरैले देखेका छन् । रोजगारी खोस्छ भन्ने तर्कसँग चाहिँ सहमत हुन सकिन्न । किनभने प्रत्येक आविष्कार र विकासले परम्परागत पेशा खोस्छ तर नयाँ कामको अवसर जन्माउँछ । त्यहाँ पनि त्यस्तै हुन सक्छ ।

केबलकार बनाउनै हुन्न र जसरी पनि बनाउनुपर्छ भन्ने विवादलाई चर्को बनाएर जनधनको क्षति हुने अवस्था आउनु राम्रो होइन । त्यसैले समस्या समाधानका लागि सबै पक्ष जिम्मेवार बन्नु पर्छ । सरकारले आन्दोलनरत पक्षका मागलाई सम्बोधन गरेर केबलकार निर्माणलाई सहजीकरण गर्नु उपयुक्त हुन्छ । हिँड्न नसक्ने धर्मावलम्बीलाई बोकेर मन्दिरसम्म पुऱ्याउने र ल्याउने मानिस बोक्ने भरियाको व्यवस्था माथिल्लो फेदीदेखि छ । त्यसका लागि कम्तीमा १० हजार रुपैयाँ तिर्नुपर्छ । गोजीमा पैसा नहुनेहरूका लागि त्यो व्यवस्था व्यर्थ छ । हुन त केबलकार निर्माणले त्यहाँका भरियाहरूको रोजगारी गुम्न सक्छ । केबलकार सञ्चालकले त्यहाँका भरियाहरूका लागि वैकल्पिक व्यवस्था गर्नुपर्ने हुन्छ । केबलकार निर्माण ताप्लेजुङको समृद्धिको आधार हुन सक्छ भन्ने पनि बिर्सनु हुँदैन ।

केबलकारको विरोधमा सातादेखि पूर्वमा यातायात बन्द हुँदा जनजीवन प्रभावित भएको छ । यसलाई विकास पक्ष र विकास विरोधी पक्ष भनेर भनिहाल्नु चाहिँ हुँदैन । तर, त्यसमा भएको मतभेदको मुख्य आधार के हो भनेर पर्याप्त छलफल हुनुपर्छ । नेपालमा एउटै मन्दिरस्थलमा फरक फरक धार्मिक आस्था भएका व्यक्तिहरूले फरक फरक तरिकाले पूजाअर्चना गर्ने गरेको पाइन्छ । हलेसी महादेव यसको एउटा उदाहरण हो । पाथीभरामा पनि त्यस्तै मतभेद छ । यस्तो मतभेदका कारण त्यहाँको विकास रोकिनु हुँदैन । बरु अहिले प्रस्तावित ठाउँभन्दा केही फरक ठाउँमा बेस बनाएर निर्माण गर्दा पहिचान पक्षधरको मतलाई सम्बोधन हुन्छ भने त्यसका लागि कम्पनी तयार हुनुपर्छ । मुक्कुमलुङ लिम्बु समुदायको मुन्धुमस्थल भएकाले केबलकार निर्माण गरेर त्यसको अस्तित्व मेट्न नहुने भन्दै त्यसलाई यथावत् अवस्थामा राख्नु पर्ने आन्दोलनरत पक्षको माग छ । त्यो माग पनि अर्थपूर्ण छ । धार्मिक र जातीय आस्थाको कुरा आएपछि त्यस विषयमा सुन्नै पर्छ । तर, केबलकार बनाउनै हुन्न भने पक्ष चाहिँ जायज मान्न सकिन्न ।

*दिनेश अधिकारी*
*बौद्ध, काठमाडौं ।*

## राष्ट्र बैंकको खोसिएको स्वायत्तता

नेपाल राष्ट्र बैंकको स्वायत्त हुनुपर्छ, विश्वभरिकै अभ्यास यही हो । तर अहिले राष्ट्र बैंकको स्वायत्ततामाथि प्रश्नहरू उठेको केही समय भइसकेको छ । सरकारले भनेको कुरा राष्ट्र बैंकले मान्नुपर्ने व्यवस्था ऐनमा गरिएपछि यसको स्वायत्तता खोसिएको हो । पहिला पनि यसमा प्रश्न उठेको थियो । नेपाल राष्ट्र बैंक ऐन २०५८ आएपछि यो विवादको समाधान भएको थियो । ऐनमा जेजस्ता व्यवस्था भए पनि सरकारले कुनै न कुनै रूपमा राष्ट्र बैंकमा हस्तक्षेप गरेको पाइन्छ । सरकारले केन्द्रीय बैंकको गभर्नरलाई पूर्ण समय नै कार्य गर्न नदिई बर्खास्तसमेत गरेको इतिहास छ । यद्यपि उनी पछि अदालतको आदेशबाट पुनर्बहाली भए । केन्द्रीय बैंकको गभर्नरलाई एक आज्ञाकारी पात्रका रूपमा मात्र हेर्ने प्रवृत्ति अहिले सरकार चलाउनेहरूमा रहेको पाइन्छ ।

आफू अनुकूलको गभर्नर ल्याएर काम गर्न भन्दा पनि बैंक तथा वित्तीय क्षेत्रको बलियो नियमनका लागि स्वतन्त्र निकायको खाँचोका लागि हो केन्द्रीय बैंकको आवश्यकता परेको । अर्थमन्त्रालयकै कुनै एकाइ जस्तो बनाएर केन्द्रीय बैंकको काम फत्ते हुनसक्दैन । अहिलेसम्म नेपाली बैंक तथा वित्तीय क्षेत्रप्रति कायम रहेको आम विश्वास केन्द्रीय बैंकको कठोर र चुस्त नियमनका कारण नै हो भन्न सकिन्छ । सरकारकै बैंक भए पनि केन्द्रीय बैंक सरकारभन्दा स्वतन्त्र हुनुपर्छ मान्यता विश्वभरि नै रहेको छ । सरकारभन्दा पनि केन्द्रीय बैंक नियमनका कठोर हुन्छ किनभने उसलाई चुनाव जित्नका लागि कुनै वाचा गर्नुपर्दैन । त्यसैले राजनीतिले गर्नेजस्तो सम्झौता राष्ट्र बैंकले गर्दैन । राजनीतिमा नजानिँदो समझदारी भैरहेको हुन्छ जुन आम नागरिकलाई उस्तो थाहा हुन्न । तैपनि केन्द्रीय बैंकका गभर्नर र अर्थ मन्त्रीबीचको समन्वय हुनुपर्छ । समन्वय नहुँदा के हुन्छ भन्ने कुरा विगतको सरकार र गभर्नरबीचको द्वन्द्वले पुष्टि गरेको छ । नेपालमा समन्वयको त्यो संस्कारको विकास हुन सकिरहेको छैन । मौद्रिक नीति बनाउँदा जहिले पनि सरकारको सोच र बैंकको सोचमा देखिएको फरकले यसलाई पुष्टि गर्छ । वित्तीय संस्था स्वस्थ र बलियो बन्नका लागि केन्द्रीय बैंकको भूमिका विशेष हुन्छ । त्यसैले यसको स्वायत्तता हनन गर्नु हुँदैन । सरकारले आफ्नो स्वार्थअनुसार राष्ट्र बैंकलाई प्रयोग गर्न थाल्यो भने बैंकहरू धराशयी बन्न बेर लाग्दैन । त्यसो हुँदा अर्थतन्त्र नै ध्वस्त हुन पनि सक्छ ।

*सोमेश थपलिया*
*बालाजु हाइट, बालाजु, काठमाडौं ।*

## अमेरिकी सहयोग बन्दको प्रभाव के होला ?

अमेरिकी सहयोग यूएसएआइडीको सहयोग कार्यक्रम राष्ट्रपति ट्रम्पले बन्द गरेका छन् । यो कार्यालय नै खारेजी गरेको समाचार आएको छ । विश्वभरि करोडौं डलर अमेरिकाले यस संस्थाबाट सहयोग गर्दै आएको थियो । खासगरी मानवीय सहायताका कार्यक्रम सञ्चालित थिए । यसबाट अब अमेरिका पछि हटेको छ । यसको प्रभाव नेपाल पनि परेको छ ।

यूएसएआइडीले अर्थमन्त्रालयलाई पत्र लेख्दै ४ प्रकारका आयोजनामा प्राप्त अनुदान सहयोग तत्काल ९० दिनका लागि रोकिएको जानकारी गराएसँगै नेपाल सरकारको बजेटरी सिस्टममा भएका बाहेक अरू सहयोग तत्काल नआउने भएको छ । ९० दिनका लागि यो स्थगित भनिए पनि अब यो संस्था नै खारेजीमा जाने देखिएको छ । ट्रम्पका सहयोगी एलन मस्कले यसलाई अपराधीहरूको संस्था भनेका छन् । अब नेपालले अन्य शीर्षकमा सहयोग पाउला तर यसरी सहयोग पाउने सम्भावना भने हटेको छ । यो सहयोग अन्तर्गतका कार्यक्रमका हजारौं नेपालीले रोजगारी पाएको अनुमान छ । अब ती सबै बेरोजगार हुनेछन् । उच्च तलब खाने तिनीहरू पक्कै समस्यामा पर्नेछन् । ती संस्थाबाट सञ्चालित कार्यक्रमबाट लाभ लिनेहरू पनि अब प्रभावित हुनेछन् । यूएसएआइडीले नेपाललाई स्वास्थ्य, कृषि, शिक्षा र समावेशी नीति सम्बन्धी प्रत्यक्ष वित्तीयकरण परियोजनाका लागि अनुदान दिँदै आएको थियो । यस्ता सहयोगबाट अमेरिकाले नेपालमा आफ्नो एजेन्डा स्थापित गर्ने गरेकाले कतिपय नेपाली यो सहयोग रोकिँदा खुसी भएका छन् । अब विदेशी एजेन्डा बोक्नेले पैसा नपाउने हुँदा मुलुकमा त्यस्तो खाले द्वन्द्व नआउने पनि तिनको भनाइ छ ।

ट्रम्पले दोस्रोपटक कार्यभार सम्हाल्दै विश्वभर गर्ने आर्थिक सहयोगलाई कटौती गर्ने निर्देशन जारी गरेका थिए । ट्रम्पको सोही निर्देशनबाट विश्वभर अमेरिकी सहयोगका सबै किसिमको अनुदान तथा आर्थिक सहयोगको कार्यक्रम स्थगित भएको हो । अमेरिकाले धेरै अनुदान दिने देशको सूचीमा नेपाल पनि पर्छ । यस्तो सहयोगको सूचीको १६ औं स्थानमा नेपाल छ भनिन्छ । यी कार्यक्रमको अधिकांश हिस्सा विदेशी सहयोगमा नै निर्भर रहेकाले यी आयोजना अधुरो हुने देखिन्छ । नेपालले आफ्नो विकासका लागि अन्य देशमा पूरै निर्भर हुनु हुँदैन, आफ्नो क्षमता बलियो बनाउनुपर्छ भनेर त्यसै भनिएको होइन । मुलुक आत्मनिर्भर हुनका लागि उत्पादन बढाउनुपर्छ । तर, नेपालमा उत्पादन बढाउनेभन्दा पनि विवाद बढाउने कुरामा विदेशी सहयोग परिचालन भएको आमबुझाइ छ । अतः यस्तो अनुदान रोकिँदा पर्ने प्रभावका बारेमा सरकारले आधिकारिक धारणा सार्वजनिक गरोस् ।

*कृष्ण भण्डारी*
*नयाँबजार, काठमाडौं ।*

**चालू आवको पुससम्म निर्यात भएको मह** (रु हजारमा)

| एचएस कोड | मुलुक | परिमाण केजी | आयात मूल्य | राजस्व |
|---|---|---|---|---|
| ०४०९००१० | जापान | केजी | १२५ | २८९ |
| ०४०९००१० | अमेरिका | केजी | ४ | ४ |
| ०४०९००९० | अस्ट्रेलिया | केजी | १,२५३ | ८,३८६ |
| ०४०९००९० | हङकङ | केजी | १४ | १९ |
| ०४०९००९० | जापान | केजी | ५ | ३१ |
| ०४०९००९० | निदरल्यान्ड्स | केजी | ४०० | ३,२४९ |
| ०४०९००९० | स्वीटजरल्यान्ड | केजी | १ | १ |
| ०४०९००९० | यूएई | केजी | २५ | १९० |
| ०४०९००९० | अमेरिका | केजी | २,६६० | १५,२०१ |

*स्रोत : भन्सार विभाग*

# काठमाडौं–वाराणसी सेक्टरमा बुद्ध एयरको तीन उडान

काठमाडौं (अस) । काठमाडौं-वाराणसी सेक्टरमा साताको दुईओटा उडान गर्दै आएको निजीक्षेत्रको वायुसेवा प्रदायक कम्पनी बुद्ध एयरले अचेल तीन ओटा उडान गरिरहेको छ । भारतको प्रयागराज क्षेत्रमा सन् २०२५ जनवरी १३ देखि फेब्रुअरी २६ सम्म चल्ने महाकुम्भ मेलामा जाने तीर्थालु तथा यात्रु संख्याका कारण बुद्धले उक्त सेक्टरमा उडान संख्या बढाएको हो ।

हप्तौंसम्म चल्ने कुम्भमेलाको समयमा ४० करोडभन्दा बढी तीर्थयात्री जम्मा हुने अनुमान गरिएको छ । नेपालबाट पनि त्यस क्षेत्रमा सडक र हवाई दुवै माध्यमबाट तीर्थालु पुगेका छन् । नेपालबाट भारतमा मात्रै उडान गर्दै आएको निजीक्षेत्रको उक्त कम्पनीले यसै मौका पारेर उडान संख्या थपेको हो । बुद्ध एयरका कम्युनिकेशन म्यानेजर दीपेन्द्र कर्णले अहिले काठमाडौं-वाराणसी उडान साताको तीनओटा पुऱ्याइएको जानकारी दिए । उनका अनुसार १ महीनादेखि उडान भइरहेको

**हप्तौंसम्म चल्ने कुम्भमेलाको समयमा ४० करोडभन्दा बढी तीर्थयात्री जम्मा हुने अनुमान गरिएको छ ।**

छ । कुम्भले गर्दा यात्रु संख्या बढेको छ । पहिलाको तुलनामा अकुपेन्सी राम्रो रहेको भन्दै उनले सातामा तीन उडान सोमवार, बुधवार र शुक्रवार गरिरहेको जानकारी दिए । बुद्धले पहिला साताको दुई दिन सोमवार र शुक्रवार वाराणसीमा उडान गर्दै आएको थियो । एक महीनादेखि भने साताको तीन उडान गरिरहेको छ । कम्पनीले एटीआर ७२ सिरिजका जहाजबाट उक्त सेक्टरमा उडान गरिरहेको छ ।

भारतको लालबहादुर शास्त्री विमानस्थल (वाराणसी)बाट महाकुम्भ स्थलमा जान नजिक हुने हुँदा नेपाली तीर्थालुले हवाई मार्गबाट यात्रा गरेको कम्पनीको भनाइ छ । भारतको प्रयागराजसँगै हरिद्वार, उज्जैन र नासिकमा कुम्भमेला आयोजना हुने गरेको छ । तर, प्रयागराजको मेला सबैभन्दा ठूलो मानिन्छ । कुम्भमेला प्रत्येक १२ वर्षमा एकपटक आयोजना हुने भए पनि यसपटकको महाकुम्भ मेलाको ग्रहसंयोग १४४ वर्षपछि परेको जानकार बताउँछन् ।

बाँकी पृष्ठ १ बाट ...

**कर्मचारीको भत्ता ...**

सवारीसाधनको उपयोग र व्यवस्थापनसम्बन्धी व्यवस्थामा सवारीसाधनको सुविधा प्राप्त गर्ने पदाधिकारीलाई प्रचलित कानून वा अधिकारप्राप्त अधिकारीबाट कारण खुलाई निश्चित प्रयोजनका लागि तोकिएको अवस्थाबाहेक एकभन्दा बढी सवारीसाधन उपलब्ध नगराउने उल्लेख छ ।

प्रत्येक सरकारी निकायले आफूअन्तर्गतका सवारीसाधनको संख्या र प्रयोगको अवस्थासहितको अद्यावधिक अभिलेख राख्नुपर्नेछ । नेपाल सरकारको स्रोत, वैदेशिक अनुदान तथा वैदेशिक ऋणबाट स्वास्थ्य सेवा सञ्चालन, सुरक्षा निकाय र अन्य सेवासुविधासम्बन्धी प्रचलित कानूनले तोकेको पदाधिकारीका लागि, कन्टिन्जेन्सी रकमबाट निर्माण तथा अनुगमनसँग सम्बद्ध कामका लागि र निर्वाचन कार्यक्रम सञ्चालन गर्ने प्रयोजनका लागि आवश्यकता र औचित्य हेरी अर्थ मन्त्रालयबाट सहमति प्राप्त भएकोमा बाहेक अन्य अवस्थामा चारपांग्रे सवारीसाधन खरीद नगर्ने मापदण्डमा उल्लेख छ । 'मौजुदा सवारीसाधन मितव्ययी ढंगले मर्मत गरी उपयोग गर्नुपर्नेछ । उपयोगमा नआउने सवारीसाधनलाई प्रचलित कानूनबमोजिम लिलाम विक्री गर्नुपर्नेछ,' मापदण्डमा भनिएको छ ।

वैदेशिक ऋण सम्झौतामा सवारीसाधन खरीद गर्ने प्रावधान समावेश भएकोमा आवश्यकता र औचित्यका आधारमा अर्थ मन्त्रालयको सहमति प्राप्त गरेर मात्र त्यस्तो सवारीसाधनको खरीद प्रक्रिया अगाडि बढाउनुपर्नेछ । कुनै सवारीसाधन प्राविधिक कारणले सञ्चालन हुन नसक्ने देखिएमा सम्बद्ध सरकारी निकायले यो मापदण्ड प्रारम्भ भएको मितिले ४ महीनाभित्र अनिवार्य रूपमा प्रचलित कानूनबमोजिम लिलाम विक्री वा धुल्याई रजिस्ट्रेशन रद्द गर्नुपर्नेछ ।

त्यस्तै, सरकारी कार्यालयहरूले स्वदेशी वस्तु उपयोग गर्नुपर्ने मापदण्डमा राखिएको छ । यो लागू भएसँगै अब सरकारी निकायले मालसामान खरीद गर्दा सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग गर्नेसम्बन्धी प्रचलित निर्देशिकाबमोजिम स्वदेशी वस्तु उपयोग गर्न प्राथमिकता र प्रश्रय दिनुपर्नेछ ।

अर्थ मन्त्रालयका प्रवक्ता महेश भट्टराई मितव्ययितासम्बन्धी मापदण्ड कडाइका साथ पालना गराइने बताउँछन् । उनका अनुसार मापदण्डको पालना र अनुगमन गर्न मुख्यसचिव संयोजक रहेको एक उच्चस्तरीय अनुगमन समिति बनाइएको छ, जसमा प्रधानमन्त्री कार्यालयका शासकीय मामिला हेर्ने सचिव, अर्थ, भौतिक, संघीय मामिलालगायत मन्त्रालयका सचिवहरू सदस्य छन् । प्रदेश सरकार वा स्थानीय तहले यस मापदण्डको प्रतिकूल नहुने गरी सार्वजनिक खर्चको मितव्ययिता तथा प्रभावकारितासम्बन्धी मापदण्ड बनाई लागू गर्न सक्ने मापदण्डमा उल्लेख छ ।

गत माघ २१ गते बसेको मन्त्रिपरिषद् बैठकले सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउनेसम्बन्धी मापदण्ड, २०८१ पारित गरेको थियो । सोहीअनुसार यसलाई कार्यान्वयनमा लगिएको सरकारी अधिकारीहरूको भनाइ छ ।

## नबिल बैंक लिमिटेड, केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार काठमाडौंको गैह्र बैंकिङ सम्पत्ति लिलामबिक्री सम्बन्धी सूचना

(प्रकाशित मितिः २०८१/१०/२४)

यस बैंकको आफनो स्वामित्वमा रहेको तपसिलमा उल्लेखित **गैह्र बैंकिङ सम्पत्ति** जे जस्तो अवस्थामा छ सोही अवस्थामा बोलपत्रमार्फत बिक्री गरिने हुँदा सो सम्पत्ति खरिद गर्न इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाबाट निम्न लिखित शर्तहरुको अधिनमा रही आफूले के कति मूल्य तिरि लिन चाहेको हो सो मूल्य खोली यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौंमा शीलबन्दी बोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशित आव्हान गरिएको छ ।

तपसिल

यस बैंकको नाममा दर्ता कायम रहेको गैह्र बैंकिङ सम्पत्तिको विवरण

| क्र .सं. | जिल्ला | न.पा/गा.वि.स | वडा नं. | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|
| १. | काठमाडौं | काठमाडौं म.न.पा, सुकेधारा | ४ | ११ | १८६.६० वर्ग मिटर(घर समेत) |
| २. | सुर्खेत | जर्बुटा गा.वि.स, सुर्खेत एयरपोर्ट, विरेन्द्रनगर | ४ | ३२०३ | १-११-१७-१ विगाहा |
| ३. | बर्दिया | बगनाहा गा.वि.स, सैनावार | ८ | ६५९ | ०-११-१९.७५ विगाहा |
| ४. | झापा | गरामनी गा.वि.स | ७ | १०९६ | ०-१०-० विगाहा |
| ५. | नुवाकोट | कल्यानपुर गा.वि.स, अजिंगरे | १ | २९,३०,३४ र १००६ | ४५१४.९८, २४४०.२९, ८३४.५९ र २७.८३ वर्ग मिटर |
| ६. | नुवाकोट | त्रिशुली गा.वि.स, राईसिंह | १ | १४४० र १५५३ | १०९.२९ र १८२.८० वर्ग मिटर |
| ७. | नवलपरासी (वर्दघाट सुस्ता पूर्व) | प्रगतिनगर गा.वि.स, देवचुली | ३ग | ९७९, ९५३, ९७५ र ९७७ | क्रमशः ०-४-१३-०, ०-२-१८-०, ०-१-१५.५-० र ०-१-४-० विगाहा |
| ८. | चितवन | देवौली गा.वि.स, टिकौली | ९ | २००७, १११५ र १११६ | क्रमशः ४३६.७०, ११००.५४ र ११००.५४ वर्ग मिटर |
| ९. | काठमाडौं | काठमाडौं म.न.पा | १० | ३७४ | ०-४-०-० रोपनी |
| १०. | भक्तपुर | सुडाल गा.वि.स | ५घ | २४४ | ०-२-१-२ रोपनी |
| ११ | काठमाडौं | गागलफेदी गा.वि.स, सुवेदी गाउँ | ४ | ५१६ | १-९-३-० रोपनी |
| १२ | काठमाडौं | गोठाटार गा.वि.स., अमरसिंह चोक | ५ | ७५ | ०-९-०-० रोपनी |
| १३. | काठमाडौं | गोठाटार गा.वि.स., हरहर महादेव | ५ | ६१ | ०-१२-२-० रोपनी |
| १४. | काठमाडौं | काठमाडौं म.न.पा, मैजुबहाल | ७ | ६४ | १-०-३-१ रोपनी(घर समेत) |
| १५. | झापा | पाराखोपी गा.वि.स, खुदनाबारी | ४ | ३८५४, ३८३७, ३८६९, ३८५३, ३८३६, ३८६८, ३८५२, ३८३५, ३८६७, ३८५१, ३८३४, ३८६६, ३८७५, ३८६०, ३८७६ | क्रमशः ०-०-१९.५-०, ०-१-०.२५-०, ०-१-१.५-०, ०-१-२.२५-०, ०-१-२.५-०, ०-१-३.५-०, ०-१-४.७५-०, ०-१-५.५-०, ०-१-६.२५-० , ०-१-७.५-०, ०-१-८.२५-०, ०-१-८.७५-०, ०-१-०-०, ०-१-०-०, ०-१-०-० विगाहा |
| १६. | दोलखा | चरीकोट गा.वि.स, मकैबारी | ५ | ८२५ | २९२५ वर्ग मिटर |
| १७. | ललितपुर | सैंबु गा.वि.स, भैसेपाटी | ३ | ३७५ | १-१५-०-० रोपनी (घर समेत) |
| १८. | ललितपुर | भार्देव गा.वि.स | २ ग | ११७ र ११६ | ९-०-०-० र ६-०-०-० रोपनी |
| १९. | धनुषा | सुगा मधुकरी गा.वि.स, मधुकरी | ३ | ५४५ | ०-७-१०.७५-० विगाहा |
| २०. | सिराहा | लभटोली गा.वि.स, बन्दिपुर | ५ख | ३००, ३१८६ र ३१८७ | क्रमशः ०-०-६-०, ०-०-१७-०, र ०-०-६-० विगाहा |
| २१. | सप्तरी | राजविराज न.पा, कुनौली टोल | ८ | ९२/२ | ०-०-८१/२ विटौरी (घर समेत) |
| २२. | बारा | निजगढ गा.वि.स, पुरानोटोल | ५ | ३३९, ४२३ र ८७० | क्रमशः ०-४-१०-०, ०-१७-१५-० र ०-०-१५.७५-० विगाहा |
| २३. | मोरङ | बयरवन गा.वि.स. | ६ घ | ३५२ | ०-५-१५-० विगाहा (घर समेत) |
| २४. | सुनसरी | खनार गा.वि.स. | ५ क | ७९९ र ९६९ | क्रमशः०-३-५-० र ०-१-५-० विगाहा (घर समेत) |
| २५. | भोजपुर | भोजपुर गा.वि.स, भोजपुर बसपार्क | ३ | १८११ | ०-५-३-० रोपनी |
| २६. | भोजपुर | भोजपुर गा.वि.स, देउराली | १ | ३३१ | १-१५-३-० रोपनी |
| २७. | भोजपुर | गुप्तेश्वर गा.वि.स, दाबा | ६ | १८३, २६६ र २६७ | क्रमशः२-६-२-०, ४-११-०-३ र ९-१०-३-० रोपनी |
| २८. | पर्सा | मधुवन मथौल गा.वि.स सखवल टोल | १ | ४१४ | २-२-१५-० विगाहा |
| २९. | पर्सा | मधुवन मथौल गा.वि.स सखवल टोल | २ | ८० | ५-१६-०-० विगाहा |
| ३०. | पर्सा | मधुवन मथौल गा.वि.स सखवल टोल | २ | ६४३ र ६४४ | क्रमशः ०-३-१०-० र १-८-२-१२ विगाहा (घर समेत) |
| ३१. | दार्चुला | खलंगा गा.वि.स., बांगा बगर | ५ | ३४५ | ०-४-१-२ रोपनी(घर समेत) |
| ३२. | दार्चुला | खलंगा गा.वि.स., खलंगा बजार | ५ | १११९ | ०-५-०-० रोपनी(घर समेत) |
| ३३. | सुनसरी | धरान उ.म.न.पा., लोकपथ, धरान फुटसल | ८ | ८२० | ०-०-१५-० विगाहा (२५३.९४ वर्ग मिटर)(घर समेत) |
| ३४. | ललितपुर | ललितपुर उ.म.न.पा, कुपोण्डोल | १ | २२२ र २२५ | ०-०-३-३ र ०-१-३-१ रोपनी (घर समेत) |
| ३५. | मोरङ्ग | बयरवन गा.वि.स. | ९ घ | १०४ र ६६८ | ०-११-०-० र ०-१६-०-० विगाहा |
| ३६. | काभ्रेपलाञ्चोक | नासिका स्थान साँगा गा.वि.स, पूल बजार, बनेपा | ६ | ११८१ | ०-६-१-० रोपनी (१९८.६९ वर्ग मिटर) (घर समेत) |
| ३७. | दोलखा | चरिकोट गा.वि.स. | २ | ४५९८ र ४६६० | क्रमशः १२६ र ७०० वर्ग मिटर |
| ३८. | दोलखा | चरिकोट गा.वि.स., पुष्पलाल चोक | २ | १२११, ६०३ र १५९ | ५४९५, १३०० र १४६० वर्ग मिटर |
| ३९. | कैलाली | त्रिनागर गा.वि.स, मनकामनाचोक | २क | १५०९ र १५१० | ८४.६६ र १९४७.१८ वर्ग मिटर |
| ४०. | बाँके | बाघेधरी गा.वि.स | ५ | २१७ र २८९ | क्रमशः ५१५ र ५६० वर्ग मिटर |
| ४१. | मकवानपुर | पदमपोखरी गा.वि.स. | ९ | २७३७ | ०-७-१६ विगाहा |
| ४२. | झापा | चन्द्रगढी गा.वि.स, दुर्गा मन्दिर | ५ | १६५० र २०९१ | क्रमशः ०-५-१८-० र ०-२-१६-० विगाहा |
| ४३. | झापा | गैरादह गा.वि.स, बेलडाँगी | १ | २५२३ र २५२५ | क्रमशः ३४९६.३८ र ६८६३ वर्ग मिटर |
| ४४. | मोरङ | लखान्तरी गा.वि.स, झोरहाट | २ | ४३, २२७, ४२ र १३८ | क्रमशः १००.००, १३७१.३५, १४७०.०० र ९५५ वर्ग मिटर (घर समेत) |
| ४५. | झापा | दमक न.पा, पश्चिम बस स्टेशन | १४ | १२ | ०-१-२.३१ विगाहा (घर समेत) |
| ४६. | मोरङ | मधुमल्ला गा.वि.स, किसान चोक | ९च | ११८१ र ११८२ | ०-२-०-० र ०-२-०-० विगाहा |
| ४७. | मोरङ | मधुमल्ला गा.वि.स, किसान चोक | ९च | २२८१ र २२३१ | ०-०-४-० र ०-०-१६-० विघा (घर समेत) |
| ४८. | सिरहा | असनपुर गा.वि.स, गोलबजार | ६क | २५८१ र २५८२ | ०-०-१०-० र ०-०-१५.७५-० विघा (घर समेत) |
| ४९. | सिरहा | असनपुर गा.वि.स, गोलबजार | १ख | १९२१ र १९२४ | ०-०-२-८ र ०-०-७-८ विघा(घर समेत) |
| ५०. | सप्तरी | राजविराज न.पा हिमालय टोल | ५क | १६८० | ०-०-१०-० विघा (घर समेत) |
| ५१. | सिरहा | असनपुर गा.वि.स, गोलबजार | १ख | ५६८ | ०-०-१५-० विघा |
| ५२. | सिरहा | असनपुर गा.वि.स, गोलबजार | १ख | १४६२ र १४६३ | ०-०-११-० र ०-०-११-० विघा |
| ५३. | सिरहा | असनपुर गा.वि.स, गोलबजार | १ख | १४६६ | ०-४-१०-० विघा |
| ५४. | सिरहा | असनपुर गा.वि.स | ६क | १००८ | ०-०-१०-० विघा (घर समेत) |
| ५५. | रुपन्देही | सिद्धार्गनगर न.पा, डाँडाखोला बेलिहिया | १ | २८३, २८४, २४० र ६३३ | ०-१-५, ०-१-०, ०-१-० र ०-१-० रोपनी |
| ५६. | रुपन्देही | हाटिवनगाई गा.वि.स, शिव मन्दिर | ४क | ११२१ | १६९.३२ वर्ग मिटर |
| ५७. | रुपन्देही | हाटिवनगाई गा.वि.स, शिव मन्दिर | ४क | ११२८ | १६९.३२ वर्ग मिटर(घर समेत) |
| ५८. | रुपन्देही | बसन्तपुर गा.वि.स, पननि चोक | २ख | १०६१, ८९८, ५८, ९७३, ९७२, ५६२, ५६३, ४३, ७३१, ४८, ४९, ४० र ४२ | क्रमशः ०-०-५.५, ०-०-७.५, ०-१-२, ०-०-१९.५, ०-०-१९.५, ०-१-५, ०-१-५, ०-२-१, ०-१-०, ०-०-११, ०-१-२, ०-१-१९ विघा र २५३.९४ वर्ग मिटर |
| ५९. | रुपन्देही | बसन्तपुर गा.वि.स, पननि चोक | २ख | ५०, ५१ र ७३२ | ०-०-०-११, , ०-०-७-० र ०-१-०-० विघा |
| ६०. | रुपन्देही | बसन्तपुर गा.वि.स, पननि चोक | २ख | ८२३ | ०-२-५ विघा |
| ६१. | रुपन्देही | बसन्तपुर गा.वि.स, पननि चोक | २ख | ११११ र १११२ | ०-१-१७.२५ र ०-१-८.५ विघा |
| ६२. | रुपन्देही | मधुवनी गा.वि.स लुम्बिनी पूर्व गेट | ६ | ७१३ र ७१४ | ०-३-७ र ०-१-१७ विघा |
| ६३. | रुपन्देही | धकधई गा.वि.स, धकधई रोड | ३ | १५९, १४४ र १४५ | ०-१-१६, ०-१-१४ र ०-१-१० विघा |
| ६४. | रुपन्देही | हाटिवनगाई गा.वि.स, बससितौला | ७ | १५७० र १२८९ | ०-०-६ र ०-२-११ विघा |
| ६५. | रुपन्देही | बसन्तपुर गा.वि.स, पनानी चोक | २ | ७५१ | ०-१-८ विघा |
| ६६. | रुपन्देही | बसन्तपुर गा.वि.स पनानी चोक | २ | ७३५ | ०-०-८ विघा |
| ६७. | रुपन्देही | बसन्तपुर गा.वि.स, बालपुर | २ | ७३१ | ०-१-७ विघा (घर समेत) |
| ६८. | रुपन्देही | बसन्तपुर गा.वि.स बालपुर | २ | ७१३ | ०-०-१.५ विघा |
| ६९. | रुपन्देही | बसन्तपुर गा.वि.स बालपुर | २ | ५६७ | ०-०-९ विघा |
| ७०. | रुपन्देही | पडसरी गा.वि.स | ३ क | ८५ | ४-१-६ विघा |
| ७१. | रुपन्देही | सिद्धार्थनगर न.पा, पिपरिया चोक | ६ | ९५ | १०४९.२० वर्ग मिटर |
| ७२. | रुपन्देही | सिद्धार्थनगर न.पा, बुद्ध चोक | ८ | १२७ | ३७८.४५ वर्ग मिटर (घर समेत) |
| ७३. | रुपन्देही | मनपकडी गा.वि.स, मर्चबार | ३ | ९३८ | १५७२.५० वर्ग मिटर |
| ७४. | रुपन्देही | मनपकडी गा.वि.स, मर्चबार | ३ | ९४४ | ३५२५ वर्ग मिटर |
| ७५. | रुपन्देही | मनपकडी गा.वि.स, मर्चबार | ३ | २७४ | १५० वर्ग मिटर |
| ७६. | रुपन्देही | मनपकडी गा.वि.स, मर्चबार | ३ | २५२ | १२४० वर्ग मिटर |
| ७७. | रुपन्देही | मनपकडी गा.वि.स, मर्चबार | ३ | ३८३ | १०९० वर्ग मिटर |
| ७८. | रुपन्देही | सिद्धार्गनगर न.पा | ४ | २०३, २८५ र २८३ | ०-१-०, ०-५-० र ०-०-४.५ विघा |
| ७९. | चितवन | देवौली गा.वि.स, शान्ति चोक | १घ | २०९०, २०९१, १९५४ र १९५८ | क्रमशः ६७७.२६, १६८०.४२, १८७०.९२ र १७९०.५० वर्ग मिटर |
| ८०. | रुपन्देही | मोतिपुर गा.वि.स, रानीगंज चोक | २ ग | ४२७, ४२९ र ४३२ | २०३.१८, ५४१.८२ र ९५८.१९ वर्ग मिटर (घर समेत) |
| ८१. | रुपन्देही | मोतिपुर गा.वि.स, रानीगंज चोक | २ ग | ४२६, ४२८ र ४६० | क्रमशः २०३.१८, ६४३.४२ र ५०७.९६ वर्ग मिटर |
| ८२. | काठमाडौं | काठमाडौं म.न.पा, बाफल | १३ | ५५, ५६, ९२ र ३२८ | क्रमशः १३१, ८४.२०, २३.०७ र १११.२९ वर्ग मिटर (घर समेत) |
| ८३. | मकवानपुर | टिस्टुङ गा.वि.स | ५ | १३१७ | ५-०-१-० रोपनी |
| ८४. | मोरङ | दर्वेशा गा.वि.स | ८ङ | ६०७, ६०९, ६०५, ११५, १७५, १७८, १७३ र १७४ | क्रमशः ०-०-१२-०, ०-१-०-०, ०-०-१५-०, ३-५-८-२, ३-९-१-२, ०-३-१३-०, ०-५-६-२ र ०-१९-२-२ विगाहा |
| ८५. | रुपन्देही | बुटवल न.पा, पूर्व कालिकानगर, शंकर मान मार्ग | १२ | १०९ | ८४.६५ वर्ग मिटर |
| ८६. | रुपन्देही | बुटवल न.पा, पूर्व कालिकानगर, शंकर मान मार्ग | १२ | १११ | २२९.५५ वर्ग मिटर |
| ८७. | रुपन्देही | बुटवल न.पा, पूर्व कालिकानगर, शंकर मान मार्ग | १२ | ४४ | १९८.९३ वर्ग मिटर (घर समेत) |
| ८८. | रुपन्देही | बुटवल न.पा, पूर्व कालिकानगर, शंकर मान मार्ग | १२ | ११२ | १६२.२० वर्ग मिटर |
| ८९. | रुपन्देही | बुटवल न.पा, पूर्व कालिकानगर | १२ | ५० र ११० | क्रमशः ९७.९२ र ५९.४० वर्ग मिटर (घर समेत) |
| ९०. | नवलपरासी(बर्दघाट सुस्ता पिश्चम) | भुजहवा गा.वि.स | ८ र ९ | २९७ र ४५४ | क्रमशः १-०-०-० र २-९-१६-० विघा(घर समेत) |
| ९१. | चितवन | वीरेन्द्रनगर गा.वि.स, बानग्रुप | ६ ख | ७४३, ७४४ र ४३७ | १२८६.९७, ५८२४.२७ ७ ५४१८.०८ |
| ९२. | चितवन | हाजीपूर गा.वि.स, ज्यामिरे | ७ क | ३०२७ | १६९३.१५ वर्ग मिटर |
| ९३. | चितवन | चैनपुर गा.वि.स, लदरि टाईम पास चोक | ८ | २०५, ४१६, ४२१, ४८० र ४८२ | क्रमशः ०-७-१८, ०-०-१२, ०-०-१४, ०-७-० र ०-२- ६ विघा(घर समेत) |
| ९४. | बाँके | नेपालगंज नगरपालिका, न्यूरोड | २ | ७० | ८६० वर्ग मिटर (घर समेत) |
| ९५. | बाँके | सितापुर गा.वि.स | ७ | २८२, २९१, ५९४, ५९५ र ८७७ | ४५४५, ४३३०, २१८५, २१८५ र १३५४.५२ वर्ग मिटर |
| ९६. | झापा | दमक नगरपालिका | १८ | ४५३ र ४७० | १०,६५० र ४५७.६६ वर्ग मिटर (घर समेत) |
| ९७. | सुनसरी | ईटहरी उप-महानगरपालिका | ४ग | २२११ | ०-०-८१/२ विघा (घर समेत) |
| ९८. | सुनसरी | ईटहरी उप-महानगरपालिका, माथिल्लो गैसार | ७ | ७३६७ | ०-०-१० विघा |
| ९९. | सुनसरी | हाँसपोसा गा.वि.स, बालग्राम | ८ | २७९० र २७९२ | २२८.५८ र २१.१६ वर्ग मिटर |
| १००. | मोरङ | थलाहा गा.वि.स, तकिया | १ | ३८१, ५४७, ५४८, ७७२ र ७७५ | ३०४७.६७, ३०९८.४६, ३३३५.४८, १६०८.४७, २३७०.४१ वर्ग मिटर (घर समेत) |
| १०१. | चितवन | चैनपुर गा.वि.स | २ ग | २१ | २-९-०-० विघा (घर समेत) |
| १०२. | काठमाडौं | काठमाडौं म.न.पा, बानेश्वर, महादेवस्थान मार्ग | १० | ३६४, ३६५ र ५५० | ०-०-३-३, ०-४-०-० र ०-३-०-१ रोपनी (घर समेत) |
| १०३. | चितवन | चैनपुर गा.वि.स | २ ग | २१ | २-९-०-० विघा |
| १०४. | ललितपुर | ललितपुर उ.म.न.पा, | ५ | ४०५ र ४०७ | ०-०-२-० र १-८-३-० रोपनी |
| १०५. | ललितपुर | ललितपुर उ.म.न.पा | ५ | ५४७ | ०-६-२-० रोपनी |
| १०६. | ललितपुर | ललितपुर उ.म.न.पा | ५ | ५३२ | २-९-३-० रोपनी (घर समेत) |
| १०७. | ललितपुर | ललितपुर उ.म.न.पा | ५ | ९७६ | १-०-०-० रोपनी (घर समेत) |
| १०८. | काठमाडौं | काठमाडौं म.न.पा, खड्का गाउँ | १४ | १४३ र १४१ | ७४ र ११२.८२ वर्ग मिटर |
| १०९. | काठमाडौं | सितापाईला गा.वि.स | १ | २४ | १०१.७० वर्ग मिटर (घर समेत) |
| ११०. | सप्तरी | राजविराज न.पा | ६ | २९१३ | ०-०-१०.५-० विघा (घर समेत) |
| १११. | चितवन | मेघौली गा.वि.स | ९ | ५ र २२२ | ०-१९-१९-० र ०-१-७-० विघा |
| ११२. | काठमाडौं | काठमाडौं म.न.पा, छाउनि | १३ | १७४ | ६३८ वर्ग मिटर |

**शर्तहरु :**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फाराम नबिल बैंक लिमिटेडको **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**बाट कार्यालय समय भित्र खरिद/प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र अर्थात मिति २०८१/११/०८ गते बिहिबार ५:०० बजे (बैंकिङ्ग समय) भित्र यस बैंकको **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८१/११/०९ गते शुक्रबार दिनको १:०० बजे बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिति नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्तदिनको ३:०० बजे(बैंकिङ्ग समय)भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिन दिउसो ३:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । एक भन्दा बढी सम्पत्ति विक्रीको हकमा बोलपत्र पेश गर्दा कुनकुन सर्म्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखामा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/गुड फर पेमेन्ट चेक/ मेनेजर/बैंकर्स चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ । स्वीकृत बोलपत्रदाताले बैंकको सूचना पाएको मितिले १५(पन्ध्र)दिन भित्र कबोल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै,उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी बापत राखिएको रकम बैंकले जफतगर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति/फर्म/कम्पनी/संस्था स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धीकार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी बापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै ब्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्रउपर कुनै कारवाही हुने छैन ।
११. इच्छुक व्यक्ति/फर्म/संस्थाले बैंकको कर्जा असुली विभागमा सम्पर्क गरी बोलपत्र फारम लिन सक्नुहुनेछ ।
१२. लिलालबिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको केन्द्री यकार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।

NABIL BANK®

प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

## आगामी साधारणसभा

| क्र.सं. | कम्पनीको नाम | आर्थिक वर्ष | स्थान | मिति | समय | प्रस्तावित लाभांश (%) बोनस | प्रस्तावित लाभांश (%) नगद | अन्य प्रस्ताव | बुक क्लोज |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | पाँचथर पावर कम्पनी लिमिटेड | २०८०/८१ | होटल इम्पेरियल, बत्तिसपुतली, काठमाडौं | माघ २४ | ११:०० | | | शतप्रतिशत हकप्रद शेयर निष्कासन गर्ने, सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | माघ ११ |
| २ | जोशी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड | २०७९/८०, २०८०/८१ | सेलिब्रेशन हाइट्स, सुकेधारा, काठमाडौं | माघ २४ | १०:०० | | | सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | माघ ३ |
| ३ | उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/८१ | होटल सनस्टार इन्टरनेशनल, भैरहवा, रूपन्देही | माघ २६ | १०:०० | | | सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | माघ १५ |
| ४ | श्रृजनशील लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/८१ | होटल पावन मिथिला थाली, गोलबजार, सिराहा | माघ २७ | ९:०० | | | वार्षिक प्रतिवेदन पारित गर्ने | माघ १८ |
| ५ | नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | २०८०/८१ | होटल भिष्वा, वीरगञ्ज | माघ २८ | ९:०० | १० | ११.०५ | सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | माघ १० |
| ६ | नेपाल ल्यूब आयल लिमिटेड | विशेष | द प्लाजा, पुल्चोक, ललितपुर | माघ २९ | ११:०० | | | एफपिओ निष्कासन गर्ने निर्णय खारेज गर्ने, २०० प्रतिशत हकप्रद शेयर निष्कासन गर्ने | माघ २७ - माघ २९ |
| ७ | खानीखोला हाइड्रोपावर कम्पनी लिमिटेड | २०८०/८१ | धुम्रबराह भेन्यु, धुम्बाराही, काठमाडौं | माघ ३० | ११:०० | | | सञ्चालक समिति हेरफेर तथा अनुमोदन, वार्षिक प्रतिवेदन पारित गर्ने | माघ १३ |
| ८ | इमर्जिङ्ग नेपाल लिमिटेड | विशेष | लिसरा रिसेप्सन, नक्साल, काठमाडौं | माघ ३० | ९:३० | | | शेयर स्वामित्व अनुपात परिवर्तन गर्ने | माघ २१ |
| ९ | सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/८१ | स्काई गार्डेन रिसोर्ट, पनौती, काभ्रेपलाञ्चोक | फागुन ६ | ११:०० | | | कम्पनीको शेयर संरचना परिवर्तन, सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | माघ २५ |
| १० | धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/८१ | धौलागिरी सामुदायिक श्रोत विकास केन्द्र, उपल्लाचौर, बागलुङ | फागुन १० | ११:०० | | | सञ्चालकको नियुक्ति, वार्षिक प्रतिवेदन पारित गर्ने | माघ २१ |
| ११ | समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/८१ | मिराबेल रिसोर्ट एण्ड होटल, धुलिखेल, काभ्रेपलाञ्चोक | फागुन ११ | ११:३० | ५ | ०.२६ | कम्पनीको शेयर संरचना परिवर्तन, सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | माघ २४ |
| १२ | हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड | २०७९/८० | अनुपम फुडल्याण्ड एण्ड ब्याङ्क्वेट, बत्तिसपुतली, काठमाडौं | फागुन ११ | १०:३० | १४ | | वार्षिक प्रतिवेदन पारित गर्ने | माघ २५ |
| १३ | शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड | २०८०/८१ | कम्पनीको केन्द्रीय कार्यालय, थापाथली, काठमाडौं | फागुन १३ | ११:०० | १० | ०.५२६३ | कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना परिवर्तन गर्ने, वार्षिक प्रतिवेदन पारित गर्ने | माघ ३० - फागुन १३ |
| १४ | नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड | २०८०/८१ | राष्ट्रिय सभागृह, प्रदर्शनी मार्ग, काठमाडौं | फागुन १५ | १०:०० | | | सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | माघ २९ - फागुन १५ |

# एनएमबि हाईब्रिड फण्ड एल–२ को इकाई आजदेखि

काठमाडौं (अस) । एनएमबि क्यापिटल लिमिटेडको व्यवस्थापनमा १० वर्षे अवधिको बन्दमुखी प्रकृतिको एनएमबि हाईब्रिड फण्ड एल-२ नामक योजना सञ्चालनमा आउन लागेको छ। योजना सञ्चालनका लागि क्यापिटलले प्रतिइकाई १० रूपैयाँ अंकित मूल्यका १ अर्ब २० करोड रूपैयाँ बराबरको १२ करोड इकाई जारी गर्दैछ। क्यापिटलले कुल इकाईमध्ये १ करोड ६८ लाख इकाई कोष प्रवर्द्धक एनएमबि बैंक लिमिटेड तथा १२ लाख इकाई योजना व्यवस्थापक (आफ्नै) लागि छुट्ट्याएको छ। यी बाहेक बाँकी रहेको १० करोड २० लाख इकाई भने सार्वजनिक निष्कासनमा ल्याउन लागिएको हो । योजनाका इकाई माघ २४ गतेदेखि सार्वजनिक निष्कासनमा आउनेछन् । यी इकाई खरीदका लागि माग बमोजिम आवेदन परेमा माघ २८ गतेसम्म मात्र निष्कासन खुला रहनेछ । यदी सो अवधिसम्म माग बमोजिम आवेदन नपरेमा भने फागुन ८ गतेसम्म विक्री लम्बिने जानकारी योजना व्यवस्थापकले दिएको छ। न्यूनतम १०० इकाईदेखि अधिकतम १ करोड २० लाख इकाईसम्म माग गर्न सकिनेछ।

क्यापिटलले यो योजना सञ्चालनका लागि इकाई निष्कासन गर्न नेपाल धितोपत्र बोर्डबाट गत पुस २ गते स्वीकृति पाएको हो । तोकिएको अवधिभित्र न्यूनतम ६ करोड इकाई विक्री हुनुपर्ने व्यवस्था छ । यी इकाई निष्कासन तथा विक्री प्रबन्धकको जिम्मेवारी समेत एनएमबि क्यापिटल लिमिटेडलेनै लिएको छ।

विक्री प्रबन्धकसँगै इच्छुक खरीदकर्ताहरूले सम्पूर्ण आस्बा सेवा सदस्य बैंक तथा वित्तीय संस्था र तिनका तोकिएका कार्यालयमार्फत आवेदन दिन सक्नेछन्। साथै मेरो शेयर अनलाइनमार्फत समेत आवेदन दिन सकिनेछ । दश वर्षको अवधिपश्चात् परिपक्व हुने यो योजनाले कमाएको खुद मुनाफाको अनुपातमा इकाईको अंकित मूल्यका आधारमा मुनाफा वितरण गर्ने उल्लेख गरेको छ । धितोपत्र बजारमा लगानी गर्ने प्रमुख उद्देश्यका साथ सञ्चालनमा आउने यस योजनाले सञ्चित मुनाफा पुनः लगानी समेत गर्नेछ । यस योजनाको मुख्य उद्देश्य भनेको इकाईधनीहरूको पूँजी सुरक्षित तवरले संरक्षण गरी निरन्तर रूपमा प्रतिफल प्रदान गर्नु रहेको छ । योजनाले सूचीकृत वा सूचीकृत हुने क्रममा रहेका शेयरहरू र स्थिर आम्दानी उपकरणका रूपमा रहेका मुद्दती निक्षेप र ऋणपत्रमा लगानी गर्नेछ। साथै पूँजी बजारको घटबढबाट उत्पन्न हुन सक्ने जोखिमलाई न्यूनीकरण गर्ने उद्देश्य समेत योजनाले राखेको छ।

**योजना व्यवस्थापकको परिचय**

एनएमबि हाईब्रिड फण्ड एल-२ को योजना व्यवस्थापकको रूपमा रहेको एनएमबि क्यापिटल लिमिटेड धितोपत्र व्यवसायी तथा मर्चेन्ट बैंकरको रूपमा स्थापना भएको कम्पनी हो। यो कम्पनी एनएमबि बैंकको शतप्रतिशत शेयर रहेको सहायक कम्पनी हो। एनएमबि बैंक समेत यस योजनाको कोष प्रवर्द्धकको रूपमा रहेको हो।

एनएमबि क्यापिटलको रजिष्टर्ड कार्यालय बालुवाटार, काठमाडौंमा रहेको छ। कम्पनी ऐन, २०६३ बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयमा २०६७ साल जेठ ५ गते दर्ता भएको यो कम्पनीलाई २०६७ साल भदौ ७ गते मर्चेन्ट बैंकरको रूपमा कार्य गर्न नेपाल धितोपत्र बोर्डले अनुमति प्रदान गरेको थियो । यस कम्पनीले मर्चेन्ट बैंकिङ्ग सेवाहरू, निष्कासन तथा विक्री प्रबन्धक, धितोपत्र प्रत्याभूति तथा शेयर रजिष्ट्रारको सेवाहरू प्रदान गर्दै आएको छ । २०७० साल जेठ १० गते बोर्डले योजना व्यवस्थापक तथा डिपोजिटरी कार्य गर्ने र २०७५ साल मङ्सिर १७ गते लगानी परामर्शको काम गर्न समेत कम्पनीलाई अनुमति दिएको छ।

योजना व्यवस्थापकको रूपमा रहेको एनएमबि क्यापिटलमा पाँच सदस्यीय सञ्चालक समिति रहेको छ । रमेश प्रसाद लोहनी अध्यक्ष पदमा रहेका छन् भने सञ्चालकमा मनिष जैन, हरिश्चन्द्र सुवेदी, योगेन्द्र बहादुर थापा क्षेत्री र सुदेश उपाध्याय रहेका छन् । योगेन्द्र बहादुर थापा क्षेत्री र मनिष जैन स्वतन्त्र सञ्चालक रहेका हुन् । कम्पनीको उच्च व्यवस्थापनमा प्रमुख कार्यकारी अधिकृतको रूपमा दीपेश कुमार वैद्य र चिफ बिजनेश अफिसरमा आशिष राज पाण्डे रहेका छन्।

निश्चित अवधि तोकेर जारी हुने म्युचुअल फण्डका इकाईधनीहरूले योजना परिपक्व भएपश्चात् आफ्नो कायम इकाईका आधारमा सम्पत्ति बाँडफाँटमा सहभागी हुने अवसर पाउँछन् । योजना व्यवस्थापकले योजना परिपक्व भएपश्चात् कायम सम्पत्तिहरूलाई नगदमा परिणत गरी इकाईधनीहरूलाई स्वामित्वका आधारमा भुक्तानी दिने व्यवस्था छ।


## विजय लघुवित्त वित्तीय संस्था लि.
## Vijaya Laghubitta Bittiya Sanstha Ltd.

*Banking with Happiness*

**Head Office:** Dhulikhel-3 Kavrepalanchwok, Phone No.: 011-490671 011-490672
Email: vlbs@vlbs.com.np, Website: vlbs.com.np

## Unaudited Interim Financial Statements

### As on Quarter ended 29th Poush 2081

**Condensed Statement of Financial Position**
as on29th Poush 2081

| Assets | This Quarter Ending | Immediate Previous Year Ending |
|---|---|---|
| Cash and cash equivalents | 580,089,118.53 | 409,602,613.00 |
| Statutory Balance and due from Nepal Rastra Bank | 476,241,458.00 | 47,841,458.00 |
| Placement with Bank and Financial Institutions | - | - |
| Derivative Financial Instruments | - | - |
| Other Trading Assets | - | - |
| Loans and advances to MFISs & Cooperatives | - | - |
| Loans and advances to customers | 9,402,618,223.14 | 9,112,205,648.00 |
| Investment securities | 2,010,000.00 | 10,000.00 |
| Current tax assets | 34,731,398.67 | 24,181,611.00 |
| Investment property | | |
| Property and Equipment | 139,766,954.28 | 95,181,552.00 |
| Goodwill and Intangible assets | 6,389,187.00 | 2,414,870.00 |
| Deferred Tax Assets | 20,380,334.51 | 20,380,335.00 |
| Other assets | 632,535,271.20 | 80,652,425.00 |
| **Total Assets** | **11,294,761,945.33** | **9,792,470,512.00** |
| **Liabilities** | | |
| Due to Bank and Financial Institutions | 7,241,215,650.91 | 6,453,253,138.00 |
| Due to Nepal Rastra Bank | - | |
| Derivative Financial Instrument | - | |
| Deposits from customers | 1,954,101,709.24 | 1,896,818,682.00 |
| Borrowings | - | |
| Current Tax Liabilities | 35,227,957.00 | - |
| Provisions | - | |
| Deferred Tax Liabilities | - | - |
| Other liabilities | 859,003,282.35 | 310,172,613.00 |
| Debt securities issued | - | |
| Subordinated Liabilities | - | |
| **Total Liabilities** | **10,089,548,599.50** | **8,660,244,433.00** |
| **Equity** | | |
| Share Capital | 745,040,359.00 | 745,040,359.00 |
| Share Premium | - | |
| Retained Earnings | (3,274,916.83) | 27,415,559.00 |
| Reserves | 463,447,903.21 | 359,770,161.00 |
| **Total Equity** | **1,205,213,345.38** | **1,132,226,079.00** |
| **Total Liablities and Equity** | **11,294,761,944.88** | **9,792,470,512.00** |

**Condensed Statement of Profit or Loss**
for the quarter end 29th Poush 2081

| Particulars | Current Year This Quarter | Current Year Upto this Quarter (YTD) | Previous Year Corresponding This Quarter | Previous Year Corresponding Upto this Quarter |
|---|---|---|---|---|
| Interest income | 370,489,119.55 | 658,275,553.60 | 331,197,264.82 | 649,316,594.65 |
| Interest expense | 193,197,532.59 | 383,984,026.08 | 211,195,025.72 | 444,867,559.81 |
| **Net interest income** | **177,291,586.96** | **274,291,527.52** | **120,002,239.10** | **204,449,034.84** |
| Fees and commission income | 1,051,857.32 | 1,794,003.69 | 1,198,413.09 | 1,811,868.61 |
| Fees and commission expense | 1,466,542.62 | 3,509,014.98 | 2,199,722.84 | 3,725,266.78 |
| **Net fee and commission income** | **(414,685.30)** | **(1,715,011.29)** | **(1,001,309.75)** | **(1,913,398.17)** |
| **Net interest, fee and commission income** | **176,876,901.66** | **272,576,516.23** | **119,000,929.35** | **202,535,636.67** |
| Net trading income | - | - | - | |
| Other operating income | 15,481,664.92 | 28,834,301.09 | 13,909,168.50 | 27,104,611.90 |
| **Total operating income** | **192,358,566.58** | **301,410,817.32** | **132,910,097.85** | **229,640,248.57** |
| Impairment charge/(reversal) for loans and other losses | (57,433,377.51) | (11,951,027.17) | (25,522,144.43) | 38,051,410.00 |
| **Net operating income** | **249,791,944.09** | **313,361,844.49** | **158,432,242.28** | **267,691,658.57** |
| **Operating expense** | **109,548,693.98** | **207,677,983.04** | **114,729,172.18** | **202,665,297.20** |
| Personnel expenses | 80,989,021.67 | 149,772,678.47 | 89,317,066.84 | 158,873,767.37 |
| Other Operating expenses | 28,336,265.85 | 57,681,898.11 | 25,412,105.34 | 43,791,529.83 |
| Depreciation and Amortisation | 223,406.46 | 223,406.46 | - | - |
| **Operating Profit** | **140,243,250.11** | **105,683,861.45** | **43,703,070.10** | **65,026,361.37** |
| Non operating Income | - | - | - | - |
| Non operating expense | - | - | - | - |
| **Profit before income tax** | **140,243,250.11** | **105,683,861.45** | **43,703,070.10** | **65,026,361.37** |
| Income tax expense | 35,227,957.00 | 35,227,957.00 | 15,131,953.98 | 21,528,941.36 |
| Current tax | 35,227,957.00 | 35,227,957.00 | 15,131,953.98 | 21,528,941.36 |
| Deferred Tax | - | - | - | - |
| **Profit for the period** | **105,015,293.11** | **70,455,904.45** | **28,571,116.12** | **43,497,420.01** |

**Condensed Statement of Comprehensive Income**

| Particulars | Current Year This Quarter | Current Year Upto this Quarter | Previous Year Corresponding This Quarter | Previous Year Corresponding Upto this Quarter |
|---|---|---|---|---|
| **Profit for the period** | **105,015,293.11** | **70,455,904.45** | **28,571,116.12** | **43,497,420.01** |
| **Other Comprehensive Income** | - | - | - | - |
| **Total Comprehensive Income** | **105,015,293.11** | **70,455,904.45** | **28,571,116.12** | **43,497,420.01** |
| Basic Earning Per Share | 37.47 | 18.91 | 3.66 | 8.01 |
| Diluted Earning per Share | 37.47 | 18.91 | 3.66 | 8.01 |

**Ratios as per NRB Directive**

| Particulars | Current Year This Quarter | Current Year Upto this Quarter | Previous Year Corresponding This Quarter | Previous Year Corresponding Upto this Quarter |
|---|---|---|---|---|
| Capital Fund to RWA | 1.00% | 9.32% | 0.89% | 11.28% |
| Non Performing Loan (NPL) to total Loan | -1.22% | 8.35% | -2.99% | 7.90% |
| Total loan loss provision to Total NPL | 4.94% | 34.41% | 45.96% | 34.52% |
| Cost of funds | -0.71% | 8.30% | 0.55% | 10.69% |
| Credit to Deposits and Borrowing Ratio | -5.66% | 102.25% | 0.87% | 102.68% |
| Base rate | -0.87% | 13.09% | -0.14% | 15.83% |
| Interest Rate Spread | -0.88% | 5.08% | -0.42% | 4.30% |

**Statement of Distributable Profit or Loss**

| | |
|---|---|
| **Net Profit for the period end 29 Poush 2081** | **70,455,904.45** |
| **1.1 Profit required to be appropriated to:** | **15,500,298.98** |
| a. General Reserve | 14,091,180.89 |
| b. Capital redemption reserve | |
| c. Exchange Fluctuation reserve | |
| d. CSR Fund | 704,559.04 |
| e. Employees training fund | |
| f. Client protection fund | 704,559.04 |
| g. Other | |
| **1.2 Profit required to be transferred to Regulatory Reserve:** | **85,646,088.49** |
| a. Transferred to Regulatory Reserve | 85,646,088.49 |
| b. Transferred from Regulatory Reserve | |
| **Net Profit for the period end 29th Poush 2081 available for distribution** | **(30,690,483.02)** |
| **Opening retained earning as on 1st shrawan 2081** | **27,415,559.00** |
| **Adjustment(+/-)** | |
| **Bonus Share Issued** | |
| **Cash Dividend paid** | |
| **Total Distributable profit of (loss) as per quarter ended 29 Poush 2081** | **(3,274,924.02)** |
| **Annualised Distributable profit / loss per share** | **(0.88)** |

**Notes :**
1. Above financial statements are prepared in accordance with Nepal Financial Reporting Standards (NFRS).
2. Loan and advances are stated at net of impairment charge.
3. Above figures may vary upon otherwise direction made by Statutory auditor and Regulators.
4. Figures has been regrouped/rearranged/restated whereever necessary.
5. The interim financial statements has been uploaded in the website www.vlbs.com.np

**Interest Rate**

| 1. Deposit 7.5%- 10.5 % | 2. Loan and Advance 15% |
|---|---|

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची-१४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)**

**आ.व २०८१/८२ को दोस्रो त्रैमासिक प्रतिवेदन**

१. **वित्तीय विवरण**:

क. **वासलात तथा नाफा/नोक्सान सम्बन्धी विवरण यसै साथ छ।**

ख. **प्रमुख वित्तीय अनुपातहरू:**

| | | | |
|---|---|---|---|
| प्रति शेयर आम्दानी (वार्षिक) रू. | १८.९१ | मूल्य आम्दानी अनुपात | ४४.१५ |
| प्रति शेयर नेटवर्थ रू. | १५८.६४ | तरलता अनुपात | ११.४९ |
| प्रति शेयर कुल सम्पत्तिको मूल्य रू. | १,५१५.९९ | | |

२. **व्यवस्थापकिय विश्लेषण**:

क. **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलता कुनै परिवर्तन भए सो को प्रमुख कारण सम्बन्धी विवरण**: कारोबारको सामान्य वृद्धिसँगै आम्दानी र तरलतामा सकारात्मक परिवर्तन देखिएको छ।

ख. **आगामी अवधिको व्यावसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण:**
हालको अवस्थामा शाखा विस्तार गर्ने अवस्था अनुकूल नरहेको हुँदा कायम रहेकै १३५ वटा शाखा कार्यालयहरुबाट गुणस्तरीय व्यवसाय विस्तार गर्ने, वक्यौता साँवा तथा ब्याज असुलीलाई प्राथमिकताका साथ अघि बढाई वित्तीय सुदृढता प्राप्त गर्ने योजना रहेको छ। प्रतिस्पर्धात्मक बजार र प्रतिकूल बाह्य वातावरणका बावजुद आगामी दिनमा समयानुकूल व्यावसायिक योजना र सो लाई हासिल गर्ने रणनीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ। साथै संस्थाको सेवालाई प्रविधि मैत्री बनाई सञ्चालन लागत घटाउने योजना रहेको छ।

ग. **विगतको अनुभवबाट संगठित संस्थाको नाफा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना अवस्था आदि भएमा सो सम्वन्धी विश्लेषणात्मक विवरण:** लघुवित्त क्षेत्रमा अस्वस्थ्य प्रतिस्पर्धा, उत्पादनशिल क्षेत्रको सिमितता आदिले लघुवित्त वित्तीय संस्था लि.को क्रियाकलापमा असर गर्न सक्ने सम्भावना भएता पनि नयाँ क्षेत्रको पहिचान गरी कर्जा विस्तार गर्ने व्यवसायिक रणनीति अवलम्वन गरिएको छ।

३. **कानुनी कारबाही सम्वन्धी विवरण**: यस त्रैमासमा कुनै पनि मुद्दा दायर भएको छैन।

४. **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण**:

क. **धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयर कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा:** यस लघुवित्त वित्तीय संस्था लि. को शेयर कारोबार सम्बन्धमा खुला बजारको मूल्य र मान्यता अनुसार हुने गरेको छ।

ख. **त्रैमासिक अवधिमा शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य कारोबार भएको कुल दिन तथा कारोबार संख्या:**

| अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार दिन | कारोबार संख्या | कारोबार कित्ता संख्या |
|---|---|---|---|---|---|
| ९९० | ८१५.६० | ८३५ | ५५ | २,६६७ | २,३०,१८० |

५. **समस्या तथा चुनौती** : लघुवित्त क्षेत्रमा बढ्दो प्रतिस्पर्धात्मक वातावरणले अधिकतम कर्जा भारको संभावना रहेको विपन्न वर्गसम्म लघुवित्त सेवा पुऱ्याउन वर्तमान प्रतिस्पर्धात्मक वातावरणले संचालन लागत बढाएको छ। विभिन्न व्यक्ति एवं समुदायबाट लघुवित्त व्यवसायको नकारात्मक प्रचारबाजीका कारण संस्थाको कर्जा असुलीमा अझै पनि प्रतिकुल प्रभाव परिरहेको छ। साथै आर्थिक गतिविधिमा आएको न्यूनताको कारण ग्राहक सदस्यहरूको व्यावसायमा परेको असरले समेत संस्थाले वित्तीय कारोबारमा अझबढि चूनौती ब्यहोर्नु परिरहेको छ।

६. **संस्थागत सुशासन** : यस विजय लघुवित्त वित्तीय संस्था लि संस्थागत सुशासन परिपालनका लागि सदैव प्रतिबद्ध रहेको छ। नेपाल राष्ट्र बैंकबाट जारी निर्देशनहरू र यस लघुवित्त वित्तीय संस्था लि.को संचालक समितिबाट पारित नीति नियमलाई संस्थाले पूर्णपालना गर्दै आएको छ।

७. **सत्य तथ्यताका सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोष** : आजको मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु। मैले जाने बुझेसम्म यस प्रतिवदनमा उल्लेखित विवरणहरू सत्य तथ्यपूर्ण छन् र लगानीकर्ताहरूलाई सुसूचित भई निर्णय लिन आवश्यक कुनै विवरण वा सूचना तथा जानकारीहरू लुकाईएको छैन।


# अभियान लघुवित्त नाफामा

काठमाडौं (अस)। चालू आर्थिक वर्ष (आव) २०८१/८२ को दोस्रो त्रैमाससम्ममा अभियान लघुवित्त वित्तीय संस्था लिमिटेडले ३७ लाख ८६ हजार रुपैयाँ खुद नाफा कमाएको छ। गत आर्थिक वर्षको यसै अवधिसम्ममा ६ करोड २४ लाख रुपैयाँ नोक्सानीमा रहेकोमा कम्पनीको ब्याज तथा सेवा शुल्क आम्दानी वृद्धि हुँदा नाफा सकारात्मक भएको हो।

कम्पनीले प्रकाशित गरेको अपरिस्कृत वित्तीय विवरणअनुसार चालू आवको पुससम्ममा ६ करोड ३१ लाख रुपैयाँ खुद ब्याज आम्दानी गरेको छ। गत आवको यही अवधिमा कम्पनीको खुद ब्याज आम्दानी १२ लाख ५७ हजार रुपैयाँ ऋणात्मक थियो।

चालू आवको पुससम्ममा कम्पनीले सेवा शुल्क तथा कमिसनबाट २ करोड १२ लाख रुपैयाँ आम्दानी गरेको छ । गत आवको पुससम्ममा कम्पनीको यस्तो आम्दानी एक करोड ३५ लाख रुपैयाँ थियो।

यसैगरी चालू आवको पुससम्ममा सदस्यहरूबाट २९ करोड ५८ लाख रुपैयाँ बचत संकलन गरेको कम्पनीले २ अर्ब ७५ करोड रुपैयाँ कर्जा प्रवाह गरेको छ। गत आवको यही अवधिसम्ममा कम्पनीको बचत संकलन २२ करोड ७१ लाख रुपैयाँ तथा १ अर्ब ९१ लाख रुपैयाँ कर्जा प्रवाह गरेको थियो । कम्पनीले बैंक वित्तीय संस्थाबाट लिएको ऋण २ अर्ब ४२ करोड छ।

नाफा वृद्धिसँगै लघुवित्तको प्रतिशेयर आम्दानी पनि बढेको छ । गत आर्थिक वर्षको दोस्रो त्रैमाससम्ममा ४९ रुपैयाँ ९७ पैसा ऋणात्मक रहेको वार्षिक प्रतिशेयर आम्दानी चालू आवसम्ममा ३ रुपैयाँ ३ पैसा धनात्मक भएको छ।

कम्पनीको खराब कर्जा पनि घटेको छ । गत आवको पुसमा ७ दशमलव १७ प्रतिशत रहेकोमा घटेर चालू आवको पुसमा ४ दशमलव १४ प्रतिशतमा झरेको छ।

राष्ट्रियस्तरको लघुवित्त वित्तीय संस्थाले हाल २१ ओटा जिल्लामा ६० ओटा शाखामार्फत सेवा सञ्चालन गरिरहेको छ । कम्पनीमा हाल ३२ हजार ८३९ जना सदस्य र १८ हजार १९ जना ऋणी छन्।

# बोटलर्स नेपाल (तराई)को नगद लाभांश वितरण

काठमाडौं (अस)। बोटलर्स नेपाल (तराई)ले यस वर्षको ५० प्रतिशत नगद लाभांश वितरण गरेको छ। कम्पनीले गत आर्थिक वर्ष २०८०/८१ को मुनाफाबाट कर समेत ५० प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव पुस २६ गते सम्पन्न ३८औं वार्षिक साधारणसभाबाट पारित गरेको थियो।

साधारणसभाले पारित गरेको उक्त नगद लाभांश माघ ६ गतेदेखि सम्बन्धित शेयरधनीहरूको हितग्राही खातामा उल्लेख बैंक खातामा नगद लाभांश जम्मा गरिएको जानकारी कम्पनीले दिएको छ।

नगद लाभांश बैंक खातामै जम्मा गरिने भएकाले हालसम्म पनि आफ्नो हितग्राही खातामा बैंक खाता नम्बर अद्यावधिक नगराएका शेयरधनीहरूलाई यथाशीघ्र गराई आफ्नो लाभांश सुरक्षित गर्नका लागि समेत कम्पनीले आग्रह गरेको छ।

कम्पनीले साधारणसभा र लाभांश प्रयोजनका लागि पुस १९ गते एक दिन बुक क्लोज गरेको थियो । यस आधारमा पुस १८ गतेसम्म कायम शेयरधनीहरूमा मात्र नगद लाभांश वितरण गरिएको हो।

# समता घरेलु लघुवित्तको शेयर मूल्य समायोजन

काठमाडौं (अस)। समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य नेपाल स्टक एक्सचेन्ज (नेप्से)ले समायोजन गरेको छ । नेप्सेले कम्पनीले प्रस्ताव गरेको ५ प्रतिशत बोनस शेयर प्रयोजनका लागि मूल्य समायोजन गरेको हो । बुधवार कायम कम्पनीको अन्तिम शेयर मूल्य ९२० रुपैयाँको आधारमा नेप्सेले ५ प्रतिशत बोनस शेयरपछिको मूल्य प्रतिकित्ता ८७६ रुपैयाँ १९ पैसा तोकेको हो । बिहीवार (आज) कम्पनीको समायोजन मूल्यका आधारमा कारोबार खुला हुनेछ।

बोनस शेयरपछिको मूल्य तोकिएसँगै कम्पनीले यस वर्ष वितरण गर्न प्रस्ताव गरेको लाभांश माघ २३ गतेसम्म कायम शेयरधनीहरूले मात्र पाउनेछन् । कम्पनीले गत आर्थिक वर्ष २०८०/८१ को मुनाफाबाट हाल कायम चुक्तापूँजी ५९ करोड ९० लाख ९६ हजार रुपैयाँको आधारमा ५ प्रतिशत बोनस शेयर र शून्य दशमलव २६ प्रतिशत नगद लाभांश (कर प्रयोजनार्थ) वितरण गर्ने प्रस्ताव गरेको हो । यो प्रस्ताव सहित अन्य विविध प्रस्ताव पारितका लागि कम्पनीले फागुन ११ गते वार्षिक साधारणसभा गर्दैछ।

**आईपीओ अपडेट (वैदेशिक रोजगारीमा रहेका नेपाली)**

| कम्पनी | क्रेस्ट माइक्रो लाइफ इन्स्योरेन्स लि. |
|---|---|
| दिन | २०८१ माघ २३ गते |
| आईपीओ निष्कासन भएको मूल्य | रू. १०० |
| कुल निष्कासन कित्ता | २ लाख २५ हजार |
| आवेदक संख्या | ४५ हजार ३५३ |
| आवेदन परेको कित्ता | १२ लाख ५१ हजार ६९० |
| आवेदन परेको रकम | १२ करोड ५१ लाख ६९ हजार |
| निष्कासनको तुलनामा माग | ५.५६ गुणा |
| निष्कासन बन्द हुने मिति | २०८१ माघ २९ गते |
| विक्री प्रबन्धक | एनआइएमबि एस क्यापिटल लिमिटेड |

**आईपीओ अपडेट (वैदेशिक रोजगारीमा रहेका नेपाली)**

| कम्पनी | ओम मेगाश्री फर्मास्यूटिकल्स लिमिटेड |
|---|---|
| दिन | २०८१ माघ २३ गते |
| आईपीओ निष्कासन भएको मूल्य | रू. १०० |
| कुल निष्कासन कित्ता | १ लाख ८० हजार |
| आवेदक संख्या | ३२ हजार ३६९ |
| आवेदन परेको कित्ता | ८ लाख २८ हजार १४० |
| आवेदन परेको रकम | ८ करोड २८ लाख १४ हजार |
| निष्कासनको तुलनामा माग | ४.६० गुणा |
| निष्कासन बन्द हुने मिति | २०८१ फागुन ५ गते |
| विक्री प्रबन्धक | प्रभु क्यापिटल लिमिटेड |

स्रोत : सीडीएससी

# सामान्य घट्यो नेप्से

**अभियान संवाददाता**

काठमाडौं

बुधवारको कारोबारमा पनि नेप्से परिसूचक अघिल्लो कारोबार दिनको विन्दुभन्दा तल झरेको छ । अघिल्लो कारोबार दिनभन्दा ४ दशमलव ४५ अंक तल झरेर यो दिन नेप्से परिसूचक २ हजार ७११ दशमलव ४५ विन्दुमा बन्द भएको हो । बुधवार नेप्से परिसूचक २ हजार ७२६ दशमलव शून्य ७ विन्दुसम्म पुगेको थियो भने २ हजार ७०४ दशमलव २४ विन्दुसम्म झरेको थियो ।

बुधवार ११३ कम्पनीको धितोपत्र मूल्य बढेको छ भने १२२ कम्पनीको धितोपत्र मूल्य घटेको छ । यो दिन ७ कम्पनीको धितोपत्र मूल्य भने स्थिर रहेको छ । उपकार लघुवित्त र छ्याङ्दी हाइड्रोपावरको शेयर मूल्य यो दिन १० प्रतिशत बढेको छ भने सेन्ट्रल फाइनान्सको ९ दशमलव ९९ प्रतिशत, पोखरा फाइनान्सको ९ दशमलव ८१ प्रतिशत, समृद्धि फाइनान्सको ९ दशमलव ४६ प्रतिशत र भूगोल इनर्जी डेभलपमेन्ट कम्पनीको शेयर मूल्य ९ दशमलव शून्य १ प्रतिशत बढेको छ । यो दिन सामुदायिक लघुवित्त र कर्पोरेट डेभलपमेन्ट बैंकको शेयर मूल्य भने १० प्रतिशत घटेको छ ।

अघिल्लो कारोबार दिनभन्दा बुधवार नेप्से परिसूचक तल झरेपनि कारोबार रकम भने बढेको छ । मंगलवार ८ अर्ब ९१ करोड रुपैयाँभन्दा बढीको धितोपत्र कारोबार भएकोमा बुधवार ८ अर्ब ९५ करोड ८० लाख रुपैयाँभन्दा बढीको १ करोड ९१ लाख ८१ हजारभन्दा बढी कित्ता धितोपत्र कारोबार भएको हो ।

यस दिन नेपाल पुनर्बीमा कम्पनीको सर्वाधिक रकमको शेयर कारोबार भएको छ । कम्पनीको ३३ करोड ७६ लाख रुपैयाँभन्दा बढीको शेयर कारोबार भएको हो । सर्वाधिक रकमको शेयर कारोबार भएको कम्पनीको शेयर मूल्य ९९८ रुपैयाँ ९० पैसा कायम भएको छ ।

यस दिन कारोबारमा आएका १३ समूहगत सूचकमध्ये पाँच समूहको सूचक बढेको छ भने बाँकी सबै समूहको सूचक घटेको छ । तीमध्ये वित्त समूहको सूचक सबैभन्दा बढी ५ दशमलव ६७ प्रतिशत बढेको छ भने व्यापार समूहको सूचक सबैभन्दा बढी १ दशमलव ४२ प्रतिशत घटेको छ ।

**बजार पूँजीकरण घट्यो**

बुधवार बजार पूँजीकरण रू. ७ अर्ब ३९ करोडले घट्दै रू. ४४ खर्ब ९८ अर्ब ७१ करोड कायम भएको छ । अघिल्लो कारोबार दिन बजार पूँजीकरण रू. ४५ खर्ब ६ अर्ब १० करोड थियो ।

**कुल कारोबारमा सर्वाधिक हिस्सा जलविद्युत् समूहको**

कारोबार रकमका आधारमा बुधवार जलविद्युत् समूहले सर्वाधिक हिस्सा ओगटेको छ । कुल कारोबारमध्ये ५० दशमलव शून्य ४ प्रतिशत हिस्सा ओगटेको उक्त समूहको रू. ४ अर्ब ४८ करोड २७ लाख बराबरको धितोपत्र किनबेच भएको छ । यस्तै, सर्वाधिक कारोबार गर्ने समूहमध्ये दोस्रो स्थानमा विकास बैंक समूह रहेको छ। उक्त समूहको रू. ६९ करोड ४४ लाख बराबरको धितोपत्र किनबेच भएको छ ।

**ब्रोकर नं. ५८ बाट सर्वाधिक कारोबार**

बुधवारको बजारमा ब्रोकर नं. ५८ सर्वाधिक कारोबार गर्नेमध्ये शीर्ष स्थानमा रहेको छ । उक्त ब्रोकरबाट रू. १ अर्ब ३ करोड ७५ लाख बराबरको धितोपत्र किनबेच भएको हो । कारोबार अवधिमा उक्त ब्रोकरबाट रू. ५४ करोड २० लाख बराबरको धितोपत्र विक्री भएको छ भने रू. ४९ करोड ५५ लाख बराबरको धितोपत्र खरीद भएको देखिन्छ । यस्तै, दोस्रोमा ब्रोकर नं. ४२ रहेको छ । जसबाट बुधवारको बजारमा रू. ६९ करोड ६६ लाख बराबरको धितोपत्र किनबेच भएको छ ।

**मूल्य घटबढका आधारमा शीर्ष ५ धितोपत्र**

| बढेका धितोपत्र: धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) | घटेका धितोपत्र: धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) |
|---|---|---|---|---|---|
| उपकार लघुवित्त वित्तीय संस्था लि. | ६,६००.०० | १०.०० | सामुदायिक लघुवित्त वित्तीय संस्था लि. | २,६६४.०० | -१०.०० |
| छ्याङ्दी हाइड्रोपावर लिमिटेड | ५२९.१० | १०.०० | कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेड | २,२२६.७० | -१०.०० |
| सेन्ट्रल फाइनान्स लिमिटेड | ५७४.६० | ९.९९ | मध्य भोटेकोशी जलविद्युत् कम्पनी लि. | ३७७.६० | -५.६० |
| पोखरा फाइनान्स लिमिटेड | ४०३.०० | ९.८१ | न्यादी हाइड्रोपावर लिमिटेड | ७८१.०० | -५.५६ |
| समृद्धि फाइनान्स कम्पनी लिमिटेड | ५९०.०० | ९.४६ | ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड | १,५४३.०० | -४.८२ |

**समूहगत कारोबार**

| क्र.सं. | समूह | कारोबार रकम (रू. करोडमा) | कारोबारमा हिस्सा(%मा) |
|---|---|---|---|
| १ | जलविद्युत् | ४४८.२७ | ५०.०४ |
| २ | विकास बैंक | ६९.४४ | ७.७५ |
| ३ | वित्त | ६४.९२ | ७.२५ |
| ४ | लघुवित्त | ६३.३९ | ७.०८ |
| ५ | अन्य | ५७.८४ | ६.४६ |
| ६ | लगानी | ५२.११ | ५.८२ |
| ७ | जीवन बीमा | ४३.९० | ४.९० |
| ८ | बैंकिङ्ग | ३२.७५ | ३.६६ |
| ९ | निर्जीवन बीमा | २३.५५ | २.६३ |
| १० | उत्पादन तथा प्रशोधन | २१.१० | २.३६ |
| ११ | संस्थापक शेयर | ७.३२ | ०.८२ |
| १२ | होटल तथा पर्यटन | ७.१२ | ०.८० |
| १३ | म्युचुअल फण्ड | २.४७ | ०.२८ |
| १४ | व्यापार | ०.९१ | ०.१० |
| १५ | ऋणपत्र | ०.६३ | ०.०७ |

**शीर्ष ५ ब्रोकर (रकम रू. करोडमा)**

| ब्रोकर नं. | खरीद रकम | विक्री रकम | जम्मा रकम |
|---|---|---|---|
| ५८ | ४९.५५ | ५४.२० | १०३.७५ |
| ४२ | ३४.१६ | ३५.४९ | ६९.६६ |
| ४५ | ३५.६४ | ३०.९६ | ६६.६० |
| ४९ | २९.८५ | २९.७४ | ५९.५९ |
| ३४ | २५.३० | २६.८९ | ५२.१९ |

**सर्वाधिक कारोबार भएका पाँच धितोपत्र**

| धितोपत्रको नाम | कारोबार रकम (रू. करोडमा) | अन्तिम मूल्य(रू.) |
|---|---|---|
| नेपाल पुनर्बीमा कम्पनी लिमिटेड | ३३.७६ | ९९८.९० |
| हिमालयन पावर पार्टनर लिमिटेड | २७.१४ | ६०५.०० |
| सिनर्जी पावर डेभलपमेन्ट लिमिटेड | २२.२० | ३६४.०० |
| ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड | २०.९३ | १,५४३.०० |
| हिमालय उर्जा विकास कम्पनी लि. | १९.९१ | २७०.६० |

**समूहगत परिसूचकमा आएको परिवर्तन**

| क्र.सं. | समूह | समूहगत परिसूचक | परिवर्तन (%मा) |
|---|---|---|---|
| १ | वित्त | २,६७९.९५ | ५.६७ |
| २ | म्युचुअल फण्ड | २०.३५ | ०.९० |
| ३ | अन्य | २,१४२.४८ | ०.२८ |
| ४ | निर्जीवन बीमा | १३,१८०.७७ | ०.१९ |
| ५ | जलविद्युत् | ३,८३८.१३ | ०.०४ |
| ६ | लगानी | १०६.२७ | -०.२४ |
| ७ | बैंकिङ्ग | १,३६३.८९ | -०.२६ |
| ८ | लघुवित्त | ५,१६८.३५ | -०.२६ |
| ९ | जीवन बीमा | १३,१८९.४९ | -०.३० |
| १० | होटल तथा पर्यटन | ६,७८१.२६ | -०.४८ |
| ११ | उत्पादन तथा प्रशोधन | ७,१९१.९५ | -०.८१ |
| १२ | विकास बैंक | ५,८१४.९९ | -०.९१ |
| १३ | व्यापार | ४,३६३.२१ | -१.४२ |

**एशियाली शेयर बजारका सूचक (अपडेट : २०२५ फेब्रुवरी ५)**

| स्टक एक्सचेन्ज | सूचकको नाम | इन्डेक्स | फरक प्रतिशत |
|---|---|---|---|
| बम्बई स्टक एक्सचेन्ज | बीएसई सेन्सेक्स | ७८,२७१.२८ | -०.४०% |
| नेशनल स्टक एक्सचेन्ज | निफ्टी ५० | २३,६९६.३० | -०.१८% |
| जापान एक्सचेन्ज ग्रुप | निक्केइ २२५ | ३८,८३१.४८ | ०.०९% |
| हङकङ स्टक एक्सचेन्ज | हाङ्सङ् | २०,५९७.०९ | -०.९३% |
| साङ्घाई स्टक एक्सचेन्ज | साङ्घाई एसई कम्पोजिट इन्डेक्स | ३,२२९.४९ | -०.६५% |

---

**Government of Nepal**

**Ministry of Urban Development**

**Federal Secretarait Construction and Management Office**

**Sanogaucharan, Kathmandu**

## Invitation for Bid

**Date of Publication: 2081-10-24 (6th February, 2025)**

**Federal Secretariat Construction and Management Office** Invites electronic bid only form eligible bidders for procurement of the following works under NCB procedure. For further information, visit e-GP portal of PPMO **www.bolpatra.gov.np/egp.**

| S. N. | Contract No. | Description of Work | Estimated Amount (W/O VAT) | Bid Security Amount NRs | Price of Document Fee NRs. | Bid Submissioin Deadline | Opening Date and Time |
|---|---|---|---|---|---|---|---|
| 1 | FSCMO/NCB/G/81/82-16 | Supply, Installation, Testing, and Commissioning of 8 passenger (544kg) elevator (lift) including Civil/electrical work in Ministry of Forest and Environment at Singhdurbar | 42,59,061.45 | 1,15,000.00 | 3,000.00 | 2081/11/25 12:00 PM | 2081/11/25 13:00 PM |
| 2 | FSCMO/SQ/Works/81/82-17 | Tacktile paving work on foothpath on the premises of Singhdurbar | 16,88,812.18 | 50,000.00 | 1,000.00 | 2081/11/25 12:00 PM | 2081/11/09 13:00 PM |

**Superintendent Engineer**

---

**मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि**

**MEROMICROFINANCE LAGHUBITTA BITTIYA SANSTHA LTD**

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)

## Unaudited Financial Result (Quarterly)

## As on Quarter Ended 29th Poush 2081

**Unaudited Condensed Statement of Financial Position ( As per NFRS)**
**As on Quarter Ended 29th Poush 2081**

Amount (NPR)

| Particulars | This Quarter Ending | Immediate Previous Year Ending |
|---|---|---|
| **Assets** | | |
| Cash & Cash Equivalents | 633,916,094 | 584,264,563 |
| Statutory Balances and Due from Nepal Rastra Bank | 60,357,490 | 60,357,490 |
| Placement with Banks & Financial Institutions | - | - |
| Derivative Financial Institutions | - | - |
| Other Trading Assets | - | - |
| Loans and Advances to MFIs & Cooperatives | - | - |
| Loan & Advances to Customers | 14,143,645,016 | 13,756,742,914 |
| Investment Securities | 2,900,000 | 2,000,000 |
| Current Tax Assets | 15,282,585 | 14,902,108 |
| Investment Property | - | - |
| Property and Equipment | 123,309,776 | 117,982,232 |
| Goodwill and Intangible Assets | 986,840 | 926,761 |
| Deferred Tax Assets | 36,637,459 | 36,637,459 |
| Other Assets | 95,841,859 | 108,574,195 |
| **Total Assets** | **15,112,877,118** | **14,682,387,722** |
| **Liabilities** | | |
| Due to Bank and Financial Institutions | - | - |
| Due to Nepal Rastra Bank | - | - |
| Derivative Financial Instruments | - | - |
| Deposits from Customers | 3,628,504,394 | 3,407,984,072 |
| Borrowings | 8,404,004,951 | 8,368,320,721 |
| Current Tax Liabilities | - | - |
| Provisions | 1,640,449 | - |
| Deferred Tax Liabilities | - | - |
| Other Liabilities | 953,716,029 | 862,144,119 |
| Debt Securities Issued | - | - |
| Subordinated Liabilities | - | - |
| **Total Liabilities** | **12,987,865,822** | **12,638,448,912** |
| **Equity** | | |
| Share Capital | 1,320,000,000 | 1,320,000,000 |
| Share Premium | - | - |
| Retained Earnings | 76,035,042 | 107,141,100 |
| Reserves | 728,976,254 | 616,797,710 |
| **Total Equity** | **2,125,011,296** | **2,043,938,810** |
| **Total Liabilities and Equity** | **15,112,877,118** | **14,682,387,722** |

**Condensed Statement of Profit and Loss**
**For the Quarter Ended on 29th Poush 2081**

Amount (NPR)

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter | This Quarter | Upto This Quarter |
| Interest Income | 510,253,051 | 988,989,376 | 512,936,672 | 996,091,092 |
| Interest Expense | 225,787,594 | 482,626,376 | 275,935,939 | 599,779,060 |
| **Net Interest Income** | **284,465,457** | **506,363,001** | **237,000,733** | **396,312,032** |
| Fee and Commission Income | 21,856,876 | 42,112,604 | 32,523,581 | 59,234,587 |
| Fee and Commission Expense | - | - | - | - |
| **Net Fee and Commission Income** | **21,856,876** | **42,112,604** | **32,523,581** | **59,234,587** |
| **Net Interest, Fee and Commisson Income** | **306,322,332** | **548,475,605** | **269,524,315** | **455,546,619** |
| Net Trading Income | - | - | - | - |
| Other Operating Income | 115,370 | 577,027 | 162,703 | 162,703 |
| **Total Operating Income** | **306,437,702** | **549,052,631** | **269,687,018** | **455,709,322** |
| Impairment Charge/ (Reversal) for Loans and Other Lossess | 26,036,584 | 79,722,473 | (19,418,990) | 50,286,914 |
| **Net Operating Income** | **280,401,118** | **469,330,158** | **289,106,008** | **405,422,409** |
| **Operating Expense** | **167,879,043** | **351,333,413** | **134,689,201** | **313,581,127** |
| Personnel Expenses | 123,692,002 | 257,743,792 | 103,410,740 | 246,591,746 |
| Other Operating Expenses | 33,812,059 | 73,119,605 | 20,876,969 | 46,305,907 |
| Depreciation & Amortisation | 10,374,983 | 20,470,016 | 10,401,492 | 20,683,474 |
| **Operating Profit** | **112,522,075** | **117,996,745** | **154,416,807** | **91,841,282** |
| Non Operating Income | 9,000 | 10,000 | 1,700 | 29,917 |
| Non Operating Expense | - | - | - | - |
| **Profit Before Income Tax** | **112,531,075** | **118,006,745** | **154,418,507** | **91,871,199** |
| **Income Tax Expense** | | | | |
| Current Tax | 36,627,644 | 38,452,868 | 27,561,360 | 27,561,360 |
| Deferred Tax | - | - | - | - |
| **Profit for the Period** | **75,903,431** | **79,553,878** | **126,857,147** | **64,309,839** |

**Condensed Statement of Comprehensive Income**

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter | This Quarter | Upto This Quarter |
| Profit for the Period | 75,903,431 | 79,553,878 | 126,857,147 | 64,309,839 |
| Other Comprehensive Income | | | | |
| Total Comprehensive Income | 75,903,431 | 79,553,878 | 126,857,147 | 64,309,839 |
| **Basic Earning per share:** | | | | |
| Annualized Basic Earing Per Share | | 12.05 | | 9.74 |
| Diluted Earning per share | | 12.05 | | 9.74 |

**Ratios as per NRB Directives**

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter | This Quarter | Upto This Quarter |
| Capital Fund to RWA | - | 12.85% | - | 12.61% |
| Non-Performing Loan (NPL) to Total Loan | - | 7.78% | - | 7.87% |
| Total Loan Loss Provision to total NPL | - | 49.03% | - | 36.63% |
| Cost of Funds | - | 7.91% | - | 9.12% |
| Credit to Deposit and Borrowing Ratio | - | 117.55% | - | 116.82% |
| Base Rate | - | 14.00% | - | 14.58% |
| Interest Rate Spread | - | 7.05% | - | 6.43% |

**Details about the Distributable Profit for the Quarter**

| Particulars | Amount (NPR) |
|---|---|
| **Net Profit for the period end 2nd Quarter 2081/82** | **79,553,878** |
| **1. Appropriations** | |
| **1.1 Profit required to be appropriated to:** | **18,297,392** |
| a. General Reserve | 15,910,776 |
| b. Capital Redemption Reserve | - |
| c. Foreign Exchange Fluctuation Fund | - |
| d. Corporate Social Responsibility | 795,539 |
| e. Employee Training Fund | - |
| f. Client Protection Fund | 795,539 |
| g. Other | 795,539 |
| **1.2 Profit required to be transferred to Regulatory Reserve:** | **92,362,544** |
| a. Transfer to Regulatory Reserve | 92,362,544 |
| b. Transfer from Regulatory Reserve | - |
| **Net Profit for the period end 2nd Quarter 2081/82 available for distribution** | **(31,106,058)** |
| Opening Retained Earnings as on 1st Shrawan 2081 | 107,141,100 |
| Adjustment (+/-) | - |
| ***Distribution:*** | |
| *Bonus shares issued* | - |
| *Cash Dividend Paid* | - |
| **Total Distributable profit or (loss) as on Quarter Ended 29th Poush 2081** | **76,035,042** |
| Annualised Distributable Profit/loss per share | 5.76 |

**Notes:**
1. The above Financial Statements have been prepared in accordance with Nepal Financial Reporting Standards (NFRS) as per NRB Directive except guidelines of Expected Credit Loss (ECL) Model as required by NFRS 9.
2. The Loans and Advance includes interest receivable & Staff Loans and are presented net of impairment loss.
3. Actuarial Valuation has been done on annual basis for Employee Benefit.
4. Personnel Expenses also include provision for staff bonus which has been calculated in line with the provision in Bonus Act.
5. Previous period figures are regrouped/rearranged/restated wherever necessary for consistent presentation and comparison.
6. All Lease contracts have been accounted for as per NFRS 16. Accordingly, Right of Use Assets and Lease Liabilities have been recognised along with Right of Use Assets being depreciated on straight line basis and interest calculated on Lease Liabilities.
7. The above figures are subject to change as per the direction of Regulators and/or External Auditors.
8. Adjustment related to NFRS has been transferred to Regulatory Reserve.
9. The Detailed interim financial report has been published in our website.

**Interest Rate**

| | |
|---|---|
| 1. Deposit | 7.5%-13.69% |
| 2. Loan & Advance | 9%-15% |

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४ (नियम २६ को उपनियम १ सँग सम्बन्धित)**
**आ. व. २०८१/८२ को दोस्रो त्रैमासिक अवधिको विवरण**

१. **वित्तीय विवरण:**

(क) **त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण:**
नेपाल वित्तीय प्रतिवेदनमान **(NFRS)** अनुरुप आ. व. २०८१/८२ को दोस्रो त्रैमासको अपरिष्कृत वित्तीय विवरणहरु यसैसाथ प्रकाशित गरिएको छ । जसलाई वित्तीय संस्थाको वेवसाईट ***https://www.meromicrofinance.com*** मा पनि राखिएको छ ।

(ख) **प्रमुख वित्तीय अनुपातहरु:**

| प्रति शेयर आम्दानी (वार्षिकीकरण) | मूल्य आम्दानी अनुपात (P/E Ratio) | प्रति शेयर नेटवर्थ (Net Worth per Share) | प्रति शेयर कूल सम्पत्तिको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| रू.१२.०५ | ५४.९२ | रू.१६०.९९ | रू.१,१४४.९१ | ५.७७ प्रतिशत |

२. **व्यवस्थापकीय विश्लेषण :**

(क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण:**
विगतका वर्षदेखि अर्थतन्त्रमा देखिएको आर्थिक संकुचन र वित्तीय क्षेत्रमा फैलाइएका नकारात्मक सन्देशका कारण देशको बैंकिङ्ग तथा लघुवित्त सेवा प्रभावित भएतापनि यस अवधिमा कर्जा लगानी तथा सदस्य बचतमा केही बृद्धि भएको छ । बजारमा लगानीयोग्य पूँजीको सहज उपलब्धताले गर्दा कोषको लागतमा कमी भई संस्थाको खर्चमा कमी आएको छ । व्यवस्थापनले लघुवित्त क्षेत्रमा देखिएका बाह्य जोखिम लगायत कर्जा जोखिम, तरलता जोखिम, सञ्चालन जोखिम आदिलाई उच्च प्राथमिकताका साथ विश्लेषण गर्दै वित्तीय कारोबारहरु सञ्चालन गरिआएको छ । आगामी दिनमा वित्तीय क्षेत्रमा देखिएका बाह्य समस्यामा क्रमश: सुधार भई संस्थाको मौज्दात, आम्दानी र तरलता सन्तोषजनक रहने व्यवस्थापनको अनुमान रहेको छ ।

(ख) **आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण:**
राष्ट्रियस्तरको कार्यक्षेत्रको इजाजतपत्रप्राप्त यस वित्तीय संस्थाले वित्तीय पहुँच तथा समावेशीकरण बढाउँदै गुणस्तरीय लघुवित्त सेवा प्रदान गर्ने लक्ष्य र अठोटका साथ अगाडी बढिरहेको छ । फलस्वरुप यस संस्थाले हाल ६४ जिल्लामा १४९ वटा शाखा कार्यालय मार्फत १,५०,९१६ विपन्न घरपरिवारका ग्राहक सदस्यहरुलाई गुणस्तरीय लघुवित्तीय सेवा प्रदान गर्दै आइरहेको छ । लघुवित्तीय बजारको बर्तमान अवस्थालाई मध्येनजर गर्दै वित्तीय सेवाको पहुँच कम भएका तथा ग्रामीण क्षेत्रमा कार्यक्रम बिस्तार गर्दै जाने लक्ष्यका साथ कार्य भैरहेको छ । वित्तीय संस्थाले नवीनतम प्रविधिहरुको प्रयोग गरी छिटो, छरितो र विश्वसनीय एवं दीगो सेवा प्रदान गर्दै कार्यक्रमलाई निरन्तरता दिइरहेको छ ।

(ग) **विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्नसक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण:**
लघुवित्त विरुद्धको आन्दोलन, कोषको श्रोतको परनिर्भरता, तरलता संकुचनका कारण कोषको लागतमा पर्ने असर, लघुवित्त संस्थाहरुबाट लगानी भएका कर्जाको दोहोरोपना आदि समस्याहरुले गर्दा संस्थाको आम्दानीमा असर परेको छ । भविष्यमा यस किसिमका नकारात्मक असर पार्नसक्ने अवस्था आउन नदिन आवश्यक नीति-नियम, कार्यविधिहरु तथा रणनीति/कार्यनीतिहरु तर्जुमा गरी अघि बढ्ने नीति यस संस्थाले लिएको छ ।

३. **कानुनी कारवाही सम्बन्धी विवरण:**

(क) **त्रैमासिक अवधिमा यस वित्तीय संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको छैन र त्यस्तो कुनै सूचना समेत प्राप्त भएको छैन ।**

(ख) **यस वित्तीय संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।**

(ग) **कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।**

४. **वित्तीय संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण:**

(क) धितोपत्र विनिमय बजारको खुल्ला बजार कारोबारले यस वित्तीय संस्थाको शेयरको बजार मूल्य निर्धारण हुने हुँदा व्यवस्थापनको यस सम्बन्धमा कुनै टिप्पणी छैन ।

(ख) नेपाल स्टक एक्स्चेञ्ज लिमिटेडको वेवसाइट: **www.nepalstock.com.np** अनुसार त्रैमासिक अवधिमा यस संस्थाको शेयर कारोबार निम्न अनुसारले भएको देखिन्छ ।

| अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार दिन | कारोबार संख्या |
|---|---|---|---|---|
| रू.८१७ | रू.६६२ | रू.६६२ | ५५ दिन | ४,७१६ |

५. **समस्या र चुनौती:**

(क) लघुवित्त विरुद्ध संघर्ष समितिमा आवद्ध केही व्यक्तिहरुले केन्द्र बैठक सञ्चालनमा अवरोध गर्ने र अन्य केही व्यक्तिहरुले समेत कर्जा किस्ता नतिर्ने मनसाय राखी अन्य ऋणीहरुलाई समेत लघुवित्तको कर्जा नतिरे हुन्छ भनी उक्साउने र गलत प्रचारबाजी गरेका कारण राम्रो व्यवसाय गरिरहेका ग्राहक समेतले कर्जा किस्ता तिर्न अटेरी गरेका कारण असुलीदर प्रभावित भएकाले लघुवित्त कारोबारको निरन्तरतालाई कायम राख्न चुनौती थपिएको छ ।

(ख) दक्ष जनशक्तिको अभाव, बढ्दो प्रतिस्पर्धा, दोहोरोपनका साथै नीतिगत परिवर्तनले असर पार्नसक्ने चुनौती छ ।

(ग) दुर्गम क्षेत्रमा कार्यक्रम बिस्तार गर्न आवश्यक पर्ने पूर्वाधार तथा सूचना प्रविधि आदिको अभाव छ ।

(घ) अप्रत्याशित रुपमा आइपर्ने प्राकृतिक तथा अन्य विपत्तिबाट सृजना हुनसक्ने परिस्थितिजन्य चुनौती छ ।

६. **संस्थागत सुशासन:**
विद्यमान ऐन, कानुन तथा नीति-नियम र नियमनकारी निकायबाट प्राप्त निर्देशनहरु पालना गर्दै संस्थागत सुशासनका लागि यस वित्तीय संस्था सदैव प्रतिवद्ध रहेको छ । साथै वित्तीय संस्थाका शेयरधनीहरु लगायत सरोकारवालाहरुको हित संरक्षण तथा प्रवर्द्धन गर्न संस्थाको व्यवस्थापन र सञ्चालक समिति पूर्णरुपमा जवाफदेही र उत्तरदायी रहेको छ । नेपाल राष्ट्र बैंकको नीति नियम अनुसार संस्था सञ्चालनमा रही आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गर्न आवश्यक विभाग तथा इकाईहरु मार्फत आवश्यक कर्मचारी व्यवस्था गरेको साथै स्वतन्त्र लेखापरीक्षक मार्फत लेखापरीक्षण गर्दै आएको छ । कर्जा लगानीमा संभावित हानी नोक्सानी बापतको व्यवस्थाका लागि कर्जाको सुरक्षण, बीमा तथा ग्राहक संरक्षण कोषको व्यवस्था गरी ग्राहकलाई वित्तीय सचेतना र अप्ठ्यारो परिस्थितिमा सहयोग गर्दै आएको छ । ग्राहक सदस्यहरुसँग भएका आर्थिक कारोबारलाई पासबुक तथा मोबाइल एसएमएस मार्फत समेत जानकारी गराउने गरिएको छ । संस्थाको सञ्चालक समितिले संस्थागत सुसाशन सुदृढ गर्न विभिन्न समितिहरु गठन गरी कार्यसञ्चालन गर्दैआएको छ । आन्तरिक तथा बाह्य लेखापरीक्षक र नेपाल राष्ट्र बैंकबाट समय-समयमा हुने निरीक्षणबाट प्राप्त सुझावहरुको पूर्ण पालना गर्दै संस्थागत सुशासनलाई सुदृढ बनाउन सञ्चालक समिति कटिबद्ध रहेबमोजिम कारोबारलाई व्यवस्थित गर्न आन्तरिक नीति, नियम तथा निर्देशनहरु तर्जुमा गरी लागु गरिएको छ ।

७. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण:**
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जानेबुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् । लगानीकर्ताहरुलाई सुसूचित हुन तथा निर्णय लिन आवश्यक कुनै विवरण वा सूचना तथा जानकारी लुकाइएको छैन ।

**OCR Reg. No.- 107214/069/070** | **NRB License No.- "Gha"/33/069/070** | **PAN No.- 601335464**

जि.प्र.का.काठ.द.नं. ७/०६२/६३, म.क्षे.हु.द.नं. २६/०६९/७०
बिहीवार, २४ माघ २०८१ | Thursday, 6 February 2025
आर्थिक अभियान

# ‘एनएमबि हाईब्रिड फण्ड एल–२ मा कम जोखिम, स्थिर प्रतिफल’



**दीपेशकुमार वैद्य**
प्रमुख कार्यकारी अधिकृत, एनएमबि क्यापिटल लिमिटेड

**सामूहिक लगानीकोष योजना (म्युचुअल फण्ड) व्यवस्थापनमा एक दशकको अनुभव बटुलिसकेको एनएमबि क्यापिटल लिमिटेडले थप एक योजना सञ्चालनको तयारी गरिरहेको छ । यसअघि खुला र बन्दमुखी प्रकृतिका योजना सञ्चालन गरिसकेको क्यापिटलले बन्दमुखी प्रकृतिको अर्को योजना सञ्चालनको तयारी गरेको हो । धितोपत्र बजारमा लगानी गर्ने प्रमुख उद्देश्यले सञ्चालनमा आउन लागेको नयाँ योजनाको सन्दर्भमा एनएमबि क्यापिटल लिमिटेडका प्रमुख कार्यकारी अधिकृत दीपेशकुमार वैद्यसँग आर्थिक अभियानकी प्रजिता बुढाथोकीले गरेको कुराकानीको सार :**

**एनएमबि हाईब्रिड फण्ड एल–२ कस्तो योजना हो ?**

एनएमबि हाईब्रिड फण्ड एल-२ एनएमबि क्यापिटलको छैटौं योजना हो । एनएमबि हाईब्रिड फण्ड एल-२ एक अर्ब २० करोडको आकार भएको बन्दमुखी प्रकृतिको दशवर्षे योजना हो । हाईब्रिड फण्ड यस्तो योजना हो, जसले इक्विटी र स्थिर आय उपकरणमा निर्धारित अनुपातमा लगानी गर्दछ । यसरी गरिएको लगानीमा पोर्टफोलियो विविधीकरण हुन्छ । एकातर्फ इक्विटीमा गरिएको लगानीले पूँजीगत लाभ प्रदान गर्दछ भने अर्कोतर्फ स्थिर आय उपकरणमा गरिएको लगानीले निरन्तर आम्दानी प्रदान गर्दछ, जसअनुसार योजनाको नाम अनुरूप नै पोर्टफोलियोलाई सन्तुलनमा राखेर शेयर बजारको उतारचढाव हुँदा पनि हाईब्रिड योजनाले राम्रै प्रदर्शन गर्दछ ।

यो योजनाले खुद सम्पत्तिको न्यूनतम ३० प्रतिशतदेखि ६५ प्रतिशतसम्म इक्विटीमा लगानी गर्नेछ भने खुद सम्पत्तिको न्यूनतम २० प्रतिशतदेखि ६५ प्रतिशतसम्म स्थिर आम्दानी हुने उपकरणहरू, जस्तै- मुद्दती निक्षेप, ऋणपत्र, बण्ड, ट्रेजरी बिल आदिमा लगानी गर्नेछ । यो योजना नेपालको म्युचुअल फण्डको इतिहासकै दोस्रो हाईब्रिड फण्ड हो । पहिलो, एनएमबि हाईब्रिड फण्ड एल-१ थियो, जुन २०७३ देखि २०८० कात्तिकसम्म सञ्चालनमा रह्यो । ७ वर्ष सञ्चालनमा रहेको उक्त योजना लगानीकर्तालाई समग्र बजारको भन्दा बढी प्रतिफल दिन सफल भयो । माघ २४ गतेदेखि निष्कासन हुने योजना एनएमबि हाईब्रिड फण्ड एल-१ कै दोस्रो संस्करणको रूपमा ल्याइएको हो ।

**एनएमबि हाईब्रिड फण्ड एल–२ योजनामा किन लगानी गर्ने ? यसबाट लगानीकर्ताले पाउने प्रतिफलको प्रक्षेपण कस्तो छ ?**

हाल सञ्चालित ४४ सामूहिक लगानी याजनामध्ये ४३ ओटा इक्विटी फण्ड हुन् भने एउटा डेब्ट फण्ड रहेको छ, जसले गर्दा एनएमबि हाईब्रिड फण्ड एल-२ एक मात्र हाईब्रिड फण्ड हुनेछ । मुद्दती निक्षेपमा भन्दा बढी प्रतिफल चाहने, तर इक्विटी फण्डसँग जोडिएको सम्पूर्ण जोखिम लिन नचाहने लगानीकर्ताका लागि उपयुक्त विकल्प हुन्छ । इक्विटी फण्डले अधिकांश लगानी इक्विटीमा गर्ने भएकाले उच्च प्रतिफलको सम्भावना बोकेको भए तापनि बजार अस्थिरताको समयमा नकारात्मक पक्षको जोखिम पनि तुलनात्मक रूपमा बढी हुने गर्छ । अर्कोतर्फ, डेब्ट फण्डले स्थिर आय उपकरणहरू मुख्यत: मुद्दती निक्षेप, ऋणपत्रहरूमा लगानी गर्ने भएकाले प्रतिफल कम रहने गर्दछ । यद्यपि बजारको उतारचढावका नकारात्मक पक्षको जोखिम पनि कम रहने गर्दछ । त्यसैले, हाईब्रिड फण्डले इक्विटी र स्थिर आय उपकरणमा लगभग समान अनुपातमा लगानी गर्ने भएकाले इक्विटी फण्ड र डेब्ट फण्डले बोक्ने नकारात्मक पक्षको जोखिमलाई सन्तुलित गरी सोही अनुरूप प्रतिफल प्रदान गर्दछ । त्यसैले तुलनात्मक रूपमा कम जोखिम लिन खोज्ने, स्थिर प्रतिफल र पूँजी वृद्धि चाहने लगानीकर्ताका लागि यो उपयुक्त लगानी हुन सक्छ ।

त्यसैगरी एनएमबि क्यापिटल जस्तो दक्ष र अनुभवी योजना व्यवस्थापकद्वारा व्यवस्थापन हुने हुँदा योजनाको उद्देश्य अनुसार लगानी हुनेमा लगानीकर्ता ढुक्क हुन सक्नुहुन्छ । एनएमबि क्यापिटलसँग म्युचुअल फण्डको सफल व्यवस्थापनको १० वर्षभन्दा बढीको अनुभव छ । त्यसैगरी हालसम्म पाँचओटा म्युचुअल फण्ड सञ्चालन गरेको र रू. ५ अर्बभन्दा बढीको लगानी व्यवस्थापन गरिरहेको अनुभव छ । एनएमबि क्यापिटल लिमिटेडले इक्रा नेपालको मूल्यांकनपश्चात् ‘इक्राएनपी एएमसीक्वालिटी २’ को उच्च रेटिङ प्राप्त गरेको छ, जसले ‘हाई अस्योरेन्स अन द म्यानेजमेन्ट क्वालिटी’ जनाउँदछ । यो रेटिङ नेपाली योजना व्यवस्थापकहरूले प्राप्त गरेका रेटिङहरूमध्ये उत्कृष्ट हो, जुन एनएमबि क्यापिटलले विगत तीन वर्षदेखि प्राप्त गरेको छ ।

एनएमबि क्यापिटलले विगतमा सञ्चालन गरेका योजनाहरूले उत्कृष्ट प्रतिफल दिएका छन् । एनएमबि क्यापिटल लिमिटेडले सञ्चालन गरेको दुईओटा योजनाहरू एनएमबि सुलभ इन्भेष्टमेन्ट फण्ड-१ र एनएमबि हाईब्रिड फण्ड एल-१ क्रमश: सन् २०१९ र २०२३ मा परिपक्व भयो । यी योजनाहरूले उत्कृष्ट प्रदर्शन गरी समग्र बजारभन्दा बढी प्रतिफल दिएको थियो । हाल एनएमबि क्यापिटल लिमिटेडद्वारा सञ्चालनमा रहेका तीन सामूहिक लगानी कोषले पनि निरन्तर रूपमा राम्रो प्रतिफल दिएका छन् ।

बजारमा उपलब्ध लगानीका विकल्पहरूभन्दा फरक भएकाले यस योजनाको ‘रिस्क/रिटर्न प्रोफाइल’ पनि फरक हुँदा यस योजनामा लगानी गरी आफ्नो समग्र पोर्टफोलियोको विविधीकरण गरी समग्र पोर्टफोलियोको जोखिम कम गर्न सकिन्छ ।

यस योजना दोस्रो बजारमा सूचीकरण हुने भएकाले यसमा गरिएको लगानीलाई जुनसुकै बेला दोस्रो बजारमा कायम रहेको मूल्यमा कारोबार गरी सजिलै नगदमा परिणत गर्न सकिन्छ । यी कारणले कम

**यो योजनाले औसतमा १४ दशमलव ६ प्रतिशत प्रतिफल दिने प्रक्षेपण गरिएको छ ।**

**शेयर बजारको उतारचढाव हुँदा पनि हाईब्रिड योजनाले राम्रै प्रदर्शन गर्दछ ।**

जोखिममा लगानी खोज्ने लगानीकर्ताका लागि एनएमबि हाईब्रिड फण्ड एल-२ उत्कृष्ट लगानी हुन सक्छ ।

एनएमबि हाईब्रिड फण्ड एल-२ को पहिलो वर्ष लगानी वर्षको रूपमा प्रक्षेपण गरिएको छ । यस अवधिमा योजनाको रकम लगानी गरिनेछ । त्यसपछि निरन्तर रूपमा आठ वर्षमा कुल ११० प्रतिशत नगद लाभांश दिन सकिने र अन्तिम वर्षमा ७७ दशमलव ४ प्रतिशत पूँजीगत लाभसहित प्रतिइकाई रू १७.७४ फिर्ता गर्न सकिने प्रक्षेपण गरिएको छ । समग्रमा यो योजनाले औसतमा १४ दशमलव ६ प्रतिशत प्रतिफल दिने प्रक्षेपण गरिएको छ । यद्यपि भविष्यमा दिने यस्तो लाभांश र प्रतिफल बजारको परिस्थितिले प्रक्षेपितभन्दा फरक हुन सक्छ ।

**यसअघि एनएमबि क्यापिटल अन्तर्गत कतिओटा म्युचुअल फण्ड सञ्चालनमा छन । ती फण्डहरूको अवस्था कस्तो छ ?**

एनएमबि म्युचुअल फण्ड अन्तर्गत हाल तीन योजना सञ्चालनमा छन् । हाम्रो सबै योजनाहरू भिन्न बजार परिस्थितिमा योजनाबद्ध रूपले कार्यान्वयन गर्न ल्याइएका योजना हुन् । एनएमबि फिफ्टी- एनएमबि म्युचुअल फण्ड अन्तर्गतको तेस्रो म्युचुअल फण्ड योजना हो । यस योजनाको नामअनुरूप नै यस योजनाले नेपाल स्टक एक्सचेञ्जमा उत्कृष्ट प्रदर्शन गर्ने ५० वा सोभन्दा कम शेयरहरू आफ्नो पोर्टफोलियोमा समावेश गर्दछ । यस योजना एउटा ‘ग्रोथ स्किम- फोकस्ड इन मेक्सिमाइजिङ इक्विटी रिटर्न’ प्रकारको योजना रहेकाले योजनाको प्राथमिक उद्देश्य बजारमा अवमूल्यन भएका र पूँजी लाभको सम्भावना प्रदर्शित गर्ने कम्पनीहरूमा लगानी गरी उच्चतम प्रतिफल हासिल गर्ने रहेको छ । २०८१ पुस १९ गते योजनाको खुद सम्पत्ति मूल्य (एनएभि) ११ रुपैयाँ २१ पैसा कायम छ । योजनाको इकाई बाँडफाँट हुँदा ११९६ विन्दु रहेको नेप्से सूचकांकमा ११६ प्रतिशत वृद्धि भई २०८१ पुस १९ गते २५८६ विन्दु कायम भएको छ भने सोही अवधिमा योजनाको खुद सम्पत्ति मूल्य (लाभांश समायोजन सहित)मा १०३ प्रतिशतले बढेको छ । विगतका वर्षहरू आव २०७६/७७, आव २०७७/७८, आव २०७८/७९, आव २०७९/८०, आव २०८०/८१ मा क्रमश: ५ प्रतिशत, ३० प्रतिशत, २१ प्रतिशत, १५ प्रतिशत र १५ प्रतिशत नगद लाभांश वितरण गरिसकेको छ ।

एनएमबि म्युचुअल फण्ड अन्तर्गत चौथो म्युचुअल फण्ड योजना र प्रथम खुलामुखी योजना- एनएमबि सरल बचत फण्ड-ई रहेको छ । यस योजना पनि ग्रोथ स्किम प्रकारको योजना रहेकाले मुख्यत: लगानी इक्विटीमा छ । यस योजनाको प्राथमिक उद्देश्य बजारमा अवमूल्यन भएका शेयरहरूमा लगानी गरी सो शेयरहरूको मूल्यमा भ्यालू प्रदर्शित नभएसम्म होल्ड गरी उच्चतम प्रतिफल हासिल गर्ने रहेको छ । यो योजना खुलामुखी योजना भएकाले निरन्तर चलिरहने र बजारमा रहने अस्थायी अस्थिरताको प्रभाव हटाई दीर्घकालीन प्रतिबद्धतामा फोकस गर्ने रहेको छ । यस योजनाको २०८१ पुस १९ गते खुद सम्पत्ति मूल्य (एनएभि) १० रुपैयाँ ३३ पैसा कायम छ । योजनाको इकाई बाँडफाँट हुँदा २७१२.०७ विन्दु रहेको नेप्से सूचांकमा ५ प्रतिशतको कमी आई २०८१ पुस १९ गते २५८६.२३ विन्दु कायम भएको छ भने सोही अवधिमा योजनाको खुद सम्पत्ति मूल्य (एनएभि) मा ३ प्रतिशतले वृद्धि भएको छ ।

एनएमबि सुलभ इन्भेष्टमेन्ट फण्ड-२ एक इक्विटीमा लगानी गर्ने फण्ड हो, जसले सूचीकृत कम्पनीहरूमध्ये अध्ययनबाट देखिएको उत्कृष्ट प्रतिफल दिने कम्पनीहरूमा उचित मूल्यमा लगानी गर्छ । आर्जित प्रतिफलबाट यस कोषको लगानीकर्तालाई क्रमिक लाभांश प्रदान गर्ने तथा बाँकी प्रतिफललाई पुन: लगानी गरी योजना परिपक्व हुने समयमा आकर्षक प्रतिफल सहित एकमुष्ट रकम फिर्ता गर्ने उद्देश्य लिएको छ । २०८१ पुस १९ गते योजनाको खुद सम्पत्ति मूल्य (एनएभि) १२ रुपैयाँ ०७ पैसा कायम रहेको छ । योजनाको इकाई बाँडफाँट हुँदा १९९५.३४ विन्दु रहेको नेप्से सूचकांकमा ३० प्रतिशतको वृद्धि भई २०८१ पुस १९ गते २५८६.२३ विन्दु कायम भएको छ भने सोही अवधिमा योजनाको खुद सम्पत्ति मूल्य (लाभांश समायोजनसहित) मा ३१ प्रतिशतले वृद्धि भएको छ । योजनाले आव २०८०/८१ मा १० प्रतिशत नगद लाभांश वितरण गरिसकेको छ ।

यस १० वर्षको म्युचुअल फण्ड सञ्चालनको अवधिमा एनएमबि म्युचुअल फण्डले वार्षिक प्रतिफल १४ दशमलव ५ प्रतिशत हासिल गर्न सफल भएको छ भने सोही अवधिमा पूँजी बजार र समग्र म्युचुअल फण्डहरूले क्रमश: १० दशमलव ६ प्रतिशत र औसत १२ दशमलव ६ प्रतिशत प्रतिफल हासिल गरेको छ ।

**एनएमबि क्यापिटलले यसअघि पनि बन्दमुखी र खुलामुखी प्रकृतिका योजना सञ्चालन गरिरहँदा थप योजना किन आवश्यक ठान्यो ?**

एनएमबि क्यापिटलले हाल तीन योजना सञ्चालन गरिरहेको छ । एनएमबि फिफ्टी, एनएमबि सुलभ इन्भेष्टमेन्ट फण्ड-२ र एनएमबि सरल बचत फण्ड-ई तीनओटै इक्विटी फण्ड हुन्, जसले आफ्नो अधिकांश लगानी इक्विटीमा गर्ने उद्देश्य रहेको हुन्छ । हाल बजारमा सञ्चालनमा रहेका ४४ मध्ये ४३ ओटा इक्विटी फण्ड नै हुन् । निष्कासन हुने एनएमबि हाईब्रिड फण्ड एल-२ एक फरकखाले योजना हो, जसले फरक खाले लगानीकर्ताहरूलाई आकर्षित गर्दछ । सामान्यतया इक्विटी फण्डमा तुलनात्मक रूपमा प्रतिफल तथा जोखिम पनि बढी हुने भएकाले सो अनुसार जोखिम लिन नचाहने लगानीकर्तालाई इक्विटी फण्ड उचित नहुन सक्छ । यस्ता लगानीकर्तालाई लक्षित गरी एनएमबि हाईब्रिड फण्ड एल-२ माघ २४ गतेदेखि निष्कासन गर्न लागेका हौं ।

यसैगरी एनएमबि क्यापिटलले व्यवस्थापन गरेको पहिलो हाईब्रिड फण्ड एनएमबि हाईब्रिड फण्ड एल-१ २०८० कात्तिकमा परिपक्व भयो । ७ वर्ष सञ्चालनमा उक्त योजनाले आफ्ना लगानीकर्तालाई समग्र बजारभन्दा बढी प्रतिफल दिन सफल भयो । उक्त योजनाको सफलताले एनएमबि हाईब्रिड फण्ड एल-१ कै दोस्रो संस्करणको रूपमा एनएमबि हाईब्रिड फण्ड एल-२ ल्याउन आवश्यक देख्यौं ।

**योजना व्यवस्थापनलाई बलियो बनाउन क्यापिटलले कस्तो टिमको विकास गरेको छ ?**

एनएमबि क्यापिटलले शुरुआतदेखि नै बलियो टिम निर्माणलाई प्राथमिकतामा राखेको छ । हालमा यस क्षेत्र अझ बढी प्रतिस्पर्धात्मक बन्दै गएको र यसै क्षेत्रमा करियर बनाउन इच्छुक व्यक्तिको संख्या पनि तुलनात्मक रूपमा बढेकाले टिमको विकासका लागि कम्पनीले थप अवसर प्रदान गरिरहेको छ । प्रथमत: अनुशासित र विवेकपूर्ण लगानी नै उच्च प्रतिफलका लागि अपरिहार्य दुई पाटा हुन् भन्ने एनएमबि क्यापिटल लिमिटेडको विश्वास छ । टिमको अनुसन्धान र विश्लेषणात्मक शीपका साथै लगानी रणनीतिको विकासका लागि बैठक बसेर पूँजीबजारको विद्यमान अवस्था, यसको प्रवृत्ति र प्रकृति तथा बजार संरचनाको गहिरो अध्ययन, अनुसन्धान तथा विश्लेषण, आर्थिक सूचकहरूको अध्ययन, नीति नियममा परिवर्तन, अर्थव्यवस्थाबारे छलफल भइरहन्छ ।

*यस अन्तरवार्ताको विस्तृत अंशका लागि abhiyandaily.com मा जान सक्नुहुनेछ ।*


**श्रीगणेश बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**
प्रयागपोखरी, ललितपुर महानगरपालिका-१२

**कर्जा नतिर्ने ऋणीको धितो लिलामीको ३५ दिने सार्वजनिक सूचना**

**सूचना प्रकाशित मिति २०८१।१०।२४ बिहिबार, आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिका**

यस संस्थाका तपसिलमा उल्लिखित ऋणीको मिति २०७८।१०।२४ मा देहान्त भैसकेको आधिकारिक जानकारी प्राप्त हुन आएकोले निज मृतक सदस्यको नाममा रहेको शेयर रकम, निक्षेप रकम र निजले यस संस्थाबाट आफ्नो नामको एकलौटी स्वामित्वको जग्गा हाल महाङ्काल गाउँपालिका वडा नं. ३ साविक गोटिखेल गाउँ बिकास समिति वडा नं.१घ स्थित कित्ता नं. ४, क्षेत्रफल ७-८-०-० भएको जग्गा धितो बन्धक राखी कर्जा उपभोग गरिराखेकोमा निजको मृत्यु पश्चात उक्त शेयर रकम, निक्षेप रकम तथा कर्जा रकममा कोही कसैले हकदावी गर्न नआएको हुनाले मिति २०८१।०३।१८ गते आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा ३५(पैतिस) दिन भित्र हकदावी गर्न आउन सार्वजनिक सूचना प्रकाशित गर्दा पनि कोही कसैले हकदावी गर्न नआएकोले सम्बन्धित हकदारहरुले कर्जा चुक्ता गर्न आउन मिति २०८१।०४।३१ गते ३५(पैतिस) दिने र मिति २०८१।६।१४ गते १५ (पन्ध्र) दिने नयाँ पत्रिकामा (राष्ट्रिय दैनिक) सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सो अवधि भित्र संस्थामा ऋणीले बुझाउनु पर्ने साँवा, ब्याज समेत सम्पूर्ण रकम चुक्ता गर्न नआएकोले ऋणीले कर्जा लिंदाका बखत संस्थाको नाममा दृष्टिबन्धक लिखत पारित गरिदिएको धितो लिलामीको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र संस्थाबाट लिएको कर्जाको सम्पूर्ण साँवा, ब्याज र हर्जाना समेत ऋणीका तर्फबाट निजका हकदारहरु समेतले चुक्ता गर्नुहोला, अन्यथा ३६ औं दिनको १४:०० बजे (सो दिन बिदा परेमा भोलीपल्ट) सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ तथा संस्थाको विनियमावली बमोजिम ऋणीले कर्जा लिंदाका बखत लेखिदिएको तपसिल बमोजिमको धितो जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा लिलाम बढाबढ गरी बिक्री गरिनेछ, सो धितो लिलाम सकार गर्ने व्यक्तिले सकार गरेको मुल्यको १०% प्रतिशत रकम नगदै धरौटी राख्नु पर्ने छ र बाँकी ९०% प्रतिशत रकम लिलाम स्वीकृत भएको जानकारी पाएको मितिले १५ दिन भित्र संस्थामा बुझाउनु पर्नेछ, सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी बापत राखेको रकम जफत गरिनेछ । सकार गरिएको धितो नामसारी दाखेल खारेज गर्दा लाग्ने सम्पूर्ण खर्च सकार गर्ने व्यक्तिले नै तिर्नु पर्नेछ । धितो लिलाम बिक्री गर्ने वा नगर्ने वा एकमुष्ट वा छुट्टाछुट्टै गरी बिक्री गर्ने सम्पूर्ण अधिकार संस्थामा निहित रहनेछ, धितो लिलाम बढाबढमा कोही भाग लिन नआएमा उक्त धितो संस्था आफैले सकार गरी लिन सक्नेछ, कथंकदाचित सो धितोबाट संस्थाको लेना रकम असुल उपर हुन नसकेमा लेना बाँकी रकम निज ऋणी तथा ऋणीका एकाघर परिवार समेतको नाउँमा रहेको चल अचल सम्पत्तिबाट समेत असुल उपर गरिने व्यहोरा सम्बन्धित ऋणीलाई यसै सूचना मार्फत जानकारी गराइन्छ ।

**तपसिल**

| ऋणीको विवरण | फोटो | धितोको विवरण | |
|---|---|---|---|
| **१.ऋणीको नाम :अष्टनारायण घलान**<br>ठेगाना : ललितपुर जिल्ला, महाङ्काल गाउँपालिका वडा नं.३<br>(साविक गोटीखेल गा.बि.स.वडा नं. १)<br>बाबुको नाम : अक्कल बहादुर घलान<br>बाजेको नाम : दलविर घलान<br>ना.प्र.नं. : ९।१९५९<br>मिति : २०४५।०१।०८ जि.प्र.का., ललितपुर । |  | १.ऋणी अष्टनारायण घलानको नाममा मालपोत कार्यालय ललितपुरमा श्रेष्ता कायम रहेको जग्गा ललितपुर जिल्ला, महाङ्काल गाउँपालिका वडा नं.३ (साविक गोटीखेल गा.बि.स.वडा नं.१घ) कि.नं. ४ क्षेत्रफल ७-८-०-० (३,८१५.५५ व.मी) | सांवा रु.५,००,०००/- ब्याज, हर्जना ब्याज र अन्य दस्तुर समेत (२०८१ साल माघ २२ गते सम्म) रु ११,५०,९९७४५ (अक्षेरेपी एघार लाख पचास हजार नौ सय सन्तानब्बे र पैसा पैतालीस) मात्र । |

धितोपत्र सम्बन्धी ऐन, २०६३ र सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डमा दर्ता भएको

**NMB MUTUAL FUND**
**एनएमबि म्युचुअल फण्ड**

**एनएमबि म्युचुअल फण्ड अन्तर्गत सञ्चालन हुने**

**एनएमबि हाईब्रिड फण्ड एल- २**
**(NMB HYBRID Fund L – II)**

NMB HYBRID Fund L-II

(बन्दमुखी योजना)
को

**इकाई सार्वजनिक निष्काशन तथा बिक्री खुल्ला बारेको सूचना**

एनएमबि हाईब्रिड फण्ड एल -२ (NMB HYBRID Fund L-II) को प्रति इकाई अंकित मूल्य रु.१०/- दरको रु.१,२०,००,००,०००/-(अक्षेरेपी एक अर्ब बीस करोड रुपैयाँ मात्र) बराबरको १२,००,००,००० (बाह्र करोड) इकाई मध्ये १४ प्रतिशत इकाई अर्थात १,६८,००,००० (एक करोड अठसठ्ठी लाख) कोष प्रवर्द्धक कम्पनी एनएमबि बैंक लिमिटेड तथा १ प्रतिशत इकाई अर्थात १२,००,००० (बाह्र लाख) योजना व्यवस्थापक कम्पनी एनएमबि क्यापिटल लिमिटेडले लगानी गर्ने गरी जम्मा १,८०,००,००० (एक करोड अस्सी लाख) इकाई बीज पूँजी बाहेक बाँकी रहेको १०,२०,००,००० (दश करोड बीस लाख) इकाई **आज मिति २०८१ माघ २४ गते बिहीबार** देखि सार्वजनिक रुपमा निष्काशन तथा बिक्री खुल्ला गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| दरखास्त दिनुपर्ने न्यूनतम इकाई संख्या | १०० इकाई | दरखास्त दिन पाउने अधिकतम इकाई संख्या | १,२०,००,००० इकाई |
|---|---|---|---|

| क्र.सं. | विवरण पुस्तिका हेर्न तथा प्राप्त गर्न सकिने स्थानहरु : |
|---|---|
| १. | एनएमबि क्यापिटल लिमिटेड, बालुवाटार, काठमाडौं र वेबसाइट : www.nmbcl.com.np<br>सम्पर्क नम्बर : ०१-४५३७९६३ |
| २. | नेपाल धितोपत्र बोर्डको वेबसाइट : www.sebon.gov.np बाट समेत हेर्न सकिनेछ। |

| क्र.सं. | दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान : |
|---|---|
| १. | नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्बा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सि-आस्बा (ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ। |

| इकाई बिक्री बन्द हुने मिति (छिटोमा) | २०८१/१०/२८ (बैंकिङ्ग समय पश्चात्) |
|---|---|
| इकाई बिक्री बन्द हुने मिति (ढिलोमा) | २०८१/११/०८ (बैंकिङ्ग समय पश्चात्) |

लगानीकर्ताले यस सार्वजनिक निष्काशनमा लिखित वा विद्युतिय माध्यमबाट आवेदन दिंदा लगानीमा जोखिम हुन सक्ने भएकोले अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरण पुस्तिका पढी आफ्नो स्व: विवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।

**यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि मिति २०८१ माघ ०८ गतेको “अभियान” राष्ट्रिय दैनिकमा प्रकाशित आह्वान-पत्र वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनएमबि क्यापिटल लिमिटेडको वेबसाइट: www.nmbcl.com.np मा हेर्नुहुन अनुरोध गर्दछौं ।**

कोष प्रवर्द्धक :
**NMB BANK**
**एनएमबि बैंक**
एनएमबि भवन, बबरमहल, काठमाडौं
फोन: ५२४६९६०, फ्याक्स: ५२४६१५६
इमेल: info@nmb.com.np, वेबसाइट: www.nmb.com.np

योजना व्यवस्थापक (धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक)
**NMB CAPITAL**
**एनएमबि क्यापिटल**
**एनएमबि क्यापिटल लिमिटेड**
बालुवाटार, काठमाडौं
फोन नं.: ०१-४५३७९६३
इमेल: info@nmbcl.com.np
वेबसाइट: www.nmbcl.com.np

न्यू बिजनेश एज लि.द्वारा प्रकाशित   प्रधान सम्पादक : मदन लम्साल   सम्पादकीय निर्देशक : केशव गौतम   कार्यकारी सम्पादक : पृथ्वीमान श्रेष्ठ   पाञ्चायनमार्ग, थापाथली, काठमाडौं   पो.ब.नं. १४१९७, फोन-०१-५३६७७१७   इमेल : editorial@abhiyan.com.np   मुद्रक : समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर